२५३

# भक्तपुर मासिक

Bhaktapur Monthly फागुन २०७४



## बुद्ध नेपालमा जन्मेको सन्देश दिन सगरमाथाको आरोहण




## अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिता सम्पन्न

- 'महान् शहीदहरूको सम्मानमा भलिबल प्रतियोगिता'
- राजा यक्ष मल्लको विजय अभियान
- भोलाछेंको नारायण पाटी
- राजनीतिज्ञहरू इमानदार नभएसम्म देशको विकास हुन्न
- नपाले विद्यार्थीहरूलाई देश र जनताको सेवामा लाग्न उत्साहित गरिरहेको छ
- भक्तपुर नगरपालिकाका गतिविधिहरू

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

हेल्लो भक्तपुर नगरपालिका

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #% ★ cÆ $ ★ g]; ⫩!#* ★ lj÷; ⫩@)&$ kmfug ★ A.D.2018

कार्यालय : कमलविनायक (पुरानो जनस्वास्थ्य भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक :

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रू. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## Pp6f tl:a/

भक्तपुर लायकुस्थित लुँहीटीको अवस्था कुनै बेला यस्तो थियो । तर आज अवलोकन लायक भएको छ ।



(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## ‘अन्धविश्वास पागलपनको दोस्रो नाम हो ।’ – ऐनी बर्सेन्ट

# यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नपाद्वारा आयोजित अन्तर नगर मेयर कप भलिबल प्रतियोगिता सम्पन्न | – | ३ |
| २) | स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी शिक्षकहरूको कार्यशाला | – | २३ |
| ३) | महान् शहीदहरूको सम्झनामा भलिबल प्रतियोगिता-प्रमुख सुनिल प्रजापति | – | २९ |
| ४) | स्थानीय पाठ्यक्रम निर्माणबारे कार्यशाला गोष्ठी | – | ३० |
| ५) | अमर शहीदहरूमा श्रद्धाञ्जली | – | ३२ |
| ६) | भक्तपुर नपाद्वारा होली पर्वमा विकृतिविरुद्ध सचेतना र्‍याली | – | ३३ |
| ७) | चिनियाँ प्रतिनिधिमण्डललाई भक्तपुरमा स्वागत | – | ३५ |
| ८) | ‘भक्तपुर नगर र ताली प्रिफेक्चर दुवै प्राचीन शहर’ | सुनिल प्रजापति | ३६ |
| ९) | ‘भक्तपुर मित्रताको प्रतीक’ | छन चियन | ३७ |
| १०) | इन्द्रायणी परिसरमा सरसफाइ | – | ३९ |
| ११) | अपाङ्गताबारे जनप्रतिनिधि र सरोकारवालाबीच अन्तरक्रिया | – | ४० |
| १२) | छाडा कुकुरको बन्ध्याकरण र रेबिजविरुद्धको खोप दिइयो | – | ४१ |
| १३) | ढुङ्गा छपाइ निरीक्षण गर्न अनुगमन समिति गठन | – | ४२ |
| १४) | ‘जनतालाई शुद्ध पानी खुवाउनु राज्यको दायित्व हो’ | प्रमुख प्रजापति | ४३ |
| १५) | भक्तपुर नपामा कीर्तिपुर नगरपालिकाको प्रमण्डल | – | ४४ |
| १६) | शहीद स्मृति खेल मैदानमा सरसफाइ | – | ४५ |
| १७) | भक्तपुरमा बन्दिपुर गाउँपालिकाको प्रतिनिधि मण्डल | – | ४६ |
| १८) | ख्वप शिक्षालयहरूको वार्षिकोत्सव सम्पन्न | – | ४७ |
| १९) | ‘नपाले विद्यार्थीहरूलाई देश र जनताको सेवामा लाग्न उत्साहित गरिरहेको छ’ | प्रमुख प्रजापति | ४८ |
| २०) | ‘राजनीतिज्ञहरू इमानदार नभएसम्म देश विकास हुन्न’ | – | ४९ |
| २१) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ५० |
| २२) | वडाध्यक्ष परिचय : रविन्द्र ज्याख्व | – | ५४ |
| २३) | प्रधान मन्त्रीमा ओली | – | ५५ |
| २४) | भक्तपुर भोलाछें टोलको नारायण पाटी | ओम धौभडेल | ५६ |
| २५) | नागरिक भावना : सन्तान | हेमन्त | ६० |
| २६) | बुद्ध नेपालमा जन्मेको सन्देश दिन सगरमाथाको आरोहण | बन्दिता | ६१ |
| २७) | राजा यक्षमल्लको विजय अभियान... | सह प्रा.डा. बलराम कायस्थ | ६३ |
| २८) | SKETCHES FROM NIPAL (22) | Henry Ambrose Oldfield | ६८ |
| २९) | भक्तपुर नपाको द्रुततर क्रियाशिलता (सम्पादकको पृष्ठ) | – | ७२ |


**साथमा**


हनुमन्तेको बहाव रोकिने भएपछि निर्माण रोक्का -३१/ संघीय नेपालका प्रदेशहरु-एक झलक- ३८/‘मेयर कप’ भलिबल सफल पार्न कर्मचारी भेला-४२/ कलाकारहरुको मागप्रति नपा गम्भीर-४४/बसिबियाँलो-५५/ जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ-५९/ तपाईंको भान्सा : स्ट्रबेरीका फाइदा-६७/ चिनियाँ नीतिकथा : चलाख स्याल-६७/ तस्बिरमा केही गतिविधि-६९/ नेपालको संविधान २०७२, भाग-२२, महालेखा परीक्षक (२९)-७०/ माघ महिनाको पर्यटक तथ्याङ्क-७१।

# भक्तपुर नपाद्वारा आयोजित अन्तर नगर मेयर कप भलिबल प्रतियोगिता सम्पन्न

## राष्ट्रियता, स्वातन्त्रता र स्वाधीनता रक्षाको लागि खेलकुद

भक्तपुर गनरपालिकाले आयोजना गरेको अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिता २०७४ को समुद्घाटन एक समारोहबीच नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले गर्नुभयो ।

प्रमुख अतिथि बिजुक्छेंले शहीद स्मृति खेल मैदानमा आयोजित कार्यक्रममा कलात्मक पानसमा दीप प्रज्वलन गरी प्रतियोगिताको समुद्घाटन गर्नुभयो ।

प्रमुख अतिथि नारायणमान विजुक्छें (रोहित) ले अनुशासन र मित्रता खेलकुदले अगाडि बढाउने बताउँदै नगरपालिकाले युवाहरूलाई अनुशासित बनाउन खेलकुदमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले राष्ट्रियता, स्वतन्त्रता र स्वाधीनता रक्षाको लागि खेलकुदले महत्त्वपूर्ण भूमिका निभाउने बताउनुभयो । उहाँले सरकारले राम्रोसँग काम गरेको भए आलोचना गर्ने ठाउँ नहुने बताउनुभयो । उहाँले खेलाडीहरूले देश र जनताको निःस्वार्थ रूपमा सेवा गरे देश अगाडि बढ्ने बताउनुभयो । भक्तपुर र भक्तपुरका जनताबाट जुन विश्वास जित्न सफल भएको हो त्यो कर्तव्य पूरा गर्नुपर्ने बताउनुभयो । उहाँले विभिन्न नगरपालिकाबाट आएका खेलाडीहरू बीच मित्रता बढाई खेलाडीहरूलाई यथोचित व्यवस्था गर्नु पर्ने बताउँदै खेलकुद प्रतियोगिता पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा प्रदेश सभा सदस्य सुरेन्दराज गोसाईंले २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त प्रजातन्त्र र गणतन्त्र बास्तविक प्रजातन्त्र नभएकोले त्यसको निम्ति संघर्ष अगाडि बढाउनु पर्ने बताउनुभयो । स्वाधीनता र स्वतन्त्रताको लागि युवाहरू राजनीतिक रूपले सचेत र सङ्गठित हुनुपर्नेमा वहाँले जोड दिनुभयो ।

समुद्घाटन समारोहका सभापति भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले युवाहरूलाई अनुशासित र असल नागरिक तयार गर्न खेलकुदमा जोड दिएको बताउँदै शहीदको योगदानबाट प्राप्त बहुदलीय प्रजातन्त्रको जगमा टेकेर गणतन्त्र प्राप्त भएकोले शहीदको सम्मानमा यो खेलकुद प्रतियोगिता आयोजना गरेको बताउनुभयो । उहाँले सरकारमा जाने पार्टीहरू भागबन्डा र पार्टीको स्वार्थमा काम गर्ने र नेताहरू ऐश आरामको जीवन बिताई उपचारको लागि राज्यकोषबाट खर्च लिई विदेश जाने गरेकोले जनतामा निराशा छाएको साथै विदेशमा हुने प्रतियोगितामा राम्रो खेलाडीभन्दा आफ्नो मान्छे पठाउने र देशको नाम राख्नुभन्दा घुमेर आउने गरेको बताउनुभयो । उहाँले संघीयताको अभ्यास अगाडि बढेको बताउँदै विगतमा जनप्रतिनिधिहरूको रिक्तता



प्रमुख अतिथि नारायणमान बिजुक्छें अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिता २०७४ को समुद्घाटन गर्नुहुँदै



कार्यक्रममा बोल्नुहुँदै नारायणमान बिजुक्छें, सुरेन्द्रराज गोसाई, सुनिल प्रजापति र चिन्तन तामाङ

सँगै खेलकुद २५/३० वर्ष पछाडि परेकोले नयाँ नयाँ खेलाडी तयार गर्न खेलकुद प्रशिक्षणका साथै निर्वाचित भइसकेपछि जनतालाई दिएको प्रतिबद्धता र घोषणापत्रअनुसार नगरव्यापी अन्तर विद्यालय खेलकुद र अन्तर नगर खेलकुद प्रतियोगिता गरेको बताउनुभयो ।

कार्यक्रममा धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङले भक्तपुर ऐतिहासिक एवं सांस्कृतिक नगर, बुद्धिजीवि र चिन्तकहरूको थलो भक्तपुरका जनताप्रति उत्तरदायि नगरपालिका हो भन्नुभयो । उहाँले खेलले भाइचारा सम्बन्ध विकास गर्न महत्त्वपूर्ण हुने बताउँदै भक्तपुरका चिन्तक राजनीतिज्ञहरूको शिक्षामा हिंडे देशको कायापलट हुने बताउनु भयो ।

कार्यक्रममा नेपाल भलिबल संघका अध्यक्ष मनोरञ्जक रमन शर्माले जसले हल्ला गर्छ उसले काम गर्दैन र जसले काम गर्छ उसले हल्ला गर्दैन भने जस्तै एउटा बैठकमा छलफल भएको विषय तत्काल यति छिटो प्रतियोगिता होला भन्ने नसोचेको बताउनुभयो । उहाँले भक्तपुर कार्यमुखी भएको बताउँदै राष्ट्रिय खेल भलिबल घोषणा गरेर राज्य सुतेर बसेको बताउनुभयो ।

कार्यक्रममा वडा नं ७ का वडाध्यक्ष उकेश कवाँले

## अन्तर नगर मेयर कप भलिबल प्रतियोगितामा सहभागी नगरपालिकाहरू

१. हेटौंडा उपमहानगरपालिका, मकवानपुर
२. ललितपुर महानगरपालिका, ललितपुर
३. पोखरा लेखनाथ महानगरपालिका, कास्की
४. वीरगञ्ज महानगरपालिका, पर्सा
५. जनकपुर उपमहानगरपालिका, जनकपुर
६. थाहा नगरपालिका, मकवानपुर
७. भोजपुर नगरपालिका, भोजपुर
८. धुलिखेल नगरपालिका, काभ्रे
९. पनौति नगरपालिका, काभ्रे
१०. मध्यपुर थिमि नगरपालिका, भक्तपुर
११. रामग्राम नगरपालिका, नवलपरासी
१२. बनेपा नगरपालिका, काभ्रे
१३. भक्तपुर नगरपालिका, भक्तपुर
१४. सूर्यविनायक नगरपालिका, भक्तपुर
१५. धनकुटा नगरपालिका, धनकुटा
१६. तिलोत्तमा नगरपालिका, रूपन्देही
१७. रामधुनी भासी नगरपालिका, सुनसरी
१८. गोदावरी नगरपालिका, कैलाली
१९. गोदावरी नगरपालिका, ललितपुर
२०. बुढानीलकण्ठ नगरपालिका, काठमाडौं
२१. कीर्तिपुर नगरपालिका, काठमाडौं

### समूह विभाजन

**समूह क**
१. बनेपा नगरपालिका
२. गोदावरी नपा, ललितपुर
३. रामधुनी नगरपालिका

**समूह ख**
१. ललितपुर मनपा
२. पनौती नगरपालिका
३. तिलोत्तमा नगरपालिका

**समूह ग**
१. थाहा नगरपालिका
२. धुलिखेल नगरपालिका
३. जनकपुरधाम उपमनपा

**समूह घ**
१. हेटौडा उपमनपा
२. मध्यपुर नगरपालिका
३. गोदावरी नपा, कैलाली

**समूह ङ**
१. भक्तपुर नगरपालिका
२. कीर्तिपुर नगरपालिका
३. वीरगञ्ज महानगरपालिका

**समूह च**
१. धनकुटा नगरपालिका
२. बुढानीलकण्ठ नगरपालिका

**समूह छ**
१. रामग्राम नगरपालिका
२. सूर्यविनायक नगरपालिका

**समूह ज**
१. पोखरा लेखनाथ मनपा
२. भोजपुर नगरपालिका

### प्रतियोगिताका लागि खेल मैदान

कोर्ट नं. १ – शहीद स्मृति खेल मैदान, नःपुखु
कोर्ट नं. २ – श्री पद्म मावि, खौमा र
कोर्ट नं. ३ – ख्वप कलेज, देकोचा



कार्यक्रममा बोल्नुहुँदै मनोरञ्जक रमन शर्मा, श्यामकृष्ण खत्री, हरिप्रसाद बासुकला र उकेश कवां

धन्यवाद र वडा नं १ का वडाध्यक्ष श्याम खत्रीले स्वागत मन्तव्य दिनुभएको थियो भने वडा नं २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले संचालन गर्नुभएको थियो ।

उद्घाटनको क्रममा कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेंले भलिबलका अन्तर्राष्ट्रिय रेफ्री गौतम लासिवालाई भलिबल हस्तान्तरण गर्नुभएको थियो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय रेफ्री लासिवा र खेलाडीहरूको तर्फबाट सत्यराम न्हिसुतुले शपथग्रहण गर्नुभएको थियो ।

उद्घाटन स्थलमा वडा नं. ९ को पासा पुचःको लाखेनाच र वडा नं. ५ को माक प्याखँ (बाँदर नाच) प्रस्तुत गरिएको थियो ।

त्यस अघि दत्तात्रयबाट समुद्घाटन ऱ्याली नगर परिक्रममा गरी शहीद स्मृति खेल मैदानमा पुगेको थियो । ऱ्यालीको शुरुमा वडाध्यक्ष रविन्द्र ज्याख्व र कुमार चवालले भेलालाई सम्बोधान गर्नुभएको थियो ।

ऱ्यालीमा विभिन्न सामुदायिक तथा संस्थागत विद्यालय र कलेजका विद्यार्थी, शिक्षक–शिक्षिका, सामाजिक सङ्घ संस्था, साकोसको व्यापक सहभागिता थियो । त्यस्तै नपाका जनप्रतिनिधि, बुद्धिजीवी, व्यापारी, कर्मचारी, समाजसेवी, सुरक्षाकर्मी, खेलाडी तथा वाद्यवादनको टोली र नाचको सहभागिता थियो ।

**समुद्घाटन कार्यक्रम पछि** शहीद स्मृति खेल मैदान र पद्म मा वि खेल मैदानमा १२ वटा नगरपालिकाहरू बीच ६ वटा खेल सम्पन्न भयो । शहीद स्मृति खेल मैदानमा भएको उद्घाटन खेलमा हेटौंडा उपमहानगरपालिकालाई मध्यपुर थिमी नगरपालिकाले २५–१३, २३–२५, २२–२५ र २१–२५ अंकले पराजित गऱ्यो । सो खेलमा मध्यपुर थिमी





प्रमुख अतिथि बिजुक्छेंले भलिबलका अन्तर्राष्ट्रिय रेफ्री गौतम लासिवालाई भलिबल हस्तान्तरण गर्नुहुँदै

नगरपालिकाका राजु जयना उत्कृष्ट खेलाडी घोषित भए। त्यस्तै शहीद स्मृति खेल मैदान मै भएको दोश्रो खेलमा थाहा नगरपालिका २२–२५, २५–१८, २५–२१ र २५–१५ अंकले धुलिखेल नगरपालिका विरुद्ध विजयी भयो। सो खेलमा थाहा नगरपालिकाका बलराम सुवेदी उत्कृष्ट खेलाडी छनौट भए। तेश्रो खेल भक्तपुर नगरपालिकाले कीर्तिपुर नगरपालिकालाई २५–१२, २५–१३ र २५–१२ अंकले सोझो सेटमा पराजित गरी खेल आफ्नो पक्षमा पाऱ्यो। सो खेलमा भक्तपुर नगरपालिकाका देवान विक उत्कृष्ट खेलाडी छानिए।

त्यस्तै पद्म मा. वि. खेल मैदानमा भएको पहिलो खेलमा बनेपा नगरपालिकाले गोदावरी नगरपालिका, ललितपुरलाई २३–२५, २५–१७, २५–२० र २५–१८ अंकले पराजित गऱ्यो। सो खेलमा बनेपा नगरपालिकाका राजकिशोर दास थापा उत्कृष्ट खेलाडी छनौट भए। दोश्रो खेलमा ललितपुर महानगरपालिकाले पनौती नगरपालिका विरुद्ध २५–१८, २५–१८ र २५–१८ अंकले सोझो सेटमा जीत हासिल गऱ्यो। सो खेलमा ललितपुर महानरपालिकाका जर्सी नं ११ का खेलाडी कूलबहादुर थापा उत्कृष्ट खेलाडी घोषित भए। तेश्रो अत्यन्त प्रतिस्पर्धात्मक खेलमा बुढानीलकण्ठ नगरपालिकाले धनकुटा नगरपालिकाविरुद्ध २०–२५, २५–११, ३१–२९ र २५–१८ अंकले विजय प्राप्त गऱ्यो। सो खेलमा बुढानिलकण्ठ नगरपालिकाका सञ्जय बुढाथोकी उत्कृष्ट खेलाडी घोषित भए।

सबै उत्कृष्ट खेलाडीहरूलाई प्रत्येक खेल पश्चात पुरस्कृत गरिएको थियो।

## दोश्रो दिन (फागुन ४ गते)

अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिताको **दोश्रो दिन** शहीद स्मृति खेल मैदान, पद्म मा वि र ख्वप कलेजको खेल मैदानमा १९ वटा नगरपालिकाहरू बीच १० वटा खेलहरू सम्पन्न भयो। खेलको क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबाट रामधुनी नगरपालिका र हेटौंडा उपमहानगरपालिकालाई मायाको चिनो प्रदान गर्दै भक्तपुर नगरपालिकाले खेलकुदको माध्यमबाट मित्रता बढाउन यो खेल प्रतियोगिता सञ्चालन गरिएको जानकारी गर्दै भनपाको गतिविधिबारे जानकारी गराउनु भयो। युवा खेलकुद समितिका सदस्य उकेश कवांले भनपाले विभिन्न खेलकुद प्रशिक्षण गर्दै विभिन्न समयमा भनपाले विभिन्न प्रतियोगिताहरू सञ्चालन गर्दै आइरहेको जानकारी गराउनु भयो।

शहीद स्मृति खेल मैदानमा भएको पहिलो खेलमा गोदावरी नगरपालिका ललितपुरले रामधुनी नगरपालिकालाई २५–२१, २४–२६, २५–१५ र २५–२१ अंकले पराजित गऱ्यो। सो खेलमा गोदावरी नगरपालिकाका रोशन तामाङ उत्कृष्ट खेलाडी घोषित भए। शहीद स्मृति खेल मैदानमा हुनुपर्ने दोश्रो र तेश्रो खेल विपक्षीको अनुपस्थितिको कारण क्रमशः सूर्यविनायक नगरपालिका र भोजपुर नगरपालिकालाई विजयी

## नगर प्रमुख प्रजापतिसँग भलिबल खेलका टेक्निसियनहरूको भेटघाट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा तेश्रो दिनको भलिबल प्रतियोगिताको अन्तिम खेलपछि भलिबल खेलसँग सम्बन्धित विभिन्न टेक्निकल व्यक्तिहरूसँग छलफल गर्नुहुँदै खेलसँग सम्बन्धित सबै टेक्निकल व्यक्तिहरूलाई मार्गनिर्देशन गर्नुभयो। प्रमुख प्रजापतिबाट भक्तपुर नगरपालिका र नगरवासीहरूको तर्फबाट सबै टेक्निकल व्यक्तिहरूलाई धन्यबाद दिनुहुँदै सबैको सहयोग र साथले खेल सम्भव भएको विचार व्यक्त गर्नुभयो। प्रमुख प्रजापतिले प्रतियोगिता भव्यताका साथ सम्पन्न गर्न ९२ सदस्यीय मूल समिति गठन गरेको जानकारी गराउनु हुँदै खेल हारजीतको लागि भन्दा पनि नियमसँगत रूपमा खेल्न र खेलाउनको लागि निर्देशन दिनुभयो। भक्तपुर नगरपालिकाले जस्तै अन्य नगरपालिकाहरूले पनि खेलकुदको विकासको लागि विभिन्न किसिमका प्रतियोगिताहरू सञ्चालन गर्न यस प्रतियोगिताले प्रेरित गर्ने विचार राख्नुभयो। चालु अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिता सम्पन्न भएपछि प्रतियोगिताको सिंहावलोकन गर्ने र प्रतियोगिताको दौरानमा भएका कमी कमजोरीहरूबाट सिक्न सकिने उपस्थित सबैलाई जानकारी गराउनु भयो।

घोषित गरियो। सोही खेल मैदानमा भएको दोश्रो खेलमा बनेपा नगरपालिकाले रामधुनी नगरपालिकालाई २५–१०, २५–१४ र २५–१२ अंकले पराजित गऱ्यो। सो खेलमा बनेपा नगरपालिकाका डि. मल्ल उत्कृष्ट खेलाडी छनौट गरियो। अत्यन्त प्रतिस्पर्धात्मक तेश्रो खेलमा ललितपुर महानगरपालिकाले तिलोत्तमा नगरपालिकालाई २५–२२, २०–२५, २५–१८ र २५–२२ अंकले पन्छाई समूह ख को विजेता टिम बनी प्रिक्वाटर फाइनलमा प्रवेश गऱ्यो। सो खेलमा ललितपुर महानगरपालिकाका एम राना उत्कृष्ट खेलाडी छानिए।

त्यस्तै पद्म मा.वि. खेल मैदानमा भएको पहिलो खेलमा धुलिखेल नगरपालिकाविरुद्ध जनकपुरधाम उपमहानगरपालिका २३–२५, १८–२५ र २३–२५ अंकले विजयी भयो। सो खेलमा जनकपुरधाम उपमहानगरपालिकाका बेचन शाह उत्कृष्ट खेलाडी छनौट भए। दोश्रो खेलमा कीर्तिपुर नगरपालिकाले वीरगन्ज महानगरपालिकालाई २५–१४, ३१–२९ र २५–१६ अंकले पराजीत गऱ्यो। सो खेलमा कीर्तिपुर नगरपालिकाका सचिन हमाल उत्कृष्ट खेलाडी घोषित भए। तेश्रो खेलमा मध्यपुर नगरपालिकाविरुद्ध गोदावरी नगरपालिका कैलालीले १५–२५, १९–२५ र १९–२५ अंकले विजय प्राप्त गऱ्यो। सो खेलमा गोदावरी नगरपालिका कैलालीका तारा भट्ट उत्कृष्ट खेलाडी घोषित भए।

ख्वप कलेज खेल मैदान देकोचामा भएको पहिलो खेलमा पनौति नगरपालिकाविरुद्ध तिलोत्तमा नगरपालिकाले २५–१०, २५–१५, र २५–०५ अंकले सोझो सेटमा विजय प्राप्त गऱ्यो। सो खेलमा तिलोत्तमा नगरपालिकाका जर्सी नम्बर ६ का रेशम छन्त्याल उत्कृष्ट खेलाडी छानिए। दोश्रो खेलमा हेटौंडा उपमहानगरपालिकाविरुद्ध गोदावरी नगरपालिका कैलालीले १८–२५, १३–२५ र २०–२५ को अंकले सोझो सेटमा विजय हासिल गऱ्यो। सो खेलमा गोदावरी नगरपालिका कैलालीका टंक अवस्थी उत्कृष्ट खेलाडी घोषित भए। त्यस्तै ख्वप कलेजमै भएको तेश्रो खेलमा थाहा नगरपालिकाले जनपुरधाम उपमहानगरपालिकालाई २५–११, २६–२४ र २५–१९ अंकले पराजीत गऱ्यो सो खेलमा थाहा नगरपालिकाका सबिन कार्की उत्कृष्ट खेलाडी छनौट भए। अन्तिम खेलमा भक्तपुर नगरपालिकाले वीरगंज महानगरपालिकालाई २५–१५, २५–०९ र २५–१९ अंकले पराजित गऱ्यो। सो खेलमा भक्तपुर नगरपालिकाका विजयराज बस्नेतलाई उत्कृष्ट खेलाडी छनौट गऱ्यो। सबै उत्कृष्ट खेलाडीहरूलाई प्रत्येक खेल पश्चात पुरस्कृत गरिएको थियो।

८ वटा समूहमा विभाजन गरी लीग खेल सञ्चालन गरी समूह विजेता र उपविजेता प्रिक्वाटर फाइनलमा प्रवेश हुने व्यवस्थाअनुसार समह 'क' बाट बनेपा नगरपालिका विजेता र गोदावरी नगरपालिका ललितपुर उपविजेता, समूह 'ख' बाट ललितपुर महानगरपालिका विजेता र तिलोत्तमा नगरपालिका उपविजेता, समूह 'ग' बाट थाहा नगरपालिका विजेता र जनकपुरधाम उपमहानगरपालिका उपविजेता, समूह 'घ' बाट गोदावरी नगरपालिका कैलाली विजेता र मध्यपुर थिमी नगरपालिका उपविजेता गरी प्रिक्वाटर फाइनलमा प्रवेश गर्न सफल भयो। त्यस्तै समूह 'ङ' बाट भक्तपुर नगरपालिका विजेता र कीर्तिपुर नगरपालिका उपविजेता, समूह 'च' बाट बुढानिलकण्ठ नगरपालिका विजेता र धनकुटा नगरपालिका उपविजेता, समूह 'छ' बाट सूर्यविनायक नगरपालिका विजेता र समूह 'ज' बाट भोजपुर नगरपालिका विजेता भई प्रिक्वाटर फाइनलमा प्रवेश गर्न सफल भयो।

## तेश्रो दिन (फागुन ५ गते)

भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिताको **तेश्रो दिन** प्रिक्वाटर फाइनल चरणको सबै खेलहरू सम्पन्न भयो। प्रिक्वाटर फाइनलको भक्तपुर नगरपालिका र गोदावरी नगरपालिका बीच भएको खेलको उत्कृष्ट खेलाडी गोदावरी नगरपालिकाका तोरण मगरलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुरस्कार वितरण गर्दै आउँदा खेलहरूको लागि शुभकामना व्यक्त गर्नुभयो। त्यस्तै भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले धनकुटा नगरपालिका, जनकपुर उपमहानगरपालिका र वीरगंज महानगरपालिकाका प्रतिनिधिहरूलाई मायाको चिनो प्रदान गर्दै खेलकुद प्रतियोगिताहरूले आपसी विश्वास, समझदारी र सम्बन्ध विकासमा टेवा पुग्ने विचार व्यक्त गर्नुभयो।

प्रिक्वाटर फाइनल प्रतियोगिताका ८ वटा खेलहरू मध्ये शहीद स्मृति खेल मैदानमा भएको पहिलो खेलमा बनेपा नगरपालिकाले कीर्तिपुर नगरपालिकालाई २५–११, २५–७ र २५–१६ अंकले पराजित गरी क्वाटर फाइनल चरणमा प्रवेश गर्न सफल भयो। उक्त खेलमा बनेपा नगरपालिकाका जर्सी नम्बर ५ का प्रकाश थापा उत्कृष्ट खेलाडी छनौट भए। शहीद स्मृति खेल मैदान मै भएको दोश्रो खेलमा ललितपुर महानगरपालिकाले धनकुटा नगरपालिकालाई २५–२१, २५–२१ र २५–१८ अंकले पराजित गरी क्वाटर फाइनल चरणमा प्रवेश गऱ्यो। उक्त खेलमा ललितपुर महानगरपालिकाका जर्सी नं ११ का कूल बहादुर थापा उत्कृष्ट खेलाडी घोषित भए। शहीद स्मृति खेल मैदान मै भएको प्रतिस्पर्धात्मक अन्तिम खेलमा भक्तपुर नगरपालिकाविरुद्ध गोदावरी नगरपालिका ललितपुरले २३–२५, २३–२५ र २१–२५ अंकले

जित हासिल गरी क्वाटर फाइनल चरणमा प्रवेश गऱ्यो। सो खेलमा गोदावरी नगरपालिकाका जर्सी नं ९ का तोरण मगर उत्कृष्ट खेलाडी छनौट भए। उत्कृष्ट खेलाडी मगरलाई भक्तपुर नगरपलिकाका प्रमुख सुनिल प्रजापतिले पुरस्कृत गर्नुभयो।

मेयर कप भलिबल प्रतियोगिता अन्तर्गत खेल मैदान नम्बर २ श्री पद्म मा.वि.मा भएको पहिलो खेलमा सूर्यविनायक नगरपालिकाले जनकपुरधाम उपमहानगरपालिकालाई २५-१५, २५-१३ र २५-१७ अंकले पराजित गरी क्वाटर फाइनल चरणमा प्रवेश गर्न सफल भयो। उक्त खेलमा सूर्यविनायक नगरपालिकाका कमल सुनुवार उत्कृष्ट खेलाडी छनौट भए। अर्को प्रतिस्पर्धात्मक दोश्रो खेलमा बुढानिलकण्ठ नगरपालिकाविरुद्ध तिलोत्तमा नगरपालिकाले १६-२५, २५-२१, २१-२५ र १८-२५ अंकले जीत हासिल गरी क्वाटर फाइनल चरणमा प्रवेश गऱ्यो। सो खेलमा तिलोत्तमा नगरपालिकाका जर्सी नम्बर ४ का थमन बहादुर खत्री उत्कृष्ट खेलाडी घोषित भए। अन्तिम खेलमा भोजपुर नगरपालिकाले मध्यपुर नगरपालिकालाई सोझो सेटमा २५-१८, २५-१७ र २५-२१ अंकले पराजित गरी क्वाटर फाइनल प्रवेश गऱ्यो। सो खेलमा भोजपुर नगरपालिकाका गोविन्द पराजुली उत्कृष्ट खेलाडी छानिए। उत्कृष्ट खेलाडीहरूलाई प्रत्येक खेल पश्चात पुरस्कृत गरियो।

प्रिक्वाटर फाइनलको २ वटा खेलमा २ वटा नगरपालिकाहरूका खेलाडीहरू अनुपस्थित रहकोले थाहा नगरपालिका र गोदावरी नगरपालिका कैलाली सोझै क्वाटर फाइनल चरणमा प्रवेश भयो।

## चौथो दिन (फागुन ६ गते)

भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिताको क्वाटर फाइनल चरणका चार वटा खेलहरू फागुन ६ गते शहीद स्मृति खेल मैदानमा सम्पन्न भयो।

पहिलो क्वाटर फाइनल खेलमा बनेपा नगरपालिकालाई १६-२५, ३२-३४ र १९-२५ अङ्कले पराजित गरी ललितपुर महानगरपालिका सेमिफाइनलमा प्रवेश गऱ्यो। पहिलो खेलको दोस्रो सेट अत्यन्त रोमाञ्चक र प्रतिस्पर्धात्मक रह्यो। सो खेलमा उत्कृष्ट खेलाडी ललितपुर महानगरपालिकाका जर्सी नं. १० का एम रानामगरलाई भक्तपुर नगर खेलकुद समितिका पूर्व संयोजक रविन्द्र खर्बुजाले पुरस्कृत गर्नुभयो। सो खेलपश्चात् बनेपा नगरपालिकालाई भक्तपुर नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष राजकृष्ण गोराले मायाको चिनो प्रदान गर्नुभयो।

क्वाटर फाइनलको दोस्रो खेलमा तिलोत्तमा नगरपालिका, रूपन्देहीले गोदावरी नगरपालिका, ललितपुरलाई २३-२५, १०-२५, २५-१९ र १४-२५ अङ्कले पराजित गरी सेमिफाइनलमा प्रवेश गर्न सफल भयो। खेलपश्चात उत्कृष्ट खेलाडी तिलोत्तमा नगरपालिकाका जर्सी नं. ६ का रेशम छन्त्याललाई भलिबल संघका केन्द्रीय सचिव मनवीर छन्त्यालले पुरस्कार प्रदान गर्नुभयो। खेल पश्चात भक्तपुर नगरपालिका वडा नं. २ का वडा अध्यक्ष हरिप्रसाद बासुकलाले गोदावरी नगरपालिका, ललितपुरलाई मायाको चिनो प्रदान गर्नुभयो।

क्वाटर फाइनलको तेश्रो खेलमा सूर्यविनायक नगरपालिका र भोजपुर नगरपालिकाबीच कडा प्रतिस्पर्धात्मक रूपमा सम्पन्न भयो। खेलमा सूर्यविनायक नगरपालिकाले भोजपुर नगरपालिकालाई २५-१५, १५-२५, २५-२० र २५-२१ अङ्कले पराजित गरी सेमिफाइनलमा प्रवेश गर्न सफल भयो। सो खेलमा सूर्यविनायक नगरपालिकाका जर्सी नं. १ का चित्रबहादुर के.सी. उत्कृष्ट खेलाडी छनोट भए। खेलपश्चात् भक्तपुर नगरपालिका वडा नं. १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले उत्कृष्ट खेलाडीलाई पुरस्कार र भोजपुर नगरपालिकालाई मायाको चिनो प्रदान गर्नुभयो।

क्वाटर फाइनलको अन्तिम खेल थाहा नगरपालिका र गोदावरी नगरपालिका, कैलालीबीच सम्पन्न भयो। जसमा गोदावरी नगरपालिकाले १४-२५, १३-२५, १०-२५ अङ्कले विजयी भई सेमिफाइनलमा प्रवेश गर्न सफल भयो। सो खेलमा गोदावरी नगरपालिकाका जर्सी नं. ७ का दिनेश गिरी उत्कृष्ट खेलाडी छानिए। खेलपश्चात् भक्तपुर नगरपालिका वडा नं. ३ का अध्यक्ष राजकृष्ण गोराले उत्कृष्ट खेलाडीलाई पुरस्कार र थाहा नगरपालिकालाई मायाको चिनो प्रदान गर्नुभयो।

## सेमिफाइनल (फागनु ७ गते)

प्रतियोगिताको पाँचौ दिन शहीद स्मृति खेल मैदानमा सेमिफाइनल खेल भयो।

सेमिफाइनलको पहिलो खेल ललितपुर महानपा र गोदावरी नपा कैलालीबीच भयो। उक्त खेल गोदावरी नपाले ललितपुर नपालाई २५-१४, २३-२५, २५-१७, २३-२५ र १०-१५ ले पराजित गरी फाइनलमा प्रवेश गऱ्यो। यस खेलमा गोदावरी नपाका टंक अवस्थी उत्कृष्ट खेलाडी घोषित भए।

त्यस्तै दोश्रो खेल सूर्यविनायक नपा भक्तपुरले तिलोत्तमा नपा रूपन्देहीलाई १७-२५, २५-१९, २२-२५, २६-२४ र १०-१५ ले पराजित गरी फाइनलमा प्रवेश गऱ्यो। यस खेलमा सूर्यविनायक नपाका चित्रबहादुर केसी उत्कृष्ट खेलाडी घोषित भए।

प्रतियोगितामा पाँचै सेट खेल सेमिफाइनलमा मात्र खेलिएको थियो ।

## फाइनल (फागुन ८ गते)

भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तर नगर 'मेयर कप' भलिबल प्रतियोगितामा भक्तपुरको सूर्यविनायक नगरपालिकाले जित हासिल गरेको छ ।

फागुन ८ गते भएको फाइनल खेलमा सूर्यविनायक नगरपालिकाले कैलालीको गोदावरी नगरपालिकालाई पराजित गरी प्रतियोगिता जित्न सफल भएको हो । सूर्यविनायक नगरपालिकाले २४–२६, २५–२३, २५–२३, २५–१६ ले गोदावरीमाथि विजय हासिल गरेको हो । जितसँगै सूर्यविनायक नगरपालिकाले एक लाख ५१ हजार नगद, ट्रफी र प्रमाणपत्र प्राप्त गऱ्यो । दोस्रो स्थान जित्ने गोदावरी नगरपालिकाले ७५ हजार नगदसहित ट्रफी र प्रमाणपत्र पाएको छ ।

सोही दिन सम्पन्न भएको खेलको तेस्रो स्थानमा रूपन्देहीको तिलोत्तमा नगरपालिकाले ललितपुर महानगरपालिकालाई पराजित गरेको थियो ।

तिलोत्तमाले २५–१९, २५–२०, २५–२३ ले ललितपुर महानपामाथि विजय हासिल गरेको थियो ।

प्रतियोगिताको उत्कृष्ट ब्लकर सूर्यविनायक नपाका कमल सुनुवार, उत्कृष्ट डिफेन्डरमा गोदावरी नपाको विनोद चन्द, उत्कृष्ट सर्भरमा सूर्यविनायकका चित्रबहादुर केसी घोषित भएका छन् । साथै प्रतियोगिताको उत्कृष्ट खेलाडीमा सूर्यविनायकका चित्रबहादुर केसी, उत्कृष्ट स्पाइकरमा गोदावरीका तारा भट्ट, उत्कृष्ट सेटरमा सूर्यविनायकका उत्सव खड्का भएका छन् ।

समापन कार्यक्रममा बोल्दै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले देशद्रोही र जनद्रोही काम गर्ने पार्टीका प्रधानमन्त्री र मन्त्रीहरूको विरोध गर्नु शहीदलाई सम्मान गर्नु सरह हो भन्नुभयो ।

फागुन ३ गतेदेखि ८ गतेसम्म सञ्चालित अन्तर नगर 'मेयर कप' पुरुष भलिबल प्रतियोगिताका विजयी खेलाडीहरूलाई पुरस्कार वितरण गर्दै प्रमुख अतिथि सुवालले खेल मित्रता, अनुशासन, स्वास्थ्य र सार्वभौमिकताको लागि खेलकुद आवश्यक रहेको बताउनुभयो ।

सरकारमा गएका पार्टी, प्रधानमन्त्रीहरू भारतीय दलाल भएको हुँदा नेपालको सार्वभौमिकतामा भारतीय थिचोमिचो बढेको बताउँदै उहाँले पर्साको छपकैयामा नेपालीहरूको ५० विघा जमिन भारतीय विस्तारवादले हडप्दा पनि सिंहदरबारमा बस्नेहरूले त्यसैको समर्थन गरेको बताउनुभयो ।

शहीदको बलिदानले निरङ्कुश राणा शासन र निर्दलीय पञ्चायती व्यवस्था अन्त्य भयो तर गरिब जनतालाई निःशुल्क शिक्षा, स्वास्थ्य, स्वदेशमै रोजगारी र जनताको समस्या समाधान नभएको उहाँले भन्नुभयो ।

७० लाख युवाहरू वैदेशिक रोजगारीको निहुँमा





समापन कार्यक्रममा बोल्नुहुँदै प्रेम सुवाल, सिर्जना सैंजू, सुनिल प्रजापति र मनोरञ्जक रमन शर्मा

दासजस्तै विदेशी देशहरूमा कोचिएका छन् भन्दै सांसद सुवालले यसले गर्दा वीर शहीदहरूको बलिदान खेर गइरहेको छ भन्नुभयो ।

कार्यक्रममा प्रदेश सभाका सदस्य सिर्जना सैंजुले निर्दलीय पञ्चायती व्यवस्था अन्त्य गर्ने शहीदहरूमा सम्मान प्रकट गर्दै नेमकिपाले पनि संसदमा सत्तासीन पार्टीहरूको खोटा विचारको विरोध गर्दै जाने बताउनुभयो ।


सभापतिको आसनबाट बोल्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहभागी सबै टीमहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट बधाई दिनुभयो । उहाँले नगरपालिकाले आगामी वर्षहरूमा विभिन्न विधाका खेलकुदहरू आयोजना गर्दै जाने र राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरू तयार गर्ने लक्ष्य भएको जानकारी दिनुभयो ।

भलिबल सङ्घका अध्यक्ष मनोरञ्जक रमण शर्माले राष्ट्रिय खेलकुद भलिबललाई अझ विकास गर्दै लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडा अध्यक्ष उकेश कवां र वडा २ का वडा अध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो ।

प्रतियोगिताका विजेता, उपविजेता र उत्कृष्ट खेलाडीहरूलाई नेमकिपाका केन्द्रीय सचिव तथा प्रतिनिधिसभा सदस्य सुवाल, प्रदेश सभा सदस्य सैंजू र भक्तपुर नगरपालिकाका मेयर प्रजापतिले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।







प्रमुख प्रजापतिबाट भक्तपुर नपाको भलिबल टोलीका खेलाडीहरूलाई ट्राकसूट वितरण गर्नुहुँदै ।



# cGt/gu/ dþ/ sk elnan k|tof]utfdf ;xefuL 6f]nLx?



प्रतियोगिताको 'च्याम्पियन' सूर्यविनायक नपाको टोली, भक्तपुर



प्रतियोगिताको 'सह-च्याम्पियन' गोदावरी नपाको टोली, कैलाली



प्रतियोगिताको तेश्रो तिलोत्तमा नपाको टोली, रुपन्देही



प्रतियोगिताको चौथो ललितपुर मनपाको टोली, ललितपुर




प्रतियोगितामा सहभागी बनेपा नपाको टोली, काभ्रे




प्रतियोगितामा सहभागी भक्तपुर नपाको टोली, भक्तपुर




प्रतियोगितामा सहभागी वीरगन्ज मनपाको टोली, पर्सा




प्रतियोगितामा सहभागी बुढानिलकण्ठ नपाको टोली, काठमाडौं



प्रतियोगितामा सहभागी धनकुटा नपाको टोली, धनकुटा



प्रतियोगितामा सहभागी धुलिखेल नपाको टोली, काभ्रे




प्रतियोगितामा सहभागी गोदावरी नपाको टोली, ललितपुर




प्रतियोगितामा सहभागी हेटौंडा उपमनपाको टोली, मकवानपुर



प्रतियोगितामा सहभागी जनकपुरधाम उपमनपाको टोली, जनकपुर



प्रतियोगितामा सहभागी कीर्तिपुर नपाको टोली, काठमाडौं



प्रतियोगितामा सहभागी मध्यपुरथिमि नपाको टोली, भक्तपुर



प्रतियोगितामा सहभागी पनौती नपाको टोली, काभ्रे



प्रतियोगितामा सहभागी रामधुनी नपाको टोली, सुनसरी




प्रतियोगितामा सहभागी थाहा नपाको टोली, मकवानपुर




प्रतियोगितामा सहभागी भोजपुर नपाको टोली, भोजपुर



फाइनल खेलमा सांसद प्रेम सुवाल, प्रमुख सुनिल प्रजापति लगायतबाट खेलाडीहरूलाई शुभकामना दिनुहुँदै


# v]hsf s]xL emnsx¿

















# स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी शिक्षकहरूको कार्यशाला

भक्तपुर नपाले स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी नपा भित्रका ३० वटा विद्यालयमा सामाजिक शिक्षा, जनसङ्ख्या शिक्षा, पेशा व्यवसाय र प्रविधि, स्वास्थ्य तथा शारीरिक शिक्षा विषय अध्यापन गरिरहेका शिक्षकहरूबीच कार्यशाला गोष्ठी फागनु १८ गते सम्पन्न गऱ्यो ।

भक्तपुर नगरपालिकाको सभा कक्षमा भएको पहिलो चरणको कार्यक्रममा भनपा प्रमुख सुनिल प्रजापतिले शिक्षामा आफ्नोपन हराउँदै गएको अवस्थामा स्थानीय पाठ्यक्रमको औचित्यबारे प्रष्ट्याउनुभयो ।

शैक्षिक सत्र २०५७ देखि सबै कक्षामा स्थानीय पाठ्यक्रमको व्यवस्था गर्न नसके पनि सम्भव भएसम्मको कक्षामा स्थानीय पाठ्यक्रम लागू गर्ने जानकारी दिंदै उहाँले नयाँ पुस्ताले स्थानीय विषयमा जानकारी पाउन् भन्ने उद्देश्यले स्थानीय पाठ्यक्रम लागू गर्न लागेको बताउनुभयो ।

कार्य दलका सदस्य प्राध्यापक सिद्धिरत्न शाक्यले स्थानीय पाठ्यक्रमले बत्तीमुनीको अँध्यारो हताउने बताउनुभयो । स्थानीयप्रति माया–मोह बढाउन स्थानीय पाठ्यक्रमले सहयोग गर्ने उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा भनपाका कार्यकारी अधिकृत रोहितराज पोखरेल र स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्य रोशनराज तुइतुईले पनि बोल्नुभएको थियो ।

कार्यशालाको दोश्रो चरणमा भक्तपुरको पहिचान, भक्तपुरको इतिहास, स्थानीय सीप र प्रविधि, स्थानीय पर्यटन, स्थानीय खेल गरी पाँच समूह बनाई छलफल तथा प्रस्तुति गराइएको थियो ।



प्रमुख सुनिल प्रजापति शिक्षकहरूबीचको कार्यशाला गोष्ठीमा बोल्नुहुँदै

# pTs[6 v]hf8L k'/:s[t

(विभिन्न चरणका प्रतिस्पर्धामा उत्कृष्ट खेलाडी (Man of the Match) लाई पुरस्कृत गर्नुहुँदै भक्तपुर नपाका प्रमुख, वडाध्यक्षहरूलगायत अतिथिहरू)













# dfofsf]l r gf]kbfg

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति धनकुटा नपाका प्रमुख चिन्तन तामाङ्ग र गोदावरी नपा (कैलाली) का प्रमुख प्रशासकीय अधिकृतलाई मायाको चिनो प्रदान गर्नुहुँदै ।





➲➲










# pb3f6g ¥ofnLsf s]xL b[Zo





**भक्तपुर** मासिकलाई
लेख रचनासँगै सम्बन्धित
तस्वीरहरू दिई सहयोग गर्नुहोस् ।
**e-mail :** bhaktapurmasik@gmail.com

## अन्तर नगर मेयर कप भलिबल प्रतियोगिता २०७४ को नतिजा (संक्षेपमा)

| खेल नं. | चरण | मिति २०७४ | प्रतिस्पर्धी टीम | सेट | प्रत्येक खेलको नतिजा (प्वाइन्टमा) | | | | | कूल प्वाइन्ट | खेल अवधि मिनेटमा | उत्कृष्ट खेलाडी (Man of the Match) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खेल १ | खेल २ | खेल ३ | खेल ४ | खेल ५ | | | |
| १ | लिग | फागुन ३ | हेटौंडा विरुद्ध मध्यपुर | १ : ३ | २५-१३ | २३-२५ | २२-२५ | २१-२५ | - | ९१-८८ | ६८ | राजु जयना, मध्यपुर |
| २ | | | थाहा विरुद्ध धुलिखेल | ३ : १ | २२-२५ | २५-१८ | २५-२१ | २५-१५ | - | ९७-७९ | १०५ | बलराम सुवेदी,थाहा |
| ३ | | | भक्तपुर विरुद्ध कीर्तिपुर | ३ : ० | २५-१२ | २५-१३ | २५-१२ | - | - | ७५-३७ | ४९ | देवान विक, भक्तपुर |
| ४ | | | बनेपा विरुद्ध गोदावरी(ललित) | ३ : १ | २३-२५ | २५-१७ | २५-२० | २५-१८ | - | ९८-८० | ८७ | राजकुमार दास, बनेपा |
| ५ | | | ललितपुर विरुद्ध पनौती | ३ : ० | २५-१८ | २५-१८ | २५-१८ | - | - | ७५-५४ | ६६ | कुलबहादुर थापा, ललितपुर |
| ६ | | | धनकुटा विरुद्ध बुढानिलकण्ठ | १ : ३ | २५-२० | ११-२५ | २९-३१ | १८-२५ | - | ८३-१०१ | ७० | सञ्जय बुढाथोकी, बुढानिलकण्ठ |
| ७ | | फागुन ४ | गोदावरी (ल) विरुद्ध रामधुनी | ३ : १ | २५-२१ | २४-२६ | २५-१५ | २५-२१ | - | ९९-८३ | ७६ | रोशन तामाङ्ग, गोदावरी |
| ८ | | | रामग्राम विरुद्ध सूर्यविनायक | ० : ३ | ०-२५ | ०-२५ | ०-२५ | - | - | ०-७५ | - | (रामग्राम अनुपस्थित) |
| ९ | | | पोखरा विरुद्ध भोजपुर | ० : ३ | ०-२५ | ०-२५ | ०-२५ | - | - | ०-७५ | - | (पोखरा अनुपस्थित) |
| १० | | | ललितपुर विरुद्ध तिलोत्तमा | ३ : १ | २५-२२ | २०-२५ | २५-१८ | २५-२२ | - | ८५-८७ | ७८ | एम राना, ललितपुर |
| ११ | | | धुलिखेल विरुद्ध जनकपुरधाम | ० : ३ | २३-२५ | १८-२५ | २३-२५ | - | - | ६४-७५ | ५४ | बेचन शाह, जनकपुर |
| १२ | | | कीर्तिपुर विरुद्ध वीरगन्ज | ३ : ० | २५-१४ | ३१-२९ | २५-१६ | - | - | ८१-५९ | ५९ | सचिन हमाल, कीर्तिपुर |
| १३ | | | बनेपा विरुद्ध रामधुनी | ३ : ० | २५-१० | २५-१४ | २५-१२ | - | - | ७५-३६ | ४५ | डी. मल्ल, बनेपा |
| १४ | | | मध्यपुर विरुद्ध गोदावरी (कैलाली) | ० : ३ | १५-२५ | १९-२५ | १९-२५ | - | - | ५३-७५ | ५५ | तारा भट्ट, गोदावरी |
| १५ | | | पनौती विरुद्ध तिलोत्तमा | ३ : ० | २५-१० | २५-१५ | २५-०५ | - | - | ७५-३० | ६७ | रेशम छन्त्याल, तिलोत्तमा |
| १६ | | | हेटौंडा विरुद्ध गोदावरी (कै) | ० : ३ | १८-२५ | १३-२५ | २०-२५ | - | - | ५१-७५ | ४६ | टंक अवस्थी, गोदावरी |
| १७ | | | थाहा विरुद्ध जनकपुरधाम | ३ : ० | २५-११ | २६-२४ | २५-१९ | - | - | ७६-५४ | ६७ | सविन कार्की, थाहा |
| १८ | | | भक्तपुर विरुद्ध वीरगन्ज | ३ : ० | २५-१५ | २५-०९ | २५-१९ | - | - | ७५-४३ | ४४ | विजयराज बस्नेत, भक्तपुर |
| १९ | प्रि क्वाटर | फागुन ५ | बनेपा विरुद्ध कीर्तिपुर | ३ : ० | २५-११ | २५-०७ | २५-१६ | - | - | ७५-३४ | ४६ | प्रकाश थापा, बनेपा |
| २० | | | ललितपुर विरुद्ध धनकुटा | ३ : ० | २५-२० | २५-२० | २५-१८ | - | - | ७५-५८ | ४६ | कुलबहादुर थापा, ललितपुर |
| २१ | | | थाहा विरुद्ध रामग्राम | ३ : ० | २५-० | २५-० | २५-० | - | - | ७५-० | - | (रामग्राम अनुपस्थित) |
| २२ | | | गोदावरी (कै) विरुद्ध पोखरा | ३ : ० | २५-० | २५-० | २५-० | - | - | ७५-० | - | (पोखरा अनुपस्थित) |
| २३ | | | भक्तपुर विरुद्ध गोदावरी (ल) | ० : ३ | २३-२५ | २३-२५ | २१-२५ | - | - | ६७-७५ | ६३ | तोरन मगर, गोदावरी |
| २४ | | | बुढानिलकण्ठ विरुद्ध तिलोत्तमा | १ : ३ | १६-२५ | २५-२० | २०-२५ | १८-२५ | - | ७९-९५ | ७२ | टंक खत्री, तिलोत्तमा |
| २५ | | | सूर्यविनायक विरुद्ध जनकपुर | ३ : ० | २५-१५ | २५-१३ | २५-१७ | - | - | ७५-४५ | ५२ | कमल सुनार, सूर्यविनायक |
| २६ | | | भोजपुर विरुद्ध मध्यपुर | ३: ० | २५-१८ | २५-१७ | २५-२० | - | - | ७५-५५ | ५० | गोविन्द पराजुली, भोजपुर |
| २७ | क्वाटर | फागुन ६ | बनेपा विरुद्ध ललितपुर | ० : ३ | १६-२५ | ३२-३४ | १९-२५ | - | - | ६७-८४ | ६४ | एम राना, ललितपुर |
| २८ | | | थाहा विरुद्ध गोदावरी (कै) | ० : ३ | १४-२५ | १३-२५ | १०-२५ | - | - | ३७-७५ | ४१ | दिनेश गिरी, गोदावरी |
| २९ | | | गोदावरी (ल) विरुद्ध तिलोत्तमा | १ : ३ | २३-२५ | १०-२५ | २५-१९ | १४-२५ | - | ७२-९४ | ६७ | रेशम छन्त्याल, तिलोत्तमा |
| ३० | | | सूर्यविनायक विरुद्ध भोजपुर | ३ : १ | २५-१५ | १५-२५ | २५-२० | २५-२१ | - | ९०-८१ | ६३ | चित्रबहादुर केसी, सूर्यविनायक |
| ३१ | सेमि फाइनल | फागुन ७ | ललितपुर विरुद्ध गोदावरी (कै) | २ : ३ | २५-१४ | २३-२५ | २५-१७ | २३-२५ | १०-१५ | १०६-९६ | ८३ | टंक अवस्थी, गोदावरी |
| ३२ | | | तिलोत्तमा विरुद्ध सूर्यविनायक | २ : ३ | १७-२५ | २५-१९ | २२-२५ | २६-२४ | १०-१५ | १०२-१०८ | ९६ | चित्रबहादुर केसी, सूर्यविनायक |
| ३३ | फाइनल | फागुन ८ | ललितपुर विरुद्ध तिलोत्तमा | ० : ३ | १९-२५ | २०-२५ | २३-२५ | - | - | ६२-७५ | ५७ | हरि घर्तिमगर, तिलोत्तमा |
| ३४ | | | गोदावरी (कै) विरुद्ध सूर्यविनायक | १ : ३ | २६-२४ | २३-२५ | २३-२५ | १५-२५ | - | ८७-९१ | ९१ | चित्रबहादुर केसी, सूर्यविनायक |

## प्रतियोगिताका सर्वोत्कृष्ट

| | | | |
|---|---|---|---|
| **खेलाडी** | चित्रबहादुर केसी, सूर्यविनायक | **स्पाइकर** | तारा भट्ट, गोदावरी, कैलाली |
| **सेटर** | उत्सव खडका, सूर्यविनायक | **ब्लकर** | कमल सुनुवार, सूर्यविनायक |
| **डिफेन्सर** | विनोद चन्द, गोदावरी, कैलाली | **सर्भर** | चित्रबहादुर केसी, सूर्यविनायक |

**अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिता २०७४**

; kmntf ; fy ; DkGg ePsf] dfeQmk'/ gu/kflnsfåf/f

# xflb{s wGojfb Û

@)$^ ;fnsf] hgcfGbf]ngdf zxfbQ kf|Kt ug{[cd/ zxLbx¿ tyf 3fO{t]of{4fx¿k|t pRr ;Ddfg JoQm ub{o; gu/kflnsfsf] cfof]hgfdf @)&$ kmfu'g # b]v * ut];Dd cGt/ gu/ d]o/ sk k?if elnan k|tof]utf ;DkGg eof] . k|tof]utfdf k|yd, låtLo, t[tLo / rty{ xg' ;kmn gu/kflnsfx¿nfO{ xflb{s awfO{ tyf ;xefuL ;DkÛf{ gu/kflnsfx¿nfO{ wGojfb 1fkg ub{5 Û

k|tof]utfsf] pb\3f6g ug{[g] gk|fn dhb'/ ls;fg kf6L{sf cWoIf gf/fo0fdfg lahS5]+-/f]xt_, ;dfkg Pj+k'/:sf/ ljt/0f ;df/f]xsf k|dv cltly g]dlskfsf s]bl|o ;lrj Pj+dfggLo ;f+b k|d ;'jfn, k|b]z ;efsf ;b:oåo ;'/]b|/fh uf];fO{/ ;[hgf ;]h", wgs6f gu/kflnsfsf k|dv lrGtg tfdfª, uf]bfj/L gu/kflnsf -s}hfnL_ sf k|dv xl/Zr Gb| l;x+ ;fFb, ;ö{jgfos gu/kflnsfsf k|dv af;b] yfkf / sLlt{k'/ gu/kflnsfsf k|dv /d]z dxh{nufot cfdlGqt cltlyx¿df xflb{s wGojfb 1fkg ub{5 Û

k|tof]utf ;~rfngsf nflu :yfg pknAw u/fpg] zxLb :d[t v]n d}bfg, kbd dflj / Vjk dflj kl/jf/k|t s[1tf JoQm ub{5 . k|tof]utfnfO{eJotfsf ;fy ;DkGg ug{ ;xof]u ug{[o; gu/kflnsfsf ;DkÛf{hgk|tlglwx¿ Pj+sd{f/Lx¿, k'j{hgk|tlglwx¿, gu/ v]nsb ;ldltsf kbflwsf/Lx¿, o'jf v]nsb ;dxsf kbflwsf/Lx¿, ljleGg v]nsf k|zlfs tyf v]nf8Lx¿, ljleGg l6d, Snj, ljBfno, sn]h, afhf ;dx Pj+;DkÛf{ gu/jf;L bfhe{f0f tyf lbbLalxgLx¿df xflb{s wGojfb 1fkg ub{5 Û

**सुनिल प्रजापति**
**प्रमुख**
**भक्तपुर नगरपालिका**

# महान् शहीदहरूको सम्झनामा भलिबल प्रतियोगिता

- प्रमुख सुनिल प्रजापति

**('मेयर कप' भलिबल प्रतियोगिताको उद्घाटन समारोहमा आयोजक भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्य)**

भक्तपुर नगरपालिकाले अन्तरनगर 'मेयर कप' पुरुष भलिबल प्रतियोगिता आयोजना गर्न पाएकोमा भक्तपुर नगरपालिका परिवार र सम्पूर्ण नगरवासीहरू अत्यन्त हर्षित छौं। विभिन्न २१ नगरपालिकाले हाम्रो आयोजनामा भएको भलिबल प्रतियोगितामा सहभागी भएर हामीलाई हौसला प्रदान गरेका छन्। सहभागी सबै नगरपालिकाका जनप्रतिनिधिहरू र खेलाडीहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्दछौं।

युवाहरूलाई अनुशासित र सभ्य नागरिक तयार गर्ने उद्देश्यले तत्कालीन भक्तपुर नगर पंचायतले २०४३ सालदेखि नै नगर खेलकुद समिति गठन गरी खेलकूद गतिविधिलाई अगाडि बढाउँदै आएको र त्यसले हालसम्म निरन्तरता पाउँदै आएको छ। पञ्चायतकालमा पार्टी गतिविधि प्रतिवन्धित अवस्थामा पनि तत्कालीन नेपाल मजदुर किसान सँगठनले निर्वाचनमा भाग लिएर जनताको सेवा गर्ने नीति लिएको थियो। पञ्चायतभित्र गएर जनप्रतिनिधिहरू पञ्चायतकै विरोधमा सक्रिय भएर लागे। त्यो पंचायती शासकहरूको लागि सह्य हुने कुरा थिएन। त्यसैले भक्तपुर नगर पंचायत पंचायती शासकहरूको आखाँको धूलो बराबर थियो।

पञ्चायती व्यवस्थाविरुद्ध २०४६ साल फागुन ७ गतेबाट जनआन्दोलन शुरु भयो। सोही क्रममा फागुन ८ गते आन्दोलनलाई दबाउन पंचायती सरकारले भक्तपुरमा गोली चलायो। दोस्रो विश्वयुद्धमा प्रतिबन्धित दमदम गोली लागेर भक्तपुरका बहादुर युवाहरू कृष्णराम दुवाल, राजकुमार सुवाल, हरिकृष्ण भुजू, निर्मल शाक्य, पुष्परत्न शाक्य, महेश श्रेष्ठले सहादत प्राप्त गर्नुभयो भने आन्दोलनमा धेरै युवाहरू घाइते भए। देशका विभिन्न ठाउँमा भएको आन्दोलनमा धेरैले वीरगति प्राप्त गरे। ती शहीद र घाइते योद्धाहरूको योगदानबाट नेपाली जनताले बहुदलीय प्रजातन्त्र पाए। त्यसैको जगमा उभेर २०६३ सालमा हामीले गणतन्त्र स्थापना गऱ्यौ। देश र जनताको निम्ति आफ्नो प्राण वलिदान दिने ती महान शहीदहरूको सम्मानमा यो भलिबल प्रतियोगिताको आयोजना गरेका छौं। सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ र घाइते योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं।

सरकारमा जाने राजनैतिक दलहरूले शहीदको भावनाअनुसार काम गर्न नसकेको मात्रै होइन भागबण्डा, पक्षपात र भ्रष्टाचार गरेर शहीदको अपमान गरिरहेका छन्। शहीद परिवार अत्यन्त कष्टपूर्ण जीवन बिताइरहेका छन् भने तिनै शहीदको वलिदानबाट प्राप्त प्रजातन्त्रमा सीमित नेताहरू ऐश आरामको जीवन बिताइरहेका छन्। ती नेताहरू साधारण ज्वरो आएमा पनि नेपालमा उपचार गराउँदैनन्। दिल्ली, बैङ्कक र अमेरिका गएर उपचार गराउँछन्। ती नेताहरूले राज्यकोषको करोडौं पैसा उपचारको नाउँमा खर्च गरिरहेका छन्। शहीद परिवारबारे कुनै पनि सोधखोज समेत छैन। यो विदम्बनापूर्ण स्थिति हो।

नेपालमा नयाँ संविधान लागू भएपछि पहिलो पटक सङ्घीयताको अभ्यास गर्दैछौं। संविधानअनुसार अहिले स्थानीय तहलाई अधिकार सम्पन्न बनाइएको छ। १५ वर्षसम्म स्थानीय तहमा जनप्रतिनिधि नहुँदा यहाँका विकास निर्माणका साथै खेलकूद क्षेत्र पनि धेरै पछि पऱ्यो। जनप्रतिनिधिको रिक्तताले खेलकूद क्षेत्र २५/३० वर्ष पछि परेको महसुश गर्दैछौं।

भक्तपुर नगरपालिका खेलकूदको माध्यमबाट भक्तपुरलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन चाहन्छ। क्लब, टीम, विद्यालय स्तरीय प्रतियोगिताहरू गरेर नयाँ नयाँ खेलाडीहरू तयार गर्न भक्तपुर नगरपालिका निरन्तर लागिरहेको छ। यही सन्दर्भमा हामी जनप्रतिनिधिहरू निर्वाचित भएर आएपछि २०७४ कार्तिक ९ गतेदेखि १४ गतेसम्म भक्तपुर नगरव्यापी अन्तर विद्यालय खेलकुद प्रतियोगिता सम्पन्न गऱ्यौं। विभिन्न ८ खेलहरू समावेश गरिएको उक्त प्रतियोगितामा ३८ वटा विद्यालयहरूले भाग लिएका थिए।

हामी जनताका प्रतिनिधि हौं। निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार हामीले विभिन्न क्षेत्रमा काम गर्दैछौं। पार्टीले स्थानीय तहमा निर्वाचनको बेला जारी गरेको घोषणा पत्र नै हाम्रो पथ प्रदर्शक हो। हामी पार्टी घोषणापत्रअनुसार काम गर्दैछौं। निर्वाचन घोषणापत्रमार्फत हामीले हरेक वर्ष एउटा खेलको अन्तर नगर खेलकूद प्रतियोगिता गर्ने प्रतिबद्धता जाहेर गरेका थियौं। त्यसैलाई ध्यानमा राखेर राष्ट्रिय खेल घोषित भलिबल प्रतियोगिता आयोजना गरेका हौं। आशा छ, प्रतियोगिता अवधिभर खेलाडी साथीहरूले अनुशासित र मर्यादित भएर खेल प्रदर्शन गर्नु हुनेछ।

# :yfgLo kf7\oqmd lgdf{0f ;DaGwL sfo{zfnf uf]i7L

भक्तपुर नगरपालिकाले नगरका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने सम्बन्धमा २०७४ माघ ४ गते कार्यशाला गोष्ठी आयोजना गऱ्यो। नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूबीच छलफल गरी आएका सुझावहरूको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने उद्देश्यले आयोजना गरिएको उक्त गोष्ठीमा नगर प्रमुख सुनिल प्रजापतिले जनताबाट सिकेर जनताकै सेवा गर्ने नीति अनुरूप नगरपालिकाका जनप्रतिनिधिहरू लागिपरेको बताउनुभयो।




स्थानीय पाठ्यक्रम निर्माणबारे कार्यशाला गोष्ठीमा प्रमुख प्रजापतिलगायत

स्थानीय सरकार संचालन ऐन २०७४ लागू भएदेखि नै भक्तपुरको स्थानीय इतिहास, कला संस्कृति, सम्पदा र यहाँका मौलिक उत्पादनहरूको विषयमा नयाँ पुस्तालाई प्राज्ञिक जानकारी दिन स्थानीय पाठ्यक्रम निर्माण गर्ने विषयमा छलफल भइरहेको उहाँको भनाइ थियो। विभिन्न सरोकारवाला पक्षहरूसँग पटक पटक औपचारिक तथा अनौपचारिक छलफल पश्चात ५ सदस्यीय कार्यदल गठन गरेको चर्चा गर्दै नयाँ शैक्षिक सत्रदेखि नै नगरका सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गर्ने तयारीका साथ छलफल हुने विश्वास व्यक्त गर्नुभयो।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले ७ वटा शैक्षिक संस्थाहरू तथा ३ वटा जनस्वास्थ्य केन्द्रहरू संचालन गरेर देशकै लागि दिशानिर्देश गरिरहेको चर्चा गर्दै सबैको सामूहिक प्रयास र प्रतिवद्धताबाट स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गरेर सबै नगरपालिकाको लागि भक्तपुर उदाहरणीय बन्ने धारणा व्यक्त गर्नुभयो।

स्थानीय पाठ्यक्रम निर्माणका लागि नगरपालिकाबाट गठित कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छेंले संघीय सरकारले तय गरेको स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी कार्यविधि र निर्देशिकाअनुसार आवश्यकता पहिचान, नीतिगत निर्णय र पाठ्यक्रम निर्माण गर्ने चरणहरू पूरा गरिने प्रष्ट पार्नुभयो। स्थानीय पाठ्यक्रम निर्माणमा भक्तपुर नगरपालिकाले अगुवाइ गरेकोमा खुशी व्यक्त गर्दै पाठ्यक्रम निर्माणमा कार्यदलका पदाधिकारीहरूले स्वयंसेवकको रूपमा कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

संयोजक बिजुक्छेंले स्थानीय पाठ्यक्रम निर्माणको लागि निश्चित समयावधि निर्धारण गरी पहिलो चरणमा मुख्य सरोकारवाला पक्षहरूबीच छलफल गरिने र छलफलको निष्कर्षकै आधारमा पाठ्यक्रम तयार गर्ने र विज्ञहरूको राय

---

➲➲ कतिपय अन्तर्राष्ट्रिय खेल प्रतियोगिताहरूमा राम्रोभन्दा आफ्नो मान्छे पठाउने गरेका कारण देशकै बदनाम भइरहेको छ। खेलाडीहरू खेलकुदमा भाग नलिइ विदेश पलायन हुने, खेलाडीभन्दा गैर खेलाडीहरू विदेश जाने, खेलकूदको माध्यमबाट देशको नाम चम्काउनुभन्दा विदेश भ्रमणको रूपमा प्रयोग गर्ने जस्ता गतिविधिहरूले खेलकुद क्षेत्र बदनाम भइरहेको छ। यसबाट पाठ सिक्दै खेलकूदलाई विकृतिबाट मुक्त बनाउनु पर्छ भन्नेबारे हामी अत्यन्त सचेत छौं।

अन्तमा, हाम्रा महान शहीद र घाइते योद्धाहरूको त्याग र बलिदानको उच्च सम्मानमा आयोजित अन्तर नगर मेयर कप भलिबल प्रतियोगितामा उपस्थिति सम्पूर्ण जनसमुदायलाई भक्तपुर नगरपालिकाको तर्फबाट पुनः स्वागत गर्दै सभापतिको आसन ग्रहण गर्दछु।

२०७४।११।३

लिइने बताउनुभयो ।

कार्यदलका सदस्य एवं प्राध्यापक सिद्धिरत्न शाक्यले पाठ्यक्रम निर्माण गर्दा विषयवस्तुलाई विद्यार्थीहरूले आत्मसात गरी परीक्षामा सामेल हुन सक्ने मात्र नभई स्थानीय शिक्षालाई ग्रहण गरी जीवनोपयोगी सीप र श्रमसँग जोड्न सक्ने कुरालाई विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले लामो समयदेखि विद्यालयमा अध्यापन तथा विद्यार्थी र अभिभावकहरूको भावना बुझेका प्रधानाध्यापकहरूको अनुभवले स्थानीय पाठ्यक्रम निर्माणमा महत्त्वपूर्ण योगदान पुग्नेमा विश्वास व्यक्त गर्दै अन्य सरोकारवाला पक्षहरूसँग पनि निरन्तर छलफल गरिने बताउनुभयो । विद्यमान व्यवस्थामा कक्षा १ देखि ८ सम्म नै स्थानीय पाठ्यक्रम लागू गर्न सकिने भनिएता पनि तत्कालका लागि कक्षा १ र कक्षा ६ मा स्थानीय पाठ्यक्रम लागू गर्ने तयारीका साथ कार्य अघि बढिरहेको चर्चा गर्दै प्राध्यापक शाक्यले सबै कक्षाका लागि पनि पाठ्यक्रम तयार गर्दै लगिने बताउनुभयो ।

कार्यदलका अर्का सदस्य रोशनराज तुईतुईले स्थानीय पाठ्यक्रम तयारीको विषयमा विभिन्न देशहरूका अनुभवहरूबारे जानकारी दिनुभयो । धेरै विद्यालयहरूले स्थानीय पाठ्यक्रमको अभावमा कम्प्युटर शिक्षा पढाइरहेको उल्लेख गर्दै उहाँले स्थानीय आवश्यकता बमोजिम पाठ्यक्रम तयार गर्न सके नयाँ पुस्तालाई स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी समाज विकासमा योगदान गराउन सकिने बताउनुभयो ।

गोष्ठीमा सहभागी शिक्षकहरू पाँच वटा समूहमा विभाजित भई अलग्ग अलग्ग छलफल गरेका थिए । सामूहिक छलफलको निष्कर्ष प्रत्येक समूहबाट प्रस्तुत गरिएको थियो । त्यस क्रममा समूह १ बाट प्रधानाध्यापक महेन्द्रगोपाल कर्माचार्यले भक्तपुरको पहिचान, समूह २ बाट प्रधानाध्यापक कृष्णप्रसाद धन्छाले भक्तपुरको इतिहास र समूह ३ बाट प्रधानाध्यापक अम्बिका न्याइच्याईले स्थानीय सीप र प्रविधिको विषयमा स्थानीय पाठ्यक्रममा राख्न सकिने विषयवस्तुहरूबारे प्रस्तुती दिनुभयो । त्यस्तै समूह ४ बाट प्रधानाध्यापक गंगाधर हाडाले भक्तपुरको पर्यटन र समूह ५ बाट प्रधानाध्यापक आशाकुमार चिकंबञ्जारले स्थानीय खेलहरूबारे राख्नुपर्ने विषयवस्तु प्रस्तुत गर्नुभयो ।



प्रमुख सुनिल प्रजापति स्थानीय पाठ्यक्रम निर्माणबारे कार्यशाला गोष्ठीमा बोल्नुहुँदै

# हनुमन्तेको बहाव रोकिने भएपछि निर्माण रोक्का

भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारी पुलभन्दामाथिपट्टि बन्न लागेको ढल क्रसिङ्ग अर्को व्यवस्था नभएसम्म नगरपालिकाले रोक्का गरेको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा आइतबार भक्तपुर नपाका जनप्रतिनिधिहरू र काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयका प्रतिनिधिहरूबीच फागुन ६ मा बसेको बैठकले रोक्का गर्ने निर्णय गरेको हो ।


काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय उपत्यका ढल व्यवस्थापन आयोजनाले हनुमन्ते खोला सुधारको क्रममा फोहर पानी सङ्कलन तथा प्रशोधन गर्ने कार्यअन्तर्गत ढल क्रसिङ्गको काम सुरु गरेको हो । उक्त क्रसिङ्ग निर्माण गर्दा खोलाको बहाव रोकिन गई माटो थुप्रिने सम्भावना भएको भनी जनगुनासो आएपछि नगर प्रमुख प्रजापति, जनप्रतिनिधिहरू, प्राविधिकहरू, वडा निरीक्षकहरूसहितको टोलीले स्थलगत निरीक्षण गरेको थियो । निरीक्षणपछि ठेकेदारलाई तुरुत काम रोक्न निर्देशन दिई काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय, उपत्यका ढल व्यवस्थापन आयोजनाका पदाधिकारीहरूलाई बोलाई संयुक्त बैठक बसेको हो ।

बैठकले बेस स्लाव ढलान गरिसकेको अवस्थामा अर्को निर्णय नभएसम्म काम रोक्का गर्ने र आठ–दस दिनभित्र भक्तपुर नगरपालिका र काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय, उपत्यका ढल व्यवस्थापन आयोजनाको तर्फबाट विशेषज्ञहरूको टोली गठन गरी सम्बन्धित विशेषज्ञहरूसँग राय–सल्लाहअनुसार काम गर्ने निर्णय गरेको छ । अर्को बैठक १५ दिनभित्र बस्ने व्यवस्था मिलाइएको छ ।

# अमर शहीदहरूमा श्रद्धाञ्जली

२०४६ सालको जनआन्दोलनमा भक्तपुरमा भएको पञ्चायतविरोधी शान्तिपूर्ण प्रदर्शनमा तात्कालीन निरंकुश शासनका प्रहरीले गोली हानी भक्तपुरमा प्रदर्शनकारीको हत्या गरेको दिनलाई स्मरण गर्दै हरेक वर्ष भक्तपुरमा फागुन ८ लाई शहीद दिवसको रूपमा मनाइने गरेको छ। २०४६ सालको जनआन्दोलनमा भक्तपुरका ६ जना युवाहरू– राजकुमार सुवाल, कृष्णराम दुवाल, निर्मलकुमार शाक्य, हरिकृष्ण भुजू, पुष्परत्न शाक्य र महेश श्रेष्ठले शहादत्त प्राप्त गर्नुभएको थियो। राजकुमार र कृष्णरामबाहेक अरु चारजना शहीदहरूले आन्दोलनकै क्रममा विभिन्न मितिमा शहादत्त प्राप्त गर्नुभएको थियो।

भक्तपुर नगरपालिकाले शहीदहरूको सम्मानमा भक्तपुर नपा वडा नं २ स्थित स्मृतिनगरमा शहीद उद्यान स्थापना गरेको छ। उद्यानमा ६ जनै शहीदहरूको अर्धकदको शिलास्तम्भ स्थापना गरिएको छ।



उद्यानमा ६ जनै शहीदहरूको अर्धकदको शिलास्तम्भ

फागुन ८ गते शहीद उद्यानमा आयोजित एक कार्यक्रममा शहीद परिवार र अन्य सहभागीहरूले पुष्पअर्पण गर्दै शहीदप्रति श्रद्धा व्यक्त गरे। कार्यक्रममा शहीद राजकुमारकी छोरी रचना सुवाल, पुष्परत्न शाक्यकी श्रीमती विजयालक्ष्मी शाक्य, निर्मल शाक्यकी माता र हरिकृष्ण भुजूकी माताको सहभागिता थियो। कार्यक्रममा जनआन्दोलनमा घाइते भएका योद्धाहरूको पनि सहभागिता थियो।

शहीद स्मृति कार्यक्रममा बोल्दै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव तथा प्रतिनिधि सभा सदस्य प्रेम सुवालले शहीदको सपना अझै पूरा हुन नसकेको बताउनुभयो। शासक दलहरूले शहीदका सपनाको अपमान गरेको चर्चा गर्दै उहाँले शहीदका सपना साकार बनाउन अझ संघर्षका दिन नसकिएको बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देशमा परिवर्तनका लागि शहादत्त प्राप्त गर्ने शहीदको सम्झनामा नगरपालिकामा यो वर्ष अन्तरनगर मेयर कप भलिबल प्रतियोगिताको आयोजना गरेको जानकारी गराउनुभयो।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तथा प्रदेश सभा सदस्य सृजना सैंजूले शहीद दिवस र शहीदबारे नयाँ पुस्तालाई थाहा नभएको भन्दै शहीदको बलिदानबारे नयाँ पुस्तालाई जानकारी दिने कार्यक्रमहरूको खाँचो रहेको बताउनुभयो।

जनआन्दोलनका योद्धा रवीन्द्र खर्बुजाले २०४६ सालको फागुन ८ मा पञ्चायती व्यवस्थाका मतियार र प्रहरीले जनतामाथि गरेको दमनबारे चर्चा गर्दै हिजो जनआन्दोलन दबाउन उद्यत्त पञ्चहरू आज सत्तासीन दलका नेता भएर हिंडिरहेको बताउनुभयो।



अमर शहीदहरूको श्रद्धाञ्जली सभा

त्यहाँ आयोजित कार्यक्रममा जनआन्दोलनका घाइते सत्यसम्मेलन राजोपाध्यायले राज्यले जोसुकैलाई शहीद र घाइते योद्धा घोषणा गर्दा आफूलाई अपमानित महसुस भएको दुखेसो पोख्नुभयो।


कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समिति सदस्य नारायणबहादुर दुवालले पनि बोल्नुभएको थियो।

कार्यक्रम आयोजक नेपाल क्रान्तिकारी किसान संघ भक्तपुर जिल्ला अध्यक्ष किसान नेता गोविन्द दुवालको सभापतित्वमा भएको थियो।

# भक्तपुर नपाद्वारा होली पर्वमा विकृतिविरुद्ध सचेतना ऱ्याली

भक्तपुर नगरपालिकाको आयोजनामा होली पर्वमा देखिएको विकृति बिरुद्ध सचेतना ऱ्याली जनप्रतिनिधिहरू, पूर्व जनप्रतिनिधिहरू, बिभिन्न बिद्यालय, जिल्ला स्थित विभिन्न सरकारी कार्यालय र भक्तपुर नगरपालिकाका कर्मचारीहरूको सहभागितामा दत्तात्रयदेखि खौमासम्म फागुन १६ गते सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले होली पर्वको विकृतिविरुद्धको सचेतना ऱ्यालीलाई सम्बोधन गर्दै पूर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति भने मूल नारालाई सार्थक बनाउन होलीलाई सू–संस्कृत रूपमा मनाउनु पर्ने बताउनुभयो। उहाँले विकृतिमूलक होली मान्दा होलीमा जथाभावी लोला हान्दा आँखा, कानका जाली फुटेको घटनाले सचेतना ऱ्याली गर्न परेको बताउनु भयो। उहाँले होलीलाई सु–संस्कृत रूपमा मनाए पर्यटकहरू आर्कषित भई पर्यटकहरू भित्र्याउन सक्ने साथै आर्थिक गतिविधि पनि अगाडि बढ्ने बताउनुभयो। उहाँले नेपालमा आउने पर्यटकहरूमध्ये करिब तीस पैंतीस प्रतिशतमात्र भक्तपुर आउने तथ्याङ्क रहेकोमा यसलाई बृद्धि गर्न पनि होलीलाई सभ्य तरिकाले मनाउनु पर्ने बताउनुभयो।



प्रमुख सुनिल प्रजापतिले होली पर्वको विकृतिविरुद्धको सचेतना ऱ्यालीलाई सम्बोधन गर्नुहुँदै

उहाँले सफा र सांस्कृतिक नगरको रूपमा अगाडि बढेको नगरपालिकाले शिक्षामा पनि उदाहरणीय बनाई स्थानीय सरकारको मातहतमा आएका विद्यालयहरूमा उत्कृष्ट नतिजा र व्यवस्थित परीक्षा संचालन हुनेमा आशा व्यक्त गर्नुभयो।

ऱ्याली समापन कार्यक्रम, खौमामा वडाध्यक्ष राजकृष्ण गोराले हाम्रो कला संस्कृतिले नयाँ पुस्ताको सेवा गरिरहेकोले यसको महत्त्व रहेको बताउँदै होलीको विकृति र झै–झगडाले मृत्युसमेत भएकोले निर्धक्कसाथ हिंड्डुल गर्न पाउने मानव अधिकार खोसिएकोले संगठित तरिकाले सचेत गर्न ऱ्यालीले टेवा पुऱ्याउने बताउनुभयो। उहाँले चाडपर्व हाम्रो पहिचान भएको तर यो मर्दै गइरहेकोले पहिचान जोगाउन हाम्रा भविष्यका कर्णधारहरूलाई सचेत गर्न विद्यालयको कक्षा कक्षामा सचेतना कक्षा संचालन गर्नु पर्ने बताउनुभयो। कार्यक्रममा वडा निरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो।

ऱ्यालीमा संस्कृति मनाऔं, विकृति नफैलाऔं, होली रंगको खेल हो – बेलुन, प्लाष्टिक र फोहर पानीको झेल होईन, हाम्रा चलीबेटीप्रति सम्मान गरौं, जथाभावी लोला नहानौं, स्वतन्त्रतापूर्वक हिंड्डुल गर्ने सबैको मानव अधिकारको सम्मान गरौं, जथाभावी बेलुन र लोला नहानौं – संस्कृति मनाऔं – सभ्य बनौं, कला र संस्कृति सुसंस्कृत तरिकाले मनाऔं, बेलुन, लोला र प्लाष्टिकले नहानौं, असल नागरिक बनौं, युवा जोश विकृतिमा नसिध्याऔं, सुसंस्कृत तरिकाले होली मनाऔं। दिदीबहिनीहरूलाई सम्मान गरौं, जथाभावी फोहरपानी नछ्यापौं। संस्कृति नै हाम्रो परिचय हो, यसलाई जोगाऔं। सभ्य बनौं, लोला बेलुनले नहानौं आदि नारा अंकित प्लेडकार्ड सहभागीहरूले बोकेका थिए।

होली पर्वले मौलिक स्वरूप छोड्दै विकृतिमूलक बन्न थालेको र झै–झगडा, दुर्घटना भई अगंभंग भई मृत्युसमेत भएको समाचारहरू प्रयेक होली पर्वमा आउने गरेको छ। त्यस्ता विकृतिलाई हटाई सू–संस्कृत रूपमा होली पर्व मनाउन लगाउन युवाजगतलाई सचेत गर्न भक्तपुर नगरपालिकाको सचेतना ऱ्याली विकृतिविरुद्धको एक पाइला भएको ठम्याइ सचेत नगरबासीले गरेको छ।



## भक्तपुर नगरपालिकाद्वारा

**होली पर्वलाई सभ्य र सुसंस्कृत तरिकाबाट मनाउन आयोजित सचेतना ऱ्यालीका सहभागी र सहयोगीहरूलाई**

# हार्दिक धन्यवाद !

ऐतिहासिक एवं सांस्कृतिक होली पर्वलाई सभ्य र सुसंस्कृत तरिकाबाट मनाउन एवं विकृतिहरूबाट टाढा रहन आह्वानसहित भक्तपुर नगरपालिकाले फागुन १६ गते सचेतना ऱ्यालीको आयोजना गऱ्यो । भक्तपुर नपा ९ नं. वडास्थित दत्तात्रय चोकबाट शुरु भएको उक्त ऱ्याली बजार परिक्रमा गरी खौमामा सम्पन्न भयो ।

ऱ्यालीलाई सम्बोधन गर्दै नगर प्रमुख सुनिल प्रजापतिले होली पर्वको सांस्कृतिक महत्त्वलाई बुझेर एक आपसमा भाइचारा सम्बन्धको विस्तार गर्ने हेतुले संस्कृति मनाउन आग्रह गर्नुभयो । होली रंगको खेल हो, फोहर पानी छ्याप्ने, महिला दिदीबहिनीहरूमाथि दुर्व्यवहार गर्ने र जथाभावी बेलुन हान्ने खेल होइन, उहाँले भन्नुभयो ।

भक्तपुर नगर पर्यटकीय गन्तव्यस्थल भएको चर्चा गर्दै प्रमुख प्रजापतिले स्वदेशी दाजुभाइ दिदीबहिनी मात्र नभई विदेशी मित्रहरूले पनि रमाइलोसँग होली खेल्ने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो ।

नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, सरकारी कार्यालयका प्रमुखहरू, सुरक्षा निकाय र विभिन्न विद्यालयका शिक्षक विद्यार्थीहरूको व्यापक उपस्थिति रहेको उक्त ऱ्यालीमा सहभागी सबैलाई भक्तपुर नपा ३ नं. वडाका अध्यक्ष राजकृष्ण गोराले धन्यवाद ज्ञापन गर्नुभयो ।

**सचेतना ऱ्यालीमा सहभागीहरू :**

१) भक्तपुर नपाका जनप्रतिनिधिहरू
२) भनपाका कर्मचारीहरू
३) महानगरीय प्रहरी परिसर भक्तपुर
४) जेन्युइन मावि
५) समाज सुधार मावि
६) जागृति मावि
७) दत्तात्रय आधारभूत विद्यालय
८) इजी पायोनियर स्कूल
९) विद्यार्थी निकेतन मावि
१०) निओलोजियन स्कूल
११) गणेश मावि
१२) सन्तती आधारभूत विद्यालय
१३) भारती आधारभूत विद्यालय
१४) हिमालयन ग्लोरी इ. स्कूल
१५) सरस्वती विद्यागृह मावि
१६) तारा मावि
१७) वागीश्वरी मावि
१८) वागीश्वरी कलेज
१९) पद्म मावि
२०) स्कलर होम एकेडेमी
२१) नवीन आधारभूत विद्यालय
२२) देउला आधारभूत विद्यालय
२३) जनसेवा आधारभूत विद्यालय
२४) उदय आधारभूत विद्यालय
२५) सिद्धि शारदा आधारभूत विद्यालय
२६) जेसिस इ. स्कूल
२७) ब्रम्हचारिणी आधारभूत विद्यालय

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**व्यासी, भक्तपुर**

# lrlgofF{k|tlglwd08nnfO{eQmk'/df :jfut

भक्तपुर नगरपालिकाले फागुन १६ गते चिनियाँ कम्युनिष्ट पार्टी ताली प्रिफेक्चर समितिका सचिव छेन चियनको नेतृत्वमा नेपाल भ्रमणमा आएको प्रतिनिधिमण्डललाई स्वागत गऱ्यो ।




प्रमुख प्रजापतिबाट चिनियाँ प्रतिनिधि मण्डलका नेतालाई उपहार प्रदान गर्नुहुँदै


स्वागत कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर ऐतिहासिक, सांस्कृतिक एवं प्राचीन शहर भएको उल्लेख गर्दै प्रतिनिधिमण्डललाई स्वागत गर्न पाउँदा खुशी लागेको बताउनुभयो । नेपाल र चीनबीच इतिहासदेखि नै भाइचारा सम्बन्ध रहेको उल्लेख गर्दै उहाँले हाल भक्तपुर भ्रमण गर्ने विदेशी पर्यटकहरूमध्ये ३० प्रतिशत चिनियाँ रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले २०७२ सालको विनाशकारी भूकम्पका कारण नगरका १३४ वटा सम्पदाहरूमा क्षति पुगेको चर्चा गर्दै नगरपालिकाले सम्पदा संरक्षण र पुनः निर्माणमा विशेष जोड दिएको जानकारी गराउनुभयो ।

भक्तपुर नगरपालिका र चीनको शान्नान शहरबीच आपसी समानताको आधारमा सांस्कृतिक, आर्थिक, पर्यटन, शहरी विकासलगायतका विषयमा द्विपक्षीय सहयोग आदानप्रदान गर्ने उद्देश्यले भगिनी सम्झौता भएको उल्लेख गर्दै प्रमुख प्रजापतिले ताली क्षेत्र र भक्तपुरबीच भगिनी सम्बन्ध स्थापना गर्ने विषयमा आफू सकारात्मक रहेको बताउनुभयो ।

कार्यक्रममा चिनिया प्रतिनिधि मण्डलका प्रमुख छेन चियनले नेपाल र चीनबीचको सम्बन्धमा भक्तपुर आपसी मित्रताको प्रतीक भएको चर्चा गर्दै भक्तपुर जस्तै ताली पनि प्राचीन र ऐतिहासिक सम्पदाले भरिएको मनोरम क्षेत्र भएको जानकारी दिनुभयो । तालीमा रहेका विश्वविद्यालयहरूमा पाँच सयभन्दा बढी नेपाली विद्यार्थीहरूले चिकित्सा शास्त्र तथा प्राविधिक विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययन गरिरहेको उल्लेख गर्दै दुई शहरबीच शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि क्षेत्रमा सहकार्य गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

चिनियाँ राष्ट्रिय स्तरका सम्पदा संरक्षणमा ताली क्षेत्र युनान प्रान्तकै सबैभन्दा उत्कृष्ट रहेको चर्चा गर्दै उहाँले त्यस क्षेत्रमा राष्ट्रिय स्तरका शत प्रतिशत, प्रान्तीय स्तरका




८० प्रतिशत र क्षेत्रीय स्तरका ५० प्रतिशत सम्पदाहरूको संरक्षण कार्य सम्पन्न भइसकेको अवगत गराउनुभयो ।

प्रमुख चियनले प्राकृतिक श्रोत, हावापानी, ऐतिहासिक सम्पदा, पर्यटन आदिमा भक्तपुर र तालीबीच समानता रहेको उल्लेख गर्दै दुई शहरबीचको सहकार्यले दुवै देशका जनतामा सकारात्मक प्रभाव पर्ने बताउनुभयो ।




चिनियाँ प्रतिनिधि मण्डललाई स्वागत पछिको सामूहिक तस्बिर

# भक्तपुर नगर र ताली प्रिफेक्चर दुवै प्राचीन शहर

- सुनिल प्रजापति-प्रमुख, भक्तपुर नगरपालिका

सांस्कृतिक नगर भक्तपुरमा जनगणतन्त्र चीनको प्रतिनिधि मण्डलका नेता चिनियाँ कम्युनिष्ट पार्टी ताली प्रिफेक्चरका सचिव छेन चियनज्यू र प्रतिनिधि मण्डलका सदस्यज्यूहरूलाई स्वागत गर्न पाउँदा हामीलाई ज्यादै खुशी लागेको छ।

विभिन्न कारणले नेपालमा स्थानीय तहमा १५ वर्षसम्म जनप्रतिनिधिहरू रिक्त रह्यो। २०७४ सालमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो। भक्तपुर नगरपालिकामा शत प्रतिशत जनप्रतिनिधिहरू नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित भएका छन्। नेपाल मजदुर किसान पार्टी नेपालको एउटा कम्युनिष्ट पार्टी हो। मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारा नेपाल मजदुर किसान पार्टीको मार्ग निर्देशक सिद्धान्त हो। हाम्रो पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) हुनुहुन्छ। उहाँ नेपालका वरिष्ठ राजनीतिज्ञ हुनुहुन्छ।

भक्तपुर नेपालको सानो नगरपालिका मध्ये एक हो। यो नेपालको प्राचीन शहर हो। यसको क्षेत्रफल ६.८८ वर्ग कि.मी. मात्र छ। यहाँ ८०,००० (अस्सी हजार) भन्दा बढी जनता बसोबास गर्छन्। कृषि यहाँका जनताको मुख्य पेशा हो।

भक्तपुर नेपालको सांस्कृतिक नगर हो। यहाँ दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्र विश्व सम्पदा सूचीमा परेका क्षेत्रहरू हुन्। ५५ झ्याले दरबार, पाँचतले मन्दिर, भैरवनाथको मन्दिर र सुनढोका यहाँका प्रख्यात सांस्कृतिक धरोहरहरू हुन्।

प्रशासनिक हिसाबले भक्तपुर नगर १० वटा वडामा विभाजित छ। प्रत्येक वडामा १ जना वडाअध्यक्ष र ४ जना नगरसभा सदस्य रहने व्यवस्था छ। वर्षको २ पटक नगरसभा बस्ने कानूनी व्यवस्था छ। एउटा सभाले एक वर्षको बजेट पारित गर्छ भने अर्को सभाले नगरपालिकाभित्रको लागि आवश्यक ऐन, नियम र नीति पारित गर्दछ। स्थानीय तहले विकास निर्माणका कामहरू गर्दछ साथै संविधानले निर्दिष्ट गरेका मुख्य तीन कामहरू गर्दछन् –

– कानून निर्माण गर्ने,
– कानूनको कार्यान्वयन गर्ने र
– न्याय सम्पादन गर्ने।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई छुट्टाछुट्टै विषयहरूमा कानून बनाउने अधिकार प्रदान गरेको छ। स्थानीय तहले सहकारी, आधारभूत र मा.वि. तहको शिक्षा, आधारभूत स्वास्थ्य र सर–सफाइलगायतका विषयमा आफै कानून बनाइ लागू गर्छ।

भक्तपुर नगरभित्र ३४ वटा सामुदायिक (सरकारी) र ५८ वटा संस्थागत (निजी) गरी कूल ९२ वटा विद्यालयहरू छन्। ती विद्यालयहरूमा ३६,५०० जना विद्यार्थीहरू अध्ययनरत छन्। नगरपालिका स्वयम्ले आफ्नै लगानीमा २ वटा ईन्जिनियरिङ्ग कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू संचालन गर्दै आएको छ। ती संस्थाहरूमा ५,६०० विद्यार्थीहरू अध्ययनरत छन्। अन्य छ वटा गरी भक्तपुर नगरमा १३ वटा कलेजहरू छन्। नगरपालिकाले ख्वप विश्वविद्यालय संचालनको तयारी गरिरहेको छ।

भक्तपुर नगरपालिकाले ३ वटा स्वास्थ्य केन्द्रहरू संचालन गर्दै आएको छ। नगरपालिकाले ख्वप अस्पताल संचालन गर्ने तयारी गरिरहेको छ भने भक्तपुर नगरभित्र भक्तपुर अस्पताल, क्यान्सर अस्पताल, मानव अङ्ग प्रत्यारोपण केन्द्र, बाल तथा महिला अस्पताल गरी अन्य ४ वटा अस्पतालहरू छन्।

भक्तपुर कला र संस्कृतिमा धनी नगर हो। यहाँका सम्पदाहरूको संरक्षणमा भक्तपुर नगरपालिकाले विशेष ध्यान दिइरहेको छ। २०७२ सालको भूकम्पले भक्तपुर नगरभित्र आँशिक र पूर्ण गरी करिव ८००० घरहरूमा क्षति पुगेको थियो। भूकम्पले १३४ वटा सम्पदाहरूमा पनि क्षति पुग्यो। अहिले हामी पुनः निर्माणमा जुटिरहेका छौं। भूकम्पले भत्केका सम्पदाहरू नगरपालिकाले पुनः निर्माण गरिरहेको छ।

सन् १९९३ देखि भक्तपुर नगरपालिकाले नगर प्रवेश गर्ने गैर सार्क मुलुकका नागरिकसित पर्यटक शुल्क उठाउँदै आएकोमा हाल चिनियाँ र सार्क मुलुकसित ५ डलर र गैरसार्क मुलुकका नागरिकसित १५ डलर उठाउँदै आएको छ। नेपाल आउने पर्यटकमध्ये करिब ३० प्रतिशतले भक्तपुर भ्रमण गरेको तथ्यांक छ। हाम्रो आयको मुख्य श्रोत पर्यटक शुल्क हो। पर्यटकहरूबाट उठेको अधिकांश पैसा कला–संस्कृति र सम्पदा संरक्षणमा खर्च गर्दै आएका छौं।

भक्तपुर नगरपालिका र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतको शान्नान शहरबीच १४ अगष्ट २०१६ मा भगिनी सम्बन्ध स्थापित भएको थियो। दुइ देशको समानताको आधारमा सांस्कृतिक, आर्थिक, पर्यटन, शहरी विकासलगायतका विषयमा द्विपक्षीय सहयोग आदान प्रदान गर्ने सम्झौतामा हस्ताक्षर भएको थियो। भक्तपुर नगरपालिका र ताली प्रिफेक्चर दुवै प्राचीन शहर भएको हुँदा दुई शहरबीच सम्बन्ध बढाउन हामी सकारात्मक छौं।

चिनियाँ कम्युनिष्ट पार्टीको १९ औं महाधिवेशनबाट सी चिनपिङ्ग महासचिव र दोश्रो कार्यकालका लागि राष्ट्रपति निर्वाचित हुनु भएकोमा नेपाली जनताको तर्फबाट हार्दिक बधाई तथा उहाँको कार्यकालको पूर्ण सफलताको कामना

# 'भक्तपुर मित्रताको प्रतीक'

*(चिनियाँ कम्युनिष्ट पार्टी तालिप्रिफ्याक्चर समितिका सचिव छन चियनको नेतृत्वमा भक्तपुर भ्रमणमा आएको चिनियाँ प्रतिनिधिमण्डललाई भक्तपुर नगरपालिका सभाकक्षमा मिति २०७४ फागुन १६ गते स्वागत गर्दा चिनियाँ प्रतिनिधिमण्डलको तर्फबाट अभिव्यक्त गरिएको मन्तव्यको सम्पादित अंश)*

नेपाल र चीन दुई देशबीच इतिहासकालदेखि नै प्रगाढ सम्बन्ध रहँदै आएको छ । हामीले दुई देशबीचको सम्बन्धमा भक्तपुरलाई मित्रताको प्रतीक मानेका छौं । आज यस ऐतिहासिक एवं सांस्कृतिक भक्तपुर नगरीमा भ्रमण गर्न पाउँदा र यहाँहरूले न्यानो स्वागत गर्दा हामीलाई आफ्नै घरमा बसिरहको अनुभव भयो । यहाँहरूको आत्मीय स्वागतको लागि ताली क्षेत्रका भ्रमण टोलीको तर्फबाट र सम्पूर्ण चिनियाँ जनताको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । हामीलाई स्वागत गर्न राखिएको ब्यानरमा 'नेपाल-चीन सम्बन्ध अमर रहोस्' भन्ने वाक्यले हामीलाई प्रभावित पारेको छ । यसप्रति पनि यहाँहरूमा हामी कृतज्ञ छौं ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हामीलाई भक्तपुरको इतिहास, कला र संस्कृतिबारे जानकारी दिनुभयो । यसले भक्तपुरलाई अझ नजिकबाट बुझ्ने अवसर मिलेको छ ।

भक्तपुर नगरजस्तै ताली शहर पनि युनान प्रान्तको एक पुरानो सांस्कृतिक शहर हो । पाइ जातीको एक मात्र स्वशासित क्षेत्र रहेको यहाँको क्षेत्रफल २९ हजार वर्ग किमी छ । कुल ३६ लाख जनसङ्ख्या रहेको यस क्षेत्रमा हान जातिबाहेक १३ वटा जनजातिका मानिसहरू बसोबास गर्छन् र कूल जनसङ्ख्याको एक तिहाइ जनसङ्ख्या पाइजातिको रहेको छ ।

ताली नेपालजस्तै प्राकृतिक सुन्दरताले भरिएको मनोरम क्षेत्र हो । यहाँ प्रसिद्ध छाङसाङ हिमाल र अरहाइताल रहेका छन् जसले आन्तरिक तथा बाह्य पर्यटकहरूको मन लोभ्याउँछ । यहाँको अर्थतन्त्रको मेरुदण्ड एवं जनतालाई समृद्ध बनाउने मुख्य आधार पर्यटन हो । यस वर्ष ४ करोड २० लाख पर्यटकहरूले यस क्षेत्रको भ्रमण गरेका छन् । ती मध्ये १२ लाख विदेशी पर्यटकहरू छन् । पर्यटन क्षेत्रबाट मात्र ६७ अर्ब अमेरिकी डलर आन्दानी भएको छ । राष्ट्रपति सी जिनफिङले यस क्षेत्रलाई भविष्यमा चीनको मात्र नभई विश्वकै प्रमुख पर्यटकीय आकर्षण केन्द्र बनाउने घोषणा गर्नुभएको छ । राष्ट्रपतिले अगाडि सार्नुभएको एक क्षेत्र एक सडक (ओबिओआर) अवधारणाको महत्त्वपूर्ण स्थान पनि ताली नै हो । त्यसैले आगामी ३ देखि ५ वर्षभित्र यस क्षेत्रलाई देशकै सर्वोत्कृष्ट पर्यावरणीय स्थल बनाउने लक्ष्यसहित हामी काम गरिरहेका छौं । त्यस समयमा वार्षिक ६ करोड पर्यटक भित्र्याउने लक्ष्य छ, जसमध्ये ५० लाखभन्दा बढी बाह्य पर्यटक हुनेछन् ।

ताली क्षेत्रको अर्को विशेषता कृषि उत्पादन पनि हो । यहाँका ओखर, फलफूल र दूधका उत्पादनहरू देशभरि पैठारी हुन्छन् । तालीमा आधुनिक गाडी निर्माण कारखाना पनि छ । पश्चिमी युनान प्रान्तको प्रमुख यातायातको केन्द्र भएको हुँदा यहाँ हवाइजहाज, रेल र एक्सप्रेस रेलको सुविधा छ । द्रुतगतिको रेल्वे निर्माण भइरहेको छ र निकट भविष्यमा सम्पन्न हुनेछ ।

शिक्षा र स्वास्थ्य उपचार सेवामा पनि ताली गन्तव्य स्थल बन्दैछ । यहाँ दुइटा ठूला र अन्तर्राष्ट्रिय स्तरका विश्वविद्यालयहरू छन् । त्यसमध्ये ताली विश्वविद्यालयमा नेपाललगायत दक्षिण एसियाका हजारौं विद्यार्थीहरू चिकित्सा शास्त्र अध्ययन गर्छन् । हामीलाई प्राप्त जानकारीअनुसार ५०० जनाको हाराहारीमा नेपाली विद्यार्थीहरू यस विश्वविद्यालयमा चिकित्साशास्त्रमा स्नातक र स्नातकोत्तर तहमा अध्ययन गरिरहेका छन् । यहाँबाट उत्पादन भई थुप्रै नेपाली विद्यार्थीहरूले नेपालमा विरामीहरूको राम्रो सेवा गरिरहेको हामीलाई थाहा छ । अर्को तियाङ्सी प्राविधिक विश्वविद्यालय हो । भक्तपुर नगरपालिकाले सञ्चालन गरेका कलेजहरू तथा नेपालका विश्वविद्यालयहरूसँग यस प्राविधिक विश्वविद्यालयले सहकार्य गर्न सक्ने धेरै आधारहरू छन् ।

भक्तपुर नगर र ताली शहरबीच धेरै कुराहरूमा समानता भएकोले हामी भक्तपुर नगरपालिकासँग सहकार्य गर्ने प्रस्ताव राख्न चाहन्छौं । यस विषयमा केही गृहकार्य गरेर आएका छौं । भक्तपुर नगरापलिकासँग हामी मुख्यतः ३ वटा विषयमा सहकार्य गर्न सक्छौं ।

पहिलो, भक्तपुर र तालीबीच भगिनी सम्बन्ध कायम गर्ने । यस विषयमा नेपालस्थित चिनियाँ दूतावाससँग छलफल गरिरहेका छौं । ➲➲

---

➲➲ गर्दछौं । उहाँले अगाडि सार्नु भएको भ्रष्टाचारविरोधी अभियान र एक क्षेत्र एक मार्ग (OBOR) नीतिले छिट्टै सफलता पाउने आशा पनि गर्छौं । OBOR ले आफूसँगै छिमेकी राष्ट्रलाई पनि संवृद्ध बनाउने नीति लिएकोमा हामी नेपालीहरू अत्यन्त खुशी छौं ।

अन्त्यमा, नेपाल पर्यटन बोर्डले यो अवसर जुटाइदिएकोमा पर्यटन बोर्डका सबै पदाधिकारीहरूलाई भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

(जनगणतन्त्र चीनको युनान प्रान्तको ताली प्रिफेक्चरका चिनियाँ कम्युनिष्ट पार्टीका सचिव छेन चियनको नेतृत्वमा आएको प्रतिनिधि मण्डललाई भक्तपुरमा स्वागत गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७४।११।१६ गते व्यक्त गर्नुभएको मन्तव्यको सार ।)

# संघीय नेपालका प्रदेशहरू-एक झलक




| प्रदेश नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| प्रदेशको नाम | | | | | | कर्णाली | |
| प्रदेशको केन्द्र | | | | | | सुर्खेत | |
| जिल्ला सङ्ख्या | १४ | ८ | १३ | ११ | १२ | १० | ९ |
| सदस्य सङ्ख्या | ९३ | १०७ | ११० | ६० | ८७ | ४० | ५३ |
| | (प्र ५६ + स ३७) | (प्र ६४ + स ४३) | (प्र ६६ + स ४४) | (प्र ३६ + स २४) | (प्र ५२ + स ३५) | (प्र २४ + स १६) | (प्र ३२ + स २१) |
| प्रदेश प्रमुख | गोविन्द सुब्बा | रत्नेश्वरलाल कायस्थ | अनुराधा कोइराला | बाबुराम कुँवर | उमाकान्त झा | दुर्गाकेशर खनाल | मोहनराज मल्ल |
| मुख्यमन्त्री | शेरधन राई | मोहम्मद लालबाबु राउत | डोरमणि पौडेल | पृथ्वीसुब्बा गुरुङ | शङ्कर पोखरेल | महेन्द्रबहादुर शाही | त्रिलोचन भट्ट |
| सभामुख | प्रदीप भण्डारी | सरोजकुमार यादव | सानुकुमार श्रेष्ठ | नेत्रनाथ अधिकारी | पूर्णबहादुर घर्ती | राजबहादुर शाही | अर्जुनबहादुर थापा |
| उपसभामुख | सरस्वती पोखरेल | उपमा देव | राधिका तामाङ | सिर्जना शर्मा | कृष्णी थारु | पुष्पा घर्ती | निर्मला बडाल |

प्र-प्रत्यक्ष / स-समानुपातिक

➲➲ दोश्रो, भक्तपुर नगरपालिकासँग शिक्षा र स्वास्थ्य उपचार क्षेत्रमा सहकार्य गर्ने। यसमा दुवै शहरका विद्यार्थी एवं शिक्षकहरू आपसमा आदानप्रदान गरेर दुवै शहरका विशेषताहरू एक आपसमा साटासाट गर्ने र अनुभवहरूबाट सिक्न सक्छौं।

तेश्रो, पर्यटन र कृषि क्षेत्रमा सहकार्य गर्ने। चीनका विभिन्न विशेषतायुक्त कृषि उत्पादनहरू भक्तपुरमा ल्याउने तथा भक्तपुरमै वीऊविजनहरू उत्पादन पनि गर्न सक्छौं।

हामीसँगै ताली क्षेत्रका प्रवुद्ध व्यापारीहरू पनि आएका छन्। उनीहरूले भक्तपुरमा सम्भाव्यता अध्ययन थालेका छन्।

सांस्कृतिक सम्पदा संरक्षणको विषयमा पनि अनुभवहरू साट्न सक्छौं। तालीमा राष्ट्रियस्तरका २५ वटा सम्पदाहरू छन् जुन शतप्रतिशत संरक्षित छन्। त्यस्तै प्रान्तीय स्तरका ८० प्रतिशत र क्षेत्रीय स्तरका ५० प्रतिशतभन्दा बढी सम्पदाहरू स्थानीय जनताको प्रत्यक्ष संलग्नतामा संरक्षण गरिएका छन्। तसर्थ भक्तपुर र तालीबीच पर्यटन क्षेत्रमा पनि समानता रहेकोले अनुभव आदानप्रदान गर्न सक्छौं।

हामीले उठाएका यी ३ वटा विषयमा भक्तपुरका जनताहरू सकारात्मक हुने विश्वास छ। यसलाई वस्तुगत ढंगबाट विश्लेषण गरी सहकार्यका लागि थप पहल गर्ने नै छौं। यसै भेटमा भक्तपुर नगरपालिकाका प्रमुख, उपप्रमुखलगायत जनप्रतिनिधिहरूलाई ताली क्षेत्र भ्रमणको लागि हार्दिक निमन्त्रणा गर्दछौं। भविष्यमा तालीमा यहाँहरूको भ्रमणको क्रममा दुई शहरबीच भगिनी सम्बन्ध स्थापना गर्ने सम्झौतामा हस्ताक्षर हुने विश्वाससहित यहाँहरूको न्यानो स्वागतको लागि पुनःधन्यवाद व्यक्त गर्दछौं।

# इन्द्रायणी परिसरमा सरसफाइ

भक्तपुर नगरपालिकाले हरेक महिनाको १ र १५ गते नियमित रूपमा भक्तपुरका ऐतिहासिक सम्पदास्थल, खुला क्षेत्र, पोखरीलगायतका स्थानहरूमा सरसफाइ गर्ने कार्यक्रमअनुसार फागुन १५ गते इन्द्रायणी क्षेत्रमा सरसफाइ सम्पन्न भयो ।




प्रमुख प्रजापति इन्द्रायणी परिसरमा सरसफाइ कार्यक्रममा बोल्नुहुँदै

नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा सम्पन्न उक्त कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीय विद्यालय र कलेजका प्रतिनिधिहरू एवं स्थानीय जनताको सहभागिता रहेको थियो । त्यस क्रममा इन्द्रायणी मन्दिर परिसर, त्यहाँ रहेको ऐतिहासिक ढुंगेधारा र बगैंचाका झारहरू हटाउने तथा रुख विरुवाको हाँगा काट्ने कार्य भएको थियो । भक्तपुर नगरक्षेत्रमा विदेशी पर्यटक भित्रिने मुख्य क्षेत्रमा भएको सरसफाइले स्थानीय वातावरण राम्रो भएको स्थानीय जनताको भनाइ छ ।



सरसफाइपछि आयोजित सभामा नगर प्रमुख सुनिल प्रजापतिले सरसफाइ सभ्यतासँग जोडिएको चर्चा गर्दै विदेशीलाई देखाउनमात्र नभई आफ्नै लागि पनि नियमित सरसफाइ गरिरहेको प्रष्ट पार्नुभयो । उहाँले भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूको विजयले भक्तपुरको विकास निर्माण एवं सम्पदा संरक्षणमा उल्लेखनीय कार्य भइरहेको र अन्य ठाउँका व्यक्तिहरूले भक्तपुरबाट सिक्नुपर्ने धारणा व्यक्त गरिरहेको बताउनुभयो । सामुहिक प्रयासले हरेक काम सफलतामा टुंगिन्छ र यसको अरुले प्रशंसा पनि गर्छ, उहाँले भन्नुभयो ।

वातावरण समितिका संयोजक रविन्द्र ज्याख्वले भक्तपुर संस्कृतिको केन्द्र रहेको चर्चा गर्दै नजिकिँदै गरेको होली पर्वलाई विकृतिपूर्ण ढंगबाट नमनाउन आग्रह गर्नुभयो ।

भक्तपुर नपा २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले सरसफाइमा सहभागी जनप्रतिनिधि, कर्मचारी, स्थानीयवासी र विद्यालयका शिक्षक विद्यार्थीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।

# अपाङ्गताबारे जनप्रतिनिधि र सरोकारवालाबीच अन्तरक्रिया

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षा दिएर सक्षम बनाउनु अत्यन्त कठिन काम भएको बताउँदै त्यस्तो कार्य गर्नु समाजको सेवा र धर्म हो भन्नुभयो।

समुदायमा आधारित पुन:स्थापना संस्था (सीबीआर) को आयोजनामा जनप्रतिनिधिहरू र सीबीआरका प्रतिनिधिहरूबीच फागनु ११ गते भएको अन्तरक्रिया कार्यक्रममा प्रमुख प्रजापतिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रही नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक व्यवस्था गर्ने छलफल अगाडि बढाउने बताउनुभयो।



जनप्रतिनिधिहरू र सीबीआरका प्रतिनिधिहरूबीच अन्तरक्रिया कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

उहाँले ऐन कार्यान्वयनमा आउनेबित्तिकै भक्तपुर नपाले ज्येष्ठ नागरिकहरूको परिचयपत्र वितरण सुरु गरेको र सामाजिक सुरक्षा भत्ता वडा समितिहरूमार्फत वितरण गर्ने निर्णय गरेको जानकारी दिंदै अपाङ्गता भएका व्यक्तिहरूलाई सहज हुने गरी सिद्धपोखरीमा बाटो मिलाएको, ख्वप कलेजमा अध्ययरत विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरेको र नगरपालिकाले रोजगारीसमेत उपलबध गराई सहयोग गरिरहेको बताउनुभयो।

सीबीआरको निर्देशक सूर्यभक्त प्रजापतिले भक्तपुरमा सीबीआरको स्थापनाको उद्देश्य, सञ्चालनको अवस्था र त्यसका चुनौतीहरू तथा अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी संविधान र कानुनी व्यवस्थाबारे प्रस्तुतिकरण गर्नुभएको थियो।

सन् १९८५ मा स्थापना भएको सीबीआरले निरन्तर अपाङ्गता भएका व्यक्तिहरूको सेवा गर्दै आएकोमा हाल भक्तपुर जिल्लामा ४६२१ जना र भक्तपुर नगरपालिकाभित्र १३९६ जना अपाङ्गता भएका व्यक्तिहरू रहेको तथ्याङ्क प्रस्तुत गरिएको थियो।

भक्तपुरमा अपाङ्गता हुनुका प्रमुख कारणहरूमा वंशानुगत, सङ्क्रमणजन्य, दुर्घटनाजन्य, उमेरजन्य आदिलाई जनाइएको छ।

भक्तपुरमा अपाङ्गता अधिकार स्थापनाको लागि शीघ्र अपाङ्गता पहिचान गरी सूचना प्रणाली सुव्यवस्थित गर्ने, अपाङ्गताको पहिचान गरी सही परिचयपत्र वितरण, पूर्ण र अतिअशक्तहरूको सेवा-सुविधामा प्राथमिकता दिनेलगायत चुनौतीहरू रहेको प्रस्ट्याइएको थियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाको १ देखि १० वडासम्म क्रमश: ७७, २०८, २८१, ११७, १३२, १०९, १४१, ८७, २२६ र ११८ गरी कूल १३९६ अपाङ्गता भएका व्यक्तिहरू रहेको तथ्याङ्क प्रस्तुत गरिएको थियो।

कार्यक्रममा वडाध्यक्षहरू उकेश कवां, प्रेमगोपाल कर्माचार्य, लक्ष्मीप्रसाद ह्यौंमिखा, राजकृष्ण गोरा, महेन्द्र खायमली, हरिराम सुवाललगायतको उपस्थिति रहेको थियो भने सीबीआरका रमेशराम श्रेष्ठ, शिक्षक-शिक्षिकाहरू, अपाङ्गता क्षेत्रमा काम गरिरहेका विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरू र विद्यार्थीहरूको सहभागिता थियो।

जनप्रतिनिधिहरूले सीबीआरले सञ्चालन गरिरहेको कक्षा कोठाहरू र फिजियोथेरापी सेवा अवलोकन गर्नुभएको थियो।

**भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो।**

# 5f8f s's'/sf]aGWofs/0f / /]ahlj?4sf] vf]k lb0of]

भक्तपुर नगरपालिकाले फागुन ४ गतेदेखि नगर क्षेत्रमा छाडा छोडिएका कुकुरहरूलाई बन्ध्याकरण तथा रेबिज रोगविरुद्ध खोप अभियान संचालन गरेको छ। शुक्रबार विहान दरबार क्षेत्रबाट शुरु गरिएको उक्त अभियानअन्तर्गत १४ वटा साना ठूला कुकुरहरूलाई खोप दिएर बन्ध्याकरणको लागि ग:पलीस्थित पशु स्वास्थ्य क्लिनिकमा लगिएको छ।

लगिएका कुकुरहरूलाई पशु चिकित्सक डा. एकता पाण्डे र डा. आशिष राई र प्राविधिक मुकेश तुल्सीबाख्यो र बुद्धिराम रेग्मीको टोलीले उपचार गर्ने र उपचारपछि आजै समातिएकै स्थानमा छोडिने नगरपालिका स्रोतले बताएको छ ।

जथाभावी छाडा छोडिएका कुकुरको टोकाइले मानवीय क्षति नहोस् भनेर तालिमप्राप्त पशुविज्ञहरूको टोली तथा नगरपालिकाका ९ जना कर्मचारीहरूको सहयोगमा कुकुरहरूलाई समातिएको हो। नगरपालिकालाई रेबिज रोगमुक्त बनाउने लक्ष्यसहित उक्त अभियान संचालन गरिएको हो ।

नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायतका जनप्रतिनिधिहरूले विहान दरबार क्षेत्रमा कुकुरहरूलाई खोप लगाउने कार्यक्रमको अवलोकन गर्नुभएको थियो। कुकुरहरूले नगरको रात्रीकालीन सुरक्षादिइरहेको चर्चा गर्दै प्रमुख प्रजापतिले नगरमा अत्यधिक सङ्ख्यामा देखिएका कुकुरहरूलाई रेबिज रोगबाट मुक्त गर्न तथा कुकुरको सङ्ख्या अनपेक्षित रूपमा बढ्नबाट रोक्न नगरपालिकाले बन्ध्याकरण तथा खोप अभियान संचालन गरेको प्रष्ट पार्नुभयो। 'यो एउटा सकारात्मक पहल हो र यसमा दक्ष पशु चिकित्सकहरू संलग्न छन्', उहाँले भन्नुभयो। उहाँले यो अभियान नगरका सबै वडाका टोलहरूमा तथा नयाँ बस्तीहरूमा समेत संचालन गर्ने बताउनुभयो।

पछिल्लो समयमा नगरका विभिन्न स्थानहरूमा कुकुरको टोकाइबाट नगरवासीहरू पीडित भएको गुनासोहरू आइरहेको सन्दर्भमा नगरपालिकाले संचालन गरेको यो अभियान निकै प्रभावकारी हुने अपेक्षा गरिएको छ। पशु स्वास्थ्य र मानवीय स्वास्थ्य दुवैलाई ध्यानमा राखेर कार्यक्रम अघि बढाइएको कार्यक्रम संयोजक तथा भनपा ३ नं. वडाका अध्यक्ष राजकृष्ण गोराले बताउनुभयो। उहाँले रेबिज रोगबारे सर्वसाधारणलाई जनचेतना दिने र खोप लगाइएका कुकुरहरूको पहिचान गर्न सजिलो होस् भनेर चित्र सहितका पर्चा र पोष्टरहरू ठाउँ ठाउँमा राख्न लागिएको उल्लेख गर्नुभयो।

अभियानमा संलग्न डा. पाण्डेले समातिएका कुकुरहरूलाई आधुनिक सुविधा सम्पन्न क्लिनिकमा बन्ध्याकरणसहित उपचार गरिने बताउनुभयो। 'एउटा कुकुरलाई सामान्य अपरेशन गरेर बन्ध्याकरण गर्न करिब ४५ मिनेट लाग्छ', उहाँले भन्नुभयो। खोप र बन्ध्याकरण गरिएका कुकुरहरूलाई सर्वसाधारणले चिन्न सजिलो बनाउन घाँटीमा सुन्तला रंगको पेटी बाँध्ने तथा दाहिने कानको थोरै भाग काटिने उहाँले जानकारी दिनुभयो।

नगरभित्रका कुकुरहरूलाई निरोगी बनाउने तथा सङ्ख्यालाई व्यवस्थित गर्ने कार्यमा भक्तपुर नगरपालिकाले अगुवाइ गरेकोमा खुशी व्यक्त गर्दै अभियानका अभियन्ता सन्दिप जोशीले नगरपालिकाले घरपालुवा कुकुरहरूको तथ्यांक राख्न सुझाव दिनुभयो। नगरवासीहरूले आफ्नो जग्गा, पसल, व्यवसाय र यातायातको साधन दर्ता गराएजस्तै घरपालुवा पशुहरूको दर्ता गर्न आवश्यक रहेको उहाँको कथन थियो ।



छाडा छोडिएका कुकुरहरूलाई बन्ध्याकरण तथा रेबिज रोगविरुद्ध खोप अभियान

कुकुर धनीहरूलाई नगरपालिकाकै अगुवाइमा समय समयमा कुकुरको स्वास्थ्य परीक्षण गराउन तथा कुकुरबाट सर्न सक्ने विभिन्न रोगहरूबाट बच्ने उपायबारे अभिमुखीकरण गराउन सके थप प्रभावकारी हुने अर्का अभियन्ता सुरेश कवांले बताउनुभयो।

कुकुर रहरले मात्रपाल्ने नभई कुकुरको पोषण, खोप, व्यायाम, तालिम आदिको बारेमा पनि सचेत हुनुपर्ने पशु चिकित्सक डा. प्रणव जोशीको भनाइ थियो। पर्याप्त ज्ञानको अभावले कुकुर पाल्दा अनावश्यक आर्थिक बोझ बढ्ने उल्लेख गर्दै कुकुरलाई गहुँ, जौ र मकैका परिकारहरू नखुवाउन उहाँले सल्लाह दिनुभयो।

# ढुङ्गा छपाइ निरीक्षण गर्ने अनुगमन समिति गठन

भक्तपुर नगरको टौमढीदेखि नासमनासम्मको ढुङ्गा छपाइ अनुगमन गर्न वडाअध्यक्ष कुमार चवालको संयोजकत्वमा अनुगमन समिति माघ २२ गते गठन गरिएको छ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसहितले ढुङ्गा छपाइ गरिरहेको स्थलगत निरीक्षण गरी टेण्डर बमोजिमको काम नभएको पाएपछि तत्काल नगरपालिकामा सम्बन्धित पदाधिकारीहरूको बैठक बोलाई अनुगमन समिति गठन गरिएको हो ।



प्रमुख सुनिल प्रजापतिसहितले ढुङ्गा छपाइ गरिरहेको स्थलगत निरीक्षण गर्नुहुँदै

शहरी विकास तथा डिभिजन कार्यालयले भक्तपुर नपाका वडा नं. ४ को टौमढीदेखि नासमनासम्म ३३८ मिटर ढुङ्गा छपाइको लागि टेण्डर खोलेकोमा दोलखा खाडिचौर बस्ने सुनबहादुर लामासहितलाई रु. ८८ लाखमा टेण्डर परेको थियो।

नगर प्रमुख प्रजापतिले पटक पटक कामको गुणस्तरमा सुधार ल्याउन निर्देशन दिंदा पनि अटेरी गरी ढुङ्गा छाप्ने कार्यलाई निरन्तरता दिएको हुँदा शहरी विकास तथा डिभिजन कार्यालयका प्रमुख मिलन आचार्यसमेतको उपस्थितिमा अनुगमन समिति गठन गरिएको हो।

वडाअध्यक्ष चवाल संयोजक रहेको उक्त समितिमा नगरपालिकाका ईन्जिनियर श्रीकृष्ण न्याईच्याई र शहरी विकासका ईन्जिनियर विणा श्रेष्ठ सदस्य रहनु भएको छ।

बैठकले अनुगमन समितिको सिफारिसमा मात्रै ठेकेदारलाई भुक्तानी दिने, ढुङ्गा छपाइमा प्रयोग हुने ढुङ्गाको साइज (९X१२) ईन्च र ४ ईन्च मोटाइको हुनुपर्ने र ढुङ्गा छाप्ने काममा बालुवा प्रयोग गर्ने लगायत निर्णय गऱ्यो।

ठेकेदारले लापरवाहीपूर्वक ढुङ्गा छपाई गरिरहेको भनी जनगुनासो आएपछि नगर प्रमुख र उप प्रमुख स्थलगत निरीक्षणमा जानु भएको हो।

बैठकमा उपप्रमुख रजनी जोशी, शहरी विकासका प्रमुख मिलन आचार्य, ई.श्रीकृष्ण न्याईच्याई, ई.विणा श्रेष्ठ, ई.विशाल कायष्ठ र ठेकेदार सुनबहादुर लामाको उपस्थिति थियो।

# ‘d]p/ sk’ elnan ;kmn kfg{sd{f/L e]hf

भक्तपुर नगरपालिकाले आयोजना गरेको अन्तर नगर मेयर कप भलिबल प्रतियोगिता सफल पार्न र नगरको सरसफाइबारे सफाइ कर्मचारी, ड्राइभर, हेल्पर र वडानिरीक्षकहरूको भेला भनपाको सभाकक्षमा फागुन २ गते सम्पन्न भयो।

भेलामा भक्तपुर नपाको वातावरण समितिका संयोजक एवं वडा नं ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले जनप्रतिनिधि निर्वाचितसँगै वर्षमा एउटा अन्तर नगर खेलकुद प्रतियोगिता गर्ने उद्देश्यअनुसार यो भलिबल प्रतियोगितालाई अगाडि बढाएको बताउनुभयो। उहाँले ७ मध्ये ६ वटा प्रदेशको नगरपालिकाबाट सहभागी हुने बताउँदै खेल खेल्नको लागि मात्र नभई मित्रता बढाउन र एक आपसमा भएको ज्ञान र सीप साटासाट गर्ने वातावरण बन्ने उदाहरण दक्षिण र उत्तर कोरिया, चीन र अमेरिका, भारत र पाकिस्तानबीच भएको मित्रता र कुटनीतिबारे बताउनुभयो। नगरपालिकाले सरसफाइलाई पहिलो प्रथामिकतामा राखेको बताउँदै अनुशासन र मर्यादामा बसेर कर्मचारीले जिम्मेवारी पूरा गर्न उहाँले निर्देशन दिनुभयो। भक्तपुर नगरपालिकाबाट सिक्न धेरै नगरपालिकाहरूको अध्ययन भ्रमण भएको उहाँले बताउनुभयो।

कार्यक्रममा नगरनिरीक्षक दिलिप कुमार सुवालले सरसफाइमा गुनासो आएकोबारे कर्मचारीले राम्रोसँग सफा गर्न निर्देशन दिनुभयो।

कार्यक्रममा वडा निरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नुभयो।

# 'जनतालाई शुद्ध पानी खुवाउनु राज्यको दायित्व हो' प्रमुख प्रजापति

भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) को सञ्चालक समितिमा एसियाली विकास बैंकले मनोनयन वा नियुक्ति गरेको स्वतन्त्र सञ्चालक सदस्य रहने व्यवस्थाप्रति गम्भीर आपत्ति जनाउनुभयो।




प्रमुख प्रजाति काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) को कार्यक्रममा बोल्नुहुँदै

साधारणसभामा प्रस्तुत प्रतिवेदमाथि फागुन ९ गतेको छलफलमा भाग लिदै प्रमुख प्रजातिले खानेपानी व्यवस्थापन हाम्रो जिम्मेवारी हो, यस्तो सञ्चालक समितिमा विदेशीका प्रतिनिधि आवश्यक किन भयो भनी प्रश्न गर्दै सिंहदरबारभित्र सयौं वटा आइएनजीओहरूले काम गरिरहेकोबारे सचेत हुनुपर्छ भन्नुभयो।

केयूकेएल घाटामा गइरहेको हुँदा नाफामा जानुपर्ने भनी व्यक्त सहभागीहरूको विचारप्रति असहमति जनाउँदै सारा जनतालाई शुद्ध पानी खुवाउनु राज्यको दायित्व हो, खानेपानी प्राकृतिक स्रोत भएकोले नाफाको निम्ति होइन सेवाको भावनाले सन्तुलित वितरण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

१० हजार लि. पानीको रु. १००।- लिई आएकोमा आवश्यकताअनुसार दस्तुर बढाउने प्रतिवेदनमा उल्लेखित विषयमा टिप्पणी गर्दै प्रमुख प्रजापतिले वर्षौंसम्म पानीविना महसुल तिर्न बाध्य जनतालाई पानी नआएको अवधिको स्थलगत निरीक्षण गरी मिनाहा गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

केयूकेएलले राम्रोसँग खानेपानी वितरण नगरेको कारण जनताको समस्या सम्बोधन गर्न निर्वाचनपछि भक्तपुर नपाले करिब चार लाख रूपैया बराबरको खानेपानी वितरण गरेको उहाँले जानकारी दिनुभयो।

कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले नपा स्थापनादेखि खानेपानीको लागि १३/१४ करोड रूपैया खर्च गरिसकेको र यो वर्ष पनि डेढ करोड खर्च गरेको बताउनुभयो।

महालक्ष्मी नगरपालिकाका नगर प्रमुख रामेश्वर श्रेष्ठले केयूकेएलको सञ्चालक समितिमा जनप्रतिनिधिहरू पनि राख्नुपर्ने विचार व्यक्त गर्नुभयो।

नेपाल चेम्बर अफ कमर्शका प्रतिनिधि कमलेशकुमार अग्रवालले केयूकेएलको काम कारबाही कम्पनी ऐनअनुसार नभएको, खानेपानी व्यापारको दृष्टिले हेरेर नाफा लिनेतर्फ सोच्नुपर्ने विचार व्यक्त गर्नुभयो।

केयूकेएलको सञ्चालक समितिमा ९ जना सदस्य रहने व्यवस्था भएकोमा अबदेखि ११ जना सदस्य रहने व्यवस्था गरिएको छ।

साधारणसभाले आ.व. २०७२/७३ को लेखा परीक्षण प्रतिवेदन पारित, लेखा परीक्षक नियुक्ति गर्ने निर्णय गऱ्यो। त्यसैगरी एसियाली विकास बैङ्कका प्रतिनिधि स्वतन्त्र सञ्चालक हुने प्रस्ताव लिनुका साथै कम्पनीको नियमावली र प्रबन्धपत्रमा संशोधन गरी अर्को सभामा पेश गर्न एक कार्यदल गठन गर्ने निर्णय गरियो।

केयूकेएलमा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाभित्रका नगरपालिकाहरूका लागि सुरक्षित गरिएका ३० हजार कित्ता (३० लाख बराबरको) र साधारण शेयर लिन पत्राचार गरेकोमा १६ नपाहरूलाई बराबर भाग गर्दा एउटा नगरपालिकाको भागमा १८७५ कित्ता शेयर १ लाख ८७ हजार ५०० पर्नेमा भक्तपुर नपाले सो रकम बुझाई केयूकेएलको सदस्य बनेको छ।



काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) को कार्यक्रममा सहभागीहरू

# eQmk'/ gkfdf sLlt{k'/ gu/kflnsfsf]k|d08n

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनसहितका जनप्रतिनिधिहरूले फागुन ७ गते भेट गर्नुभयो।



भक्तपुर नपामा कीर्तिपुर नगरपालिकाको प्रमण्डलसहित

भक्तपुर नगरपालिका कार्यालयमा भएको भेटमा दुई नगरबीच सांस्कृतिक सम्बन्धको विकास र अनुभवको आदानप्रदान गर्नुपर्ने आवश्यकताबारे छलफल भयो।

भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले सांस्कृतिक नगरको पहिचान जोगाउन कला-संस्कृति संरक्षणमा जोड दिइरहेको बताउनुभयो।

उहाँले शिक्षा-स्वास्थ्य र खेलकुद क्षेत्रमा नगरपालिकाले गर्दै आएको कार्यबारे जानकारी दिंदै भक्तपुर नपाको आयोजनामा भइरहेको अन्तरनगर भलिबल प्रतियोगितामा कीर्तिपुर नगरपालिकाको तर्फबाट टीम पठाई सहयोग गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो।

कीर्तिपुर नगरपालिकाका प्रमुख महर्जनले भक्तपुर नपाले गर्दै आएको कामबाट सिक्न चाहेको बताउँदै दुई पक्षको अनुभवको आदान प्रदानले आपसी फाइदा हुने विश्वास व्यक्त गर्नुभयो।

कीर्तिपुर नपाका प्रमुख, उपप्रमुख एवं वडाध्यक्षहरूले भलिबल प्रतियोगिताको अवलोकन गर्नुका साथै निर्माणाधीन भाज्या पोखरी र सिद्ध पोखरीको पनि अवलोकन गर्नुभयो।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडाध्यक्षहरू रविन्द्र ज्याख्व, उकेश कवांलगायतको उपस्थिति रहेको थियो।

# कलाकारहरूको मागप्रति नपा गम्भीर

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले 'एक सहर-एक पहिचान' अन्तर्गत भक्तपुर नगरपालिकाले नयाँ अरनिको सभाभवन बनाउने निर्णय गरेको बताउनुभएको छ।

फागुन १० गते भक्तपुरका युवा कलाकारहरूसँगको भेटमा प्रमुख प्रजापतिले भक्तपुरको कला-संस्कृति संरक्षणको लागि जनप्रतिनिधिहरूले नपामा पदभार ग्रहण गरिसकेपछि गाईजात्रा महोत्सव तथा बाँसुरी बाजा प्रतियोगिता सम्पन्न गरिसकेको जानकारी दिनुभयो।

उहाँले सम्पदा क्षेत्रमा कुनै नाटक वा फिल्म सुटिङ गर्दा भक्तपुरवासीलाई विशेष छुट दिइरहेको पनि बताउनुभयो।

कलाकारहरूको प्रतिनिधित्व गर्दै श्यामसुन्दर शिल्पकारले भक्तपुर नपाले कलाकारहरूलाई राम्रो परिचालन गर्नुपर्ने र भक्तपुरवासीहरूले कुनै नाटक वा फिल्म सुटिङ गर्दा विशेष छुटको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो।

अर्का कलाकार कृष्ण प्रजापतिले भक्तपुरमा सभाभवनको अभाव भएकोले कलाकारहरूले आफ्नो कला प्रस्तुत गर्न नपाएको, नगरपालिकाले कलाकारहरूलाई प्रोत्साहन गर्नुपर्ने र नेपालभाषालाई प्राथमिकता दिएर लिपि कक्षा सञ्चालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

सडक नाटकलाई विशेष ध्यान दिनुपर्ने बताउँदै युवा कलाकार रमेश प्रजापतिले लोपोन्मुख नाटक वा प्याखँ (नाच) हरूलाई नगरपालिकाले संरक्षण गर्नुपर्छ भन्नुभयो।

कलाकारहरू हरिकृष्ण दुवाल र लक्ष्मीप्रसाद चवालले भक्तपुरको प्रचार-प्रसार गर्न जनचेतनामूलक नाटकहरू देखाउनेहरूलाई नगरपालिकाले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

नगरपालिकाले कलाकारहरूको मागलाई गम्भीरतापूर्वक लिने नगर प्रमुख प्रजापतिले बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस्।

# zxLb :d[t v]h d}bfgdf ;/;kmfO

भक्तपुर नगरपालिकाको पाक्षिक सफाइ अभियान अन्तरगत फागुन १ गते शहीद स्मृति खेल मैदान र त्यसको




वरपर भक्तपुर नपाका जनप्रतिनिधि, कर्मचारी, स्थानीय विद्यालय, टीम क्लवका सदस्यहरूको उपस्थितिमा सरफाइ कार्यक्रम सम्पन्न भयो ।

सो अवसरमा भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले सरसफाइ कार्यक्रममा सहभागी सबैलाई धन्यवाद व्यक्त गर्दै भक्तपुर सफा, स्वच्छ नगरको रूपमा मात्र नभई खेलकुदको केन्द्रको रूपमा पनि विकास गर्न फागुन ३ देखि ८ गतेसम्म अन्तर नगरपालिका मेयर कप भलिबल प्रतियोगिता आयोजना गरेको जानकारी दिनुभयो ।

भक्तपुर नपा साविक वडा नं. १५ का पूर्वअध्यक्ष रवीन्द्र खर्बुजाले सरसफाइ कार्यक्रमले सभ्य नागरिकको परिचय दिने बताउनु भयो ।

भक्तपुर नपा वडा नं. २ का वडा अध्यक्ष हरिप्रसाद बासुकलाले अग्रजहरूले भक्तपुर नगर सफा गर्ने अभियान थालेको प्रसङ्ग उल्लेख गर्दै त्यसलाई निरन्तर अगाडि बढाई समृद्ध नगर निर्माण गर्ने अभियानमा सबैको सहयोगको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा वडा नं. २ का सदस्य श्यामसुन्दर मातांले सरसफाइको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो ।

नियमित सफाइबाहेक नपाले प्रत्येक महिनाको १ र १५ गते गरी दुई पटक नगरका महत्त्वपूर्ण स्थानहरूमा सफाइ कार्यक्रम गर्दै आइरहेको छ । शहीद स्मृति खेल मैदानमा फागुन ३ गतेदेखि अन्तर नगर मेयरकप भलिबल प्रतियोगिता सुरु हुन गइरहेको छ ।




## सन्ततिको स्वास्थ्य र भावी स्वस्थ जीवनको लागि खोप लगाउन सम्झना राखौं

### भक्तपुर नगरपालिका क्षेत्रभित्र खोप सेवा प्रदान गरिने स्थान, दिन र समय

| स्थान | दिन (हरेक हप्ताको) | समय | उपलब्ध भ्याक्सिन |
|---|---|---|---|
| भक्तपुर अस्पताल, दूधपाटी | आइतबार र बुधबार | बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म | बि.सि.जि., डि.पि.टि., हे.प.बि. हिव, पोलियो दादुरा–रुबेला, जेई, टि.टि. |
| शहरी स्वास्थ्य केन्द्र, च्यामासिङ्ग | सोमबार र शुक्रबार | बिहान ७ बजेदखि दिउँसो १ बजेसम्म | |
| शहरी स्वास्थ्य केन्द्र, ब्यासी | बिहीबार | बिहान ७ बजेदखि दिउँसो १ बजेसम्म | |
| सिद्धिस्मृति महिला तथा बाल अस्पताल, भेलुखेल | आइतबार, मङ्गलबार र शुक्रबार | बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म | |
| सामुदायिक स्वास्थ्य केन्द्र, घटखा | आइतबार | बिहान ७ बजेदेखि ९ बजेसम्म | |

जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर

# eQmk'/df alGbk'/ ufpkflnsfsf]k|tlglw d08n

बन्दिपुर गाउँपालिकाको एक प्रतिनिधिमण्डलले माघ २७ गते भक्तपुर नगरपालिका र नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अवलोकन भ्रमण गऱ्यो।

प्रतिनिधिमण्डललाई स्वागत गर्दै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाले गर्दै आएको विभिन्न कार्य र सञ्चालित योजनाहरूबारे जानकारी गराउनुभयो।



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति प्रतिनिधिमण्डललाई स्वागत गर्दै

उहाँले व्यवस्थित बसोबासको लागि आवास योजना, घरघरमा नर्सिङ सेवा, सरसफाइबारे जनचेतना जगाउन प्रत्येक महिनामा दुई दिन जनप्रतिनिधि, कर्मचारी र जनताको सहभागितामा बृहत् सरसफाइ, विभिन्न सीपमूलक तालिम, खेलकुद प्रशिक्षण, खेलाडी सम्मानलगायतका कार्यक्रमहरू नगरपालिकाले सञ्चालन गरिरहेको बताउनुभयो।

त्यस्तै ख्वप, कलेजमा प्रतिनिधिमण्डललाई स्वागत गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजाप्रततिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको उपादेयता र उद्देश्यबारे जानकारी गराउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, 'हामी शिक्षालाई श्रमसँग जोड्न चाहन्छौं। श्रमिसँग जोडिएको शिक्षा व्यवस्था गर्न भक्तपुर नपा ख्वप विश्वविद्यालय स्थापना र सञ्चालन गर्न तत्पर छ। यसको लागि यहाँका जनप्रतिनिधिहरू र शिक्षाविद्हरू निरन्तर लागिपरेको छ।

प्रतिनिधिमण्डलले देकोचास्थित ख्वप कलेज र मावि तथा लिवालीस्थित ख्वप इन्जिनियरिङ कलेज एवं ख्वपकलेज अफ इन्जिनियरिङको अवलोकन गऱ्यो। ती कलेजहरूमा प्राचार्यहरू रूपक जोशी र सुजन माकले प्रतिनिधि मण्डललाई स्वागत गर्दै कलेजहरूबारे जानकारी दिनुभयो।

प्रतिनिधिमण्डलका नेता बन्दिपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले शिक्षा विकासको लागि भक्तपुर नगरपालिकाले गर्दै आएको काम सराहनीय छ भन्नुभयो।

प्रतिनिधिमण्डलमा बन्दिपुर गाउँपालिकाका वडा अध्यक्षहरू बन्दिपुर होटल व्यवसायी, बन्दिपुर उद्योग वाणिज्य सङ्घ, बन्दिपुर पर्यटन व्यवसायी, बन्दिपुर पत्रकार समाज, बन्दिपुर पर्यटन विकास समितिका सदस्यहरू सहभागी थिए।

वडाध्यक्षहरू रविन्द्र ज्याख्व र श्यामकृष्ण खत्रीसमेतको उपस्थितिमा प्रतिनिधि मण्डललाई भक्तपुरका ऐतिहासिक सम्पदास्थलहरू दत्तात्रय, ङातापोल, दरबार क्षेत्रलगायतको भ्रमण गराइएको थियो।



ख्वप कलेजको कार्यक्रममा

# ख्वप शिक्षालयहरूको वार्षिकोत्सव सम्पन्न

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माविको अठारौं, ख्वप कलेजको सोन्हौं र शारदा क्याम्पसको २७ औं वार्षिकोत्सव तथा शैक्षिक प्रदर्शनी कार्यक्रम माघ २३ गते एक समारोहबीच नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले उद्घाटन गर्नुभयो।

कार्यक्रममा उद्घाटन मन्तव्य राख्दै प्रमुख अतिथि अध्यक्ष बिजुक्छेंले शिक्षण संस्थाको प्रगतिमा शिक्षकहरूको भूमिका महत्त्वपूर्ण हुने हुनाले शिक्षण संस्थालाई आफ्नै घर सम्झी कार्य गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

नेमकिपाका सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले नयाँ पुस्तालाई सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिने उद्देश्यले शैक्षिक प्रदर्शनी हुनु राम्रो कदम भएको बताउनुभयो।

भक्तपुरलाई शिक्षाको केन्द्र, पर्यटकीय गन्तव्यस्थल र सफा नगर बनाउने भक्तपुर नगरवासीको चाहनालाई अध्ययन पूरा गरेका विद्यार्थीले सहयोग गर्ने अपेक्षा राख्दै उहाँले देश र जनताको सेवा गर्ने भावनाका साथ विद्यार्थीहरूले अध्ययनमा जोड दिनुपर्छ भन्नुभयो।

अध्ययन–अनुसन्धानमा जोड दिने उद्देश्यले ख्वप विश्वविद्यालय स्थापनाको लागि भक्तपुरका जनता निरन्तर लागिरहने छ, सचिव सुवालले भन्नुभयो। नेपालको राजश्व आम्दानी रु. ७ अर्ब र कर्मचारी प्रशासन खर्च रु. ८ अर्बभन्दा बढी लाग्ने उल्लेख गर्दै उहाँले भन्सारको आम्दानीले कर्मचारी पाल्ने नीति ठीक नभएको बताउनुभयो। प्रगतिशील कर प्रणाली लागू गर्नुपर्ने, कर प्रशासन प्रभावकारी बनाउनुपर्ने, कर्मचारीको तलबभन्दा महँगी नियन्त्रण गर्नमा सरकारले जोड दिनुपर्ने सचिव सुवालले उल्लेख गर्नुभयो। प्रधानमन्त्री भइसकेका व्यक्तिहरू भारतीय विदेशी मन्त्रीलाई भेट्न होटल जानु कूटनीतिक मर्यादाविपरीत हो, भारतको सामु आत्मसमर्पण गर्नु हो, उहाँले भन्नुभयो।

कार्यक्रमका सभापति एवं विद्यालय (कलेज सञ्चालक समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले देशभरका जनताका छोराछोरीलाई सस्तोमा गुणस्तरीय शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै आएको बताउनुभयो। गुणस्तरीय शिक्षासँगसँगै देशको सार्वभौमिकता रक्षाको निम्ति लड्ने देशभक्त नागरिक तयार गर्ने ख्वप कलेजहरूको उद्देश्य हो, उहाँले भन्नुभयो। सार्वजनिक विद्यालय, कलेज र विश्वविद्यालयलाई दिने अनुदान घटाएर, शिक्षक दरबन्दी नदिएर वा भौतिक पूर्वाधारको लागि आवश्यक बजेट नदिएर सरकारले शिक्षालाई निजीकरण गर्नेतर्फ प्रोत्साहित गरिरहेको छ, प्रमुख प्रजापतिले भन्नुभयो। विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोषजस्ता अन्तरराष्ट्रिय बहुराष्ट्रिय कम्पनीहरूले देशको सार्वभौमिकतामाथि नै परोक्ष रूपमा हस्तक्षेप गरिरहेको उल्लेख गर्दै प्रमुख प्रजापतिले शिक्षा क्षेत्रका मुख्य मुख्य जिम्मेवार पदाधिकारीहरूलाई आर्थिक प्रभावमा पारेर शिक्षालाई व्यापारिक वस्तु बनाइएको हुँदा शिक्षाक्षेत्र उम्कनै नसक्ने जालोमा फस्नेतर्फ सचेत हुनुपर्ने ➲➲



# ‘नगरपालिकाले विद्यार्थीहरूलाई देश र जनताको सेवामा लाग्न उत्साहित गरिरहेको छ’

**-सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका**

ख्वप मावि, ख्वप कलेजलगायत शैक्षिक संस्थाहरू सञ्चालन गरेर भक्तपुर नपाले देशभरका जनताका छोराछोरीलाई सस्तोमा गुणस्तरीय शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै आएकोछ । गुणस्तरीय शिक्षासँगसँगै देशको सार्वभौमिकता रक्षाको निम्ति लड्ने देशभक्त नागरिक तयार गर्ने हाम्रा कलेजहरूको उद्देश्य हो ।

नेपालमा आर्थिक उदारीकरण लागू भएसँगै शिक्षा क्षेत्र पनि नवउदारवादको चपेटामा पर्दै गएको छ । विद्यालय, कलेज र विश्वविद्यालयहरू क्रमशः निजीकरण हुँदैछन् । सार्वजनिक विद्यालय, कलेज र विश्वविद्यालयलाई दिने अनुदान घटाएर, शिक्षक दरबन्दी नदिएर वा भौतिक पूर्वाधारको लागि आवश्यक बजेट कटौती गरेर सरकारले शिक्षालाई निजीकरण गर्नेतर्फ प्रोत्साहित गरिरहेको छ ।

काठमाडौंलगायत देशका मुख्यमुख्य शहरहरूमा विदेशीलगानीका थुप्रै कलेज र विश्वविद्यालयहरू खुल्दैछन् । विना रोकटोक खोलिएका ती कलेज र विश्वविद्यालयहरूमा सर्वसाधारण जनताका छोराछोरीहरू सजिलै भर्ना हुन पाउँदैनन् । ती कलेजहरूले देशभरका राम्रा राम्रा विद्यार्थीहरू मध्येबाट छनोट गरेर विद्यार्थी भर्ना लिने गर्छन् । अभिभाविकसँग करोडौंको गाडी चढ्ने हैसियत छ छैन सोधेर मात्रै अर्थात आर्थिक हैसियत हेरेर बच्चाहरू भर्ना लिने गर्छन् । यही हो, नेपालमा शिक्षामा नवउदारवादको प्रभाव भनेको ।




विश्व बैङ्क, अन्तरराष्ट्रिय मुद्राकोषजस्ता अन्तर्राष्ट्रिय बहुराष्ट्रिय कम्पनीहरूले नेपाल र नेपालीको विकासको निम्तिभन्दा उनीहरूको नाफाको निम्ति शिक्षामा लगानी गरेका हुन्छन् । अहिले नेपालको शिक्षाको क्षेत्र त्यस्तै अन्तर्राष्ट्रिय बहुराष्ट्रिय कम्पनीहरूको नियन्त्रणमा जाँदैछ । बराबर पाठ्यपुस्तक परिवर्तन गर्ने, तालिमको नाममा करोडौं खर्च गर्ने, आफ्नो अनुकुल पाठ्यपुस्तक तयार गर्नेजस्ता कार्यहरूबाट ती कम्पनीहरूले हाम्रो सार्वभौमिकतामाथि नै परोक्ष रूपमा हस्तक्षेप गर्दैछन् । हाम्रो शिक्षा क्षेत्रका मुख्यमुख्य जिम्मेवार पदाधिकारीहरूलाई आर्थिक प्रभावमा पारेर शिक्षालाई व्यापारिक वस्तु बनाइँदैछ । हाम्रो शिक्षा क्षेत्र उम्कनै नसक्ने जटिलतातर्फ फस्दै जाने सम्भावना पनि उत्तिकै छ ।

---

आवश्यकता औंल्याउनुभयो ।

राष्ट्रिय परीक्षा बोर्डका सदस्य सचिव दुर्गा अर्यालले ख्वप माध्यमिक विद्यालयको पढाइ राम्रो रहेको उल्लेख गर्दै शिक्षा विकासमा भक्तपुर नगरपालिकाको योगदानको सराहनीय रहेको बताउनुभयो ।

शिक्षाशास्त्र सङ्कायका पूर्व डीन प्रा. पृथुचरण वैद्यले शिक्षा गुणस्तरीय हुनुपर्ने र प्राविधिक शिक्षा व्यवहारिक हुनुपर्ने बताउनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेलले शिक्षाको विकासको लागि भक्तपुर नगरपालिकाको योगदान उदाहरणीय रहेको र देशभरका स्थानीय निकायले भक्तपुरबाट सिक्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले निर्वाचनमा व्यक्त गरेका प्रतिबद्धतालाई पूरा गर्न भक्तपुर नपाका जनप्रतिनिधिहरू सक्रियतापूर्वक लागिपरेको बताउनुभयो ।

सेवानिवृत्त सहायक रथी प्रेमसिंह बस्न्यातले भारत नेपालको मित्र होइन छिमेकीमात्र भएको बताउनुभयो ।

जलस्रोत अभियन्ता रतन भण्डारीले नयाँ पुस्तालाई नागरिकता, राष्ट्रियता, प्राकृतिक स्रोतबारे जानकारी दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठ र कलेजका प्राचार्य रुपक जोशीले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा कलेज तथा उच्च माविका दस वर्ष सेवा अवधि पुगेका शिक्षक तथा कर्मचारीहरूलाई कदरपत्र प्रदान गर्नुको साथै कलेज तथा विद्यालयमा अध्ययनरत उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण र वार्षिक उत्सवको अवसरमा भक्तपुर र काभ्रेव्यापी विद्यार्थीहरूबीच भएको विभिन्न प्रतियोगिताका विजयी विद्यार्थीहरूलाई अतिथिहरूले पुरस्कार प्रदान गर्नुभएको थियो ।

# '/fhgLlt1x¿ Odfgbf/ geP ;Dd b]z ljsf; xGg'

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप बहु-प्राविधिक अध्ययन संस्थानबाट नर्सिङ विषयमा अध्ययन पूरा गरेका एघारौं समूहका विद्यार्थीहरूलाई बधाई तथा नवआगन्तुक चौधौं समूहका विद्यार्थीहरूलाई स्वागत कार्यक्रम फागनु १२ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले रोजगारी, उत्पादन, स्वास्थ्य अवस्था जस्ता क्षत्रेको अवस्थाले देशको स्थिति दर्शाउँछ भन्नुभयो ।

भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापना र सञ्चालनको लागि प्रयासरत रहेको बताउँदै उहाँले भक्तपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न पनि पहल गरेको जानकारी गराउनुभयो ।

राजनीतिमा असल र इमानदार राजनीतिज्ञहरूको उपस्थिति नभएसम्म देशको विकास नहुने उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख तथा ख्वप बहु-प्राविधिक अध्ययन संस्थान सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले विदेशको मेवाभन्दा स्वदेशको साग मीठो भनेझैं दुःख भए पनि स्वदेशकै सेवामा लाग्नुपर्ने बताउनुभयो ।

उहाँ प्रत्येक दिन सयौंको सङ्ख्यामा विदेशिएका युवाहरूको ज्ञान र सीपलाई विदेशीले विनालगानी र मिहिनेत फाइदा लिइरहेको बताउनुभयो ।

हरेक व्यक्तिले आफूले प्राप्त गरेको ज्ञान र सीप समाज सेवाको लागि प्रयोग गर्नुपर्ने मार्गनिर्देशन गर्दै प्रमुख प्रजापतिले आफ्नो ज्ञान र सीपलाई टोकरीमा राखेको वस्तुजस्तै किनबेचको अवसर विदेशीलाई दिन नहुने बताउनुभयो ।

आफ्नो क्षेत्रमा विशेषज्ञता प्राप्त गरी गरीब, बिरामीहरूको सेवा गर्नु नै ठूलो धर्म हो । नर्सिङ सेवा प्रत्यक्ष बिरामीहरूसँग सम्पर्क हुने क्षेत्र भएकाले नर्सिङ पेशामा आवद्ध स्वास्थ्यकर्मीहरूले अनुशासित र शिष्ट व्यवहार गरेर बिरामीहरूको आत्मबल बढाउने कार्य गर्न सके स्वास्थ्य उपचार सहज हुनेछ, उहाँले भन्नुभयो ।

मानव अङ्ग प्रत्यारोपन केन्द्रका निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले स्वास्थ्य संस्थाहरूमा बिरामीहरूको उपचारमा नर्सहरूको महत्त्वपूर्ण भूमिका रहने हुँदा मनैदेखि सेवाभावनाले कार्य गर्नुपर्ने बताउनुभयो ।

नेपालमा मानव अङ्ग प्रत्यारोपनको क्षेत्रमा केन्द्रले गरेको भूमिका र जिम्मेवारीबारे जानकारी गराउँदै उहाँले मृगौला र कलेजोको सफल प्रत्यारोपन गरिसकेको बताउनुभयो ।

संस्थानका विभागीय प्रमुख सुमित्रा बुढाथोकीबाट स्वागत मन्तव्य राख्नुभएको सो कार्यक्रममा उत्तीर्ण विद्यार्थीहरूको तर्फबाट अनिमा गिरी र नव आगन्तुक विद्यार्थीहरूको तर्फबाट रञ्जना सुवालले आफ्नो अनुभव राख्नुभएको थियो । कार्यक्रममा विद्यार्थीहरूको सांस्कृतिक विधाहरू पनि प्रस्तुत भएको थियो ।

---

➲➲ हाम्रा कलेज र विश्वविद्यालयबाट उत्पादित जन शक्ति आज विदेशमुखी बनेका छन् । आफ्नो ज्ञान र सीप देशमै लगाएर देश विकास गर्न उत्साहित गर्नुभन्दा प्राध्यापकहरू स्वयं विदेशजाने सपना देखाउँछन् । त्यस्ता प्राध्यापकहरूबाट शिक्षित हाम्रा विद्यार्थीहरूले आफूलाई जन्मदिने मातापिता र मातृभूमिलाईसमेत विर्सने गर्छन् । के हामीले त्यस्तो जनशक्ति तयार गर्न कलेजहरू खोलेका हौं ? यसमा हामी अत्यन्त स्पष्ट छौं- होइन । हामीले भक्तपुर नपा अन्तरगत सञ्चालित कलेजका विद्यार्थीहरूलाई नेपाल र नेपाली जनताको सेवागर्न उत्साहित गरिरहेका छौं ।

नेपालको संविधान २०७२ अनुसार कक्षा १ देखि १२ सम्मको शिक्षा स्थानीयतहको जिम्मेवारीमा आएको छ । विगतमा कलेज र शिशु स्याहार केन्द्रहरू मात्रै सञ्चालन गर्दै आएकोमा यो वर्षदेखि विद्यालयको जिम्मेवारी थपिएको छ । सार्वजनिक ३४ वटा र निजी ५८ वटा गरी ९२ विद्यालयहरूमा कूल ३६,५११ विद्यार्थीहरू अध्ययनरत छन् । भक्तपुर नपाले सञ्चालन गरेको ७ वटा शैक्षिक संस्थाहरूमा अध्ययनरत ५,६०० समेत गरी भक्तपुर नपाको जिम्मेवारीमा अब ४२,००० भन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् ।

शिक्षा नगरपालिकाको जिम्मेवारीमा आएकोमा हामी अत्यन्त खुशी छौं । भक्तपुर नपाले नगर शिक्षा समितिको गठन गरी कानुनले दिएको अधिकारभित्र रही शैक्षिक विकासको कामको थालनी गरेको छ भने कक्षा ८ को परीक्षा नपा आफैले लिने तयारी सुरु गरेको छ ।

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले कामगर्दै आउनु भएकोछ । त्यसको निम्ति ख्वप विश्वविद्यालय स्थापना गर्न भक्तपुरवासी जनता प्रयत्नशील छन् । ख्वप विश्वविद्यालय विधेयक लामो प्रयास पछि २०७३ कार्तिक २३ गते संसद सचिवालयमा दर्ता भएको छ । शिक्षामन्त्रीले संसदमा पेश नगरेको कारण छलफल अगाडि बढ्न सकेको छैन । आशा छ नयाँ संसदले ख्वप विश्वविद्यालय विधेयक पारित गर्नेछ र भक्तपुरवासी जनताको चाहना पुरा हुनेछ । धन्यवाद

(ख्वप कलेजको वार्षिकोत्सवमा व्यक्त मन्तव्य)

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७४ माघ १ गते सोमबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

**दोश्रो नगर सभा**

क) नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छेज्यूको प्रमुख आतिथ्यतामा यस नगरपालिकाको दोश्रो नगर सभा समुद्घाटन समारोहमा विभिन्न महानुभावहरूलाई अतिथिमा राखी कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

ख) यस न.पा.को दोश्रो नगर सभामा पेश गर्नुपर्ने विधेयकहरूमध्ये नगर खेलकुद समिति, शिक्षा नियमावली, सहकारी नियमावली सम्बन्धी दफावार छलफल भयो।

**जग्गा खरिद**

जग्गा खरिद सम्बन्धमा छलफल हुँदा यस न.पा.को लागि आवश्यक जग्गाहरू खरिद गर्न वडा अध्यक्ष श्री उकेश कवांको संयोजकत्वमा देहायअनुसार सदस्य रहने गरी जग्गा खरिद वार्ता उपसमिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

१. व.अ. उकेश कवां – संयोजक
२. व.अ. हरिराम सुवाल – सदस्य
३. का.अ. गणेशलाल फोजु – सदस्य सचिव

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**खरिद योजना संशोधन**

भक्तपुर नगरपालिकाको आ.व.२०७४/०७५ को मालसामानको वार्षिक खरिद योजना संशोधन गरी रु.२,७१,२३,३८१।२५ को संशोधित खरिद योजना स्वीकृत गरियो।

**केदारनाथ पुनःनिर्माण**

साविक भक्तपुर न.पा.वडा नं. १३ बाट हाल ऐ.ऐ. वडा नं. ३ का दरबार एरियास्थित श्री केदारनाथ मन्दिर गत २०७२ वैशाख १२ गतेको भूकम्पबाट पूर्ण क्षति भई सोको पुनः निर्माण क्रमागत रूपमा सम्पन्न गर्दै लैजाने गरी रु.७२,६३,३९७– मिति २०७२।०९।३० मा ल.ई. स्वीकृत गरी योजना संचालनार्थ गठित उपभोक्ता समितिका अध्यक्ष श्री रामकृष्ण त्वायनाले प्रथम पटक रु.२०,००,०००।– (बीस लाख) पेश्की लिनु भै मिति २०७३।३।१५ बाट कार्य शुरु गरी मिति २०७४।८।२२ सम्मको निर्माण सामग्री र ज्यालातर्फ कूल रु.२२,१६,५०४।५९ बराबरको खर्चको फांटवारी पेश गर्नु भई आफ्नो नाउँको रु.२०,००,०००।– (बीस लाख) ऋमिक पेश्की फछ्र्यौट गरी नपुग रु.२,१६,५०४।–भुक्तानी पाउन तथा पुनः रु.४०,००,०००।– (चालिस लाख) पेश्की माग निवेदन पेश भएको।

सो सम्बन्धमा बिल भरपाई रुजू गरी सम्पन्न कार्यहरूको नापजाँच गरी कार्य मूल्यांकन गर्दा कुल रु.४०,६०,९२१।२४ बराबरको कार्य भएको देखिएकोमा कार्यालयले उपलब्ध गराइएको साल काठ ५९.८२ धाके, पुरानो मा अप्पा ३५००० गोटा र टेराकोटा इँटा पुरानै प्रयोग गरेको ३००० थान समेत रु.१२,३७,९७४।२८ घटाउँदा उपभोक्तातर्फ रु.२८,९८,१२६।९६ बराबरको खुद कार्य मूल्यांकन देखिएकाले निवेदन माग बमोजिम रु.२०,००,०००।– (बीस लाख) ऋमिक पेश्की फछ्र्यौट गरी नपुग रु.२,१६,५०४।–

भुक्तानी हुन तथा चालू आ.व. २०७४/०७५ मा उक्त योजनालाई छुट्याइएको रकमबाट रु.१७,००,०००।- (सत्र लाख) थप पेश्की प्रदान गर्ने निर्णय गरियो ।

**धराप पाटी भत्काउने**

भक्तपुर न.पा. वडा नं ७ को पवित्र स्थल हनुमानघाटस्थित दक्षिणपट्टिको सार्वजनिक पाटी २०७२ वैशाख १२ गतेको महाभूकम्पले धराप भई दुर्घटना हुने सम्भावना भएकोले उक्त पाटी धराप मुक्त गराउन मर्मत कोषबाट आवश्यक खर्च व्यहोर्ने गरी भत्काउने निर्णय गरियो ।

**जीर्ण पर्खाल भत्काउने**

अंचा पोखरी पश्चिम खण्ड जीर्ण भई हाललाई पर्खालको रूपमा पश्चिम गारो १ तल्ला बाँकी रहने गरी अरु सबै भत्काई पन्छाउने कार्य गर्न मर्मत कोषबाट खर्च व्यहोर्ने निर्णय गरियो ।

**उपभोक्ता समिति अनुमोदन**

उपभोक्ता समिति र अनुगमन तथा निरीक्षण अनुमोदन सम्बन्धमा छलफल हुँदा देहायअनुसार उपभोक्ता समिति गठन भई आएको अनुमोदन गर्ने निर्णय गरियो :

**क. योजनाको नाम :** भ.न.पा.वडा नं. ७ स्थित माहेश्वरी उकालो बाटो पुनः निर्माण कार्य / **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री कृष्णराम ख्याजु
२. सचिव : श्री विवेक कुस्मा
३. कोषाध्यक्ष : श्री कृष्णशोभा कुस्मा
४. सदस्य : श्री रत्नलाल सांढ
५. सदस्य : श्री रामप्रसाद कुस्मा
६. सदस्य : श्री कृष्णप्रसाद कुस्मा
७. सदस्य : श्री मंगललक्ष्मी कुस्मा

**अनुगमन समिति**

१. संयोजक : श्री हेरा ख्याजु
२. सदस्य : श्री रामेश्वर प्रजापति
३. सदस्य : श्री विष्णुभक्त गोसाई
४. सदस्य : श्री धर्मलक्ष्मी दुवाल
५. सदस्य : श्री गणेशबहादुर कुस्मा

**ख. योजनाको नाम :** भ.न.पा.८ लिवालीस्थित लिवाली प्लानिङको पूर्व बाटोमा रिटेनिङ वाल मर्मत कार्य / **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री दयाराम श्रेष्ठ
२. सचिव : श्री नानीछोरी धुख्वा
३. कोषाध्यक्ष : श्री जगतराम धुख्वा
४. सदस्य : श्री कृषा धुख्वा
५. सदस्य : श्री रेनु धुकुछु
६. सदस्य : श्री विकास लवजु
७. सदस्य : श्री विकेश धुकुछ

**निरीक्षण तथा अनुगमन समिति**

१. संयोजक : श्री राजाराम प्रजापति (क)
२. सदस्य : श्री बलराम धुकुछु
३. सदस्य : श्री बलराम सुवाल
४. सदस्य : श्री कृष्णमाया किसी
५. सदस्य : श्री विष्णु केशरी सुवाल

**ग. योजनाको नाम :** भ.न.पा.वडा नं. ८ स्थित ब्रम्हायणी बसपार्कसँगै शौचालय निर्माण कार्य /**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री जगतराम धुकुछु
२. सचिव : श्री संगिता कोजु
३. कोषाध्यक्ष : श्री विकास लवजु
४. सदस्य : श्री लक्ष्मीकुमार धुख्वा
५. सदस्य : श्री राजन धुकुछु
६. सदस्य : श्री पुनम धुख्वा
७. सदस्य : श्री रश्मी गाईजु

**अनुगमन तथा सहजिकरण समिति**

१. संयोजक : श्री विकेश धुकुछु
२. सदस्य : श्री रत्नभक्त धुख्वा
३. सदस्य : श्री राजाराम प्रजापति (ख)
४. सदस्य : श्री राम लक्ष्मी धुकुछु
५. सदस्य : श्री राजकुमारी प्रजापति

**घ. योजनाको नाम :** भ.न.पा.वडा नं. ८ स्थित मचो भैरवको उकालो ढुंगा छपाइ कार्य / **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री धर्म गुसाई
२. सचिव : श्री चन्दन कोजु
३. कोषाध्यक्ष : श्री संगिता बोहजु
४. सदस्य : श्री छत्रबहादुर गाईजु
५. सदस्य : श्री सत्यबहादुर छ्वाजु
६. सदस्य : श्री कान्छी माया गाईजु
७. सदस्य : श्री सुन्दरी खायमली

**अनुगमन तथा निरीक्षण समिति**

१. संयोजक : श्री रत्नप्रसाद सैंजु
२. सदस्य : श्री हरिभक्त गाईजु
३. सदस्य : श्री तुल्सीनारायण लाखेमरु
४. सदस्य : श्री कृष्णगोपाल छुस्याबाग
५. सदस्य : श्री पंचमाया दुवाल

**ङ. योजनाको नाम :** भ.न.पा.वडा नं. ७ स्थित परोपकार हनुमानघाट जाने बाटोमा पुनः निर्माण कार्य /

**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री नारायण गोसाई
२. सचिव : श्री कमलेश्वरी गोसाई
३. कोषाध्यक्ष : श्री मिनबहादुर ग्वाछा
४. सदस्य : श्री हेरा ख्याजु
५. सदस्य : श्री जगतशेर गोसाई
६. सदस्य : श्री बुद्धिराम दुवाल
७. सदस्य : श्री रिजु कपाली

**अनुगमन समिति**

१. संयोजक : श्री लक्ष्मीभक्त गोसाई
२. सदस्य : श्री रञ्जना त्वाती
३. सदस्य : श्री हरिरत्न गोर्खाली

## समिति निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**सामाजिक सुरक्षा समन्वय समिति :**

मिति २०७४।१०।१ गते बसेको सामाजिक सुरक्षा समन्वय समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

क. सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ अनुसार आ.व. २०७५/०७६ को लागि नवीकरण गर्न निवेदन पर्न आएको मध्ये (अन्य) जेष्ठ नागरिक ३,०१९ जना, दलित जेष्ठ १ जना, एकल महिला (६० वर्ष नाघेका) १३ जना, एकल महिला विधवा १,७६७ जना, ७० वर्ष पुगेका एकल ६६९ जना, पूर्ण असक्त ८७ जना, अति अशक्त १२८ जना तथा विपन्न दलित बालबालिका २ जना गरी जम्मा ५,६८६ जनाको नामावली स्वीकृत गर्ने र आ.व. २०७५/०७६ को श्रावण महिनादेखि भत्ता उपलब्ध गराउने निर्णय अनुमोदन गरियो ।

ख. सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ अनुसार २०७४ असार मसान्तसम्म उमेर पुग्ने नयाँ निवेदन पर्न आएका मध्ये (अन्य) जेष्ठ नागरिक २७८ जना, दलित जेष्ठ ०, एकल महिला (६० वर्ष नाघेका) ०४ जना, एकल महिला विधवा १५८ जना, ७० वर्ष पुगेका एकल १०३ जना, पूर्ण अशक्त ५ जना, अति अशक्त १२ जना, विपन्न दलित बालबालिका ० जना गरी जम्मा ५६० जनाको नामावली र परिचयपत्र स्वीकृत गर्ने तथा २०७५ श्रावणदेखि भत्ता उपलब्ध गराउने निर्णय गरियो। साथै समष्टिगत विवरण तपसिल बमोजिम छ :

| | जेष्ठ (अन्य) | जेष्ठ (दलित) | एकल | विधवा | ७० वर्ष पुगेको | पूर्ण अशक्त | अति अशक्त | दलित बालक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| नयाँ | २७८ | ० | ४ | १५८ | १०३ | ५ | १२ | ० | ५६० |
| नवीकरण | ३०१९ | १ | १३ | १७६७ | ६६९ | ८७ | १२८ | २ | ५६८६ |
| जम्मा | ३२९७ | १ | १७ | १९२५ | ७७२ | ९२ | १४० | २ | ६२४६ |
| लगत कट्टा | १७१ | ० | ० | १० | १४ | १ | ० | ० | १९६ |

ग. पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| सि. नं. | योजना | वडा नं. | ल.ई. | जम्मा मूल्यांकन | नपाको सामानको मूल्य कटाएर मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | थप पेश्की | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | केदारनाथ मन्दिर पुन:निर्माण कार्य | ३ | ७२,६३,३९७। ०० | ४०,६०,९२ १।२४ | २८,९८,१२६।९ ६ | २२,१६,५०४ ।५९ | २०,००,००० ।०० | २,१६,५०४। ०० | १,७००,०००। ०० | आशिक पेश्की फछ्र्यौट |
| २ | सल्लाघारी टिसिएनको उत्तरतर्फको बाटो ग्राभेलिङ कार्य | १ | २,७५,०२०। ०३ | २,५०,८०३। ६१ | | २,४३,८५०। ०० | ९०,०००।०० | १,५३,८५०। ०० | | पेश्की फछ्र्यौट |
| ३ | पुरानो नापी शाखादेखि आदर्श सम्म ढल निकास व्यवस्थापन कार्य | १ | १३,०६,३९२। ०३ | ११,५५,२६६। ०४ | | ५,०३,०८३। ०० | २,००,०००। ०० | १,९३,०८३। ०० | | रू.१,१०,००० आर्थिक सहयोग |
| ४ | न.पा.भवनको शौचालय निर्माण कार्य | २ | | | | २,९०,४२४। ८५ | | २,९०,४२४। ८५ | | |

घ. ल.ई. सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

आ.व. ०७४।७५ मा नपा/वडास्तरीय योजनाहरूको विवरण

| निर्माण समितिबाट स्वीकृत | योजनाको नाम | वडा नं. | ल.ई. रकम | कैफियत |
|---|---|---|---|---|
| क | वडा स्तरीय योजनाहरू | | | |
| १ | कमिननी चोकको नारायण मन्दिर मर्मत कार्य | ३ | ३८,९८०।९८ | वडा बजेट |
| २ | कमिननी चोकको ढुंगा छपाइ कार्य | ३ | ३९६,८८४।५३ | वडा बजेट |
| ३ | भेलुखेलस्थित डम्पिङ साईट सुधार कार्य | ७ | ४,१५०,४२३।२९ | नपा |

### सशर्त अनुदान

भक्तपुर नगरपालिकाको नाउँमा नेपाल सरकारको सशर्त अनुदान (२६६१२) अन्तर्गत प्राप्त हुने अनुदानमध्ये जनस्वास्थ्यसँग सम्बन्धित एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम ३७०८०४, क्षयरोग नियन्त्रण ३७०८०६, प्राथमिक स्वास्थ्य सेवा ३७००१४ र राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र ३७०८०२ अन्तर्गतमा प्राप्त भएको र अब प्राप्त हुन बाँकी रकममध्ये २०७४ पौष मसान्त पश्चात्को बाँकी खर्च हुने रकम यस न.पा.बाट संचालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई खर्च गर्ने अख्तियारी दिने निर्णय गरियो ।

## मिति २०७४ माघ २ गते मंगलबार

## निर्णयहरू :-

### विधेयक प्रस्तुत गर्ने

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २०(१) बमोजिम यस नगरपालिकाको अधिकार क्षेत्रभित्रको विषयहरू अन्तर्गत नगर खेलकुद सम्बन्धी नीति, शिक्षा विधेयक, सहकारी विधेयक, वडास्तरीय बजेट परिचालन तथा कार्यान्वयन सम्बन्धी कार्यविधि, बजार अनुगमन निर्देशिका लगायतका विधेयकहरू दोश्रो नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

BHAKTAPUR MUNICIPALITY

# कुहिने र नकुहिने फोहोर सङ्कलन तालिका

भक्तपुरका जनता यो शहरलाई सफा-स्वच्छ, सांस्कृतिक नगर, पर्यटकीय गन्तव्यस्थल र शिक्षाको केन्द्र बनाउन लागिपरेका छन् । सरसफाइ सभ्यताको परिचय हो । नगरलाई सफा र स्वच्छ बनाउने उद्देश्यअनुरूप बजार रुटमा पनि फोहोर छुट्याई सङ्कलन गर्न हामी लागिपरेका छौं । नगरपालिकाको यस कार्यमा सहयोग गर्न सम्पूर्ण पसल व्यवसायीहरूमा हार्दिक अपिल गर्दछ ।

च्याम्हासिंहदेखि टौमढी-भार्वाचो हुँदै खौमासम्म बजार लाइनका पसलहरूबाट आउने फोहोरलाई कुहिने र नकुहिनेमा अलग अलग सङ्कलन गर्ने निर्णय भएको हुँदा प्रत्येक पसललाई नकुहिने फोहोर राख्न १ थान बोरा र कुहिने फोहोर राख्न १ थान बाल्टिन वितरण गरी २०७४ पुस १५ गतेदेखि नगरपालिकाबाट दिउँसो १२ बजेदेखि ३ बजेसम्ममा साइरन बजाई गाडीबाट निम्नअनुसार फोहोर सङ्कलन गर्ने भएकोले सोहीअनुसार मात्र फोहोर दिनुहुन अनुरोध गर्दछ ।

- **आइतबार, मंगलबार र बिहीबार - नकुहिने फोहरमात्र सङ्कलन गर्ने ।**
- **सोमबार, बुधबार, शुक्रबार र शनिबार - कुहिने फोहरमात्र सङ्कलन गर्ने ।**

वडाध्यक्ष परिचय

# /ljGb|HofVj



भक्तपुर नपाको वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वको जन्म पिता पूर्णनारायण र माता रत्नबेटी ज्याख्वको कोखबाट २०३८ वैशाख १ गते भएको हो। तौलाछेंको एक किसान परिवारमा जन्मेका रविन्द्रका एक दिदी, एक भाइ र एक बहिनी हुनुहुन्छ। दिदी र बहिनीको विवाह भइसकेको छ।

वहाँका जीवन संगिनी कमल केशरी, ६ वर्षकी छोरी रेजा र १६ महिनाका छोरा रसिक हुनुहुन्छ।

वातावरण विज्ञानमा स्नातकोत्तर तह उत्तीर्ण गर्नुभएका ज्याख्व स्थानीयतहको निर्वाचनमा उम्मेदवार हुनुअघि प्राध्यापन पेशामा हुनुहुन्थ्यो। वहाँले ख्वप कलेजमा बीएस्सी र एम एस्सी कार्यक्रमको इन्चार्ज भएर काम गर्नुभएको थियो।

वहाँले देशका केही हिमाली जिल्लाहरू बाहेक ६८ वटा जिल्लाको भ्रमण गरिसक्नुभएको छ भने भारत र चीनको पनि भ्रमण गर्नुभएको छ।

विद्यार्थी जीवनदेखि राजनीतिमा प्रवेश गर्नुभएका रविन्द्र २०५१ सालमा वागीश्वरी माविको विद्यार्थी हित समितिमा रहनुभयो। वहाँले २०५४ सालमा माविस्तरीय विद्यार्थी हित समिति भक्तपुर जिल्लाको अध्यक्षको जिम्मेवारी सम्हाल्नु भयो। २०५८ सालदेखि २०६० सालसम्म वहाँ नेपाल क्रान्तिकारी विद्यार्थी संघ, भक्तपुर जिल्ला समितिको अध्यक्ष, २०६६ सालदेखि २०७० सालसम्म नेक्राविसंघको केन्द्रीय अध्यक्षको जिम्मेवारी पूरा गर्नुभयो। विद्यार्थी राजनीतिमा सक्रिय गतिविधिबाट वहाँ नेपाल मजदुर किसान पार्टीको केन्द्रीय सदस्य बन्नुभयो। वहाँले नेमकिपाको पेशागत संगठन नेपाल प्राध्यापक समाजको केन्द्रीय सचिव र क्युवा ऐक्यवद्धता समिति नेपालको उपाध्यक्षको जिम्मेवारी पनि सम्हाल्नु भएको छ।

वहाँ हाल वागीश्वरी मावि व्यवस्थापन समितिको अध्यक्ष, वागीश्वरी मावि अगुवा श्रोत केन्द्र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष एवं वडामा रहेका विद्यालयहरू सरश्वती विद्यागृह र दत्तात्रय आधारभूत विद्यालय व्यवस्थापन समितिका सदस्य पनि हुनुहुन्छ।

विद्यार्थी राजनीतिमा सक्रिय रूपमा क्रियाशील रविन्द्र पार्टीका विभिन्न गतिविधिमा सहभागी रहँदै आउनु भयो। त्यस क्रममा वहाँ देशघाती महाकाली सन्धिको विरोधमा नेमकिपाले २०५३ सालमा आयोजना गरेको भक्तपुर–काठमाडौं पैदल ऱ्यालीमा विद्यार्थीहरूको नेतृत्व गर्दै सहभागी हुनुभयो। त्यस्तै लाउडा काण्डको विरोधमा भएका सभा र प्रदर्शन, प्रतिगमन विरोधी आन्दोलमा वहाँ सक्रियपूर्वक लाग्नुभयो। प्रतिगमनको अन्त्यपछि नेमकिपाले देशव्यापी सञ्चालन गरेको 'समाजवादी प्रचार अभियान' मा वहाँले देशका विभिन्न जिल्लाहरूमा पुगी विभिन्न गतिविधिमा सक्रियतापूर्वक जिम्मेवारी वहन गर्नुभयो। नेपालको आन्तरिक मामिलामा भारतीय विस्तारवाद तथा विदेशी साम्राज्यवादको हस्तक्षेपविरुद्ध समय समयमा भएका संघर्ष र आन्दोलनहरूमा वहाँको सक्रिय सहभागीता रह्यो। यस बीच भएका सबै विद्यार्थी आन्दोलनहरूमा वहाँले नेतृत्वकारी भूमिका निर्वाह गर्नुभयो। विभिन्न संघर्ष र आन्दोलनहरूको क्रममा वहाँ पटक पटक पक्राउमा पर्नुभयो।

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प लगत्तै वहाँ च्याम्हासिंह क्षेत्रमा उद्धार कार्यमा स्थानीयवासीसँगै सक्रिय पूर्वक लाग्नुभयो। त्यसक्रममा केहीलाई घाइते अवस्थामा जीवितै उद्धार गरियो भने केहीलाई मृत अवस्थामा निकाल्न सहयोग पुऱ्याउनुभयो। टर्की, चीन, स्पेन आदि देशबाट आएका उद्धार टोलीसँगै नगरका विभिन्न स्थानमा भूकम्प पीडितहरूको उद्धार कार्यमा क्रियाशील रहनुभयो। क्युवाबाट आएको ४९ सदस्यीय उपचार टोलीले भक्तपुर, मध्यपुर र काठमाडौंका विभिन्न स्थानमा उपचार शिविर सञ्चालन गर्न सहयोग पुऱ्याउनुभयो।

# kWfg dGqLdf cf]nL

आम निर्वाचन सम्पन्न भएको झन्डै दुई महिनापछि नयाँ प्रधानमन्त्रीमा एमालेका अध्यक्ष खड्ग प्रसाद ओली नियुक्त भएका छन् ।

प्रतिनिधिसभामा निर्वाचित भए पनि सांसदहरूको शपथ ग्रहण गराइएको थिएन तर राष्ट्रपति विद्यादेवी भण्डारीले १७४ जना निर्वाचित प्रतिनिधिसभा सदस्यको समर्थन पत्रको आधारमा फागुन ३ गते एक समारोहबीच केपी ओलीलाई प्रधानमन्त्री पदको शपथ ग्रहण गराउनुभयो । प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदहरूको शपथ ग्रहण झन्डै ३ महिना पछि फागुन २० गते सम्पन्न भयो ।

दिउँसोसम्म नेकाका सभापति शेरबहादुर देउवा प्रम रहे भने साँझ नवनियुक्त प्रम ओलीले पदभार ग्रहण गरे । यसबाट बहालवालालाई कुर्सी छोड्न गाह्रो भएको र नवनियुक्तलाई कुर्सीमा बस्न हतार भएको टिप्पणी सुनियो ।

एमाले र माओवादीको संयुक्त सरकारको मन्त्रिपरिषद विस्तार किस्तामा भइरहेको छ भने दुईतिहाईको समर्थन जुटाउन संघीय समाजवादी फोरमको संविधान संशोधन गर्ने सर्तप्रति एमाले र माओवादी सकारात्मक रहेको खबर प्रकाशमा आएको छ ।



➲➲ नेमकिपाको अगुवाईमा भक्तपुर नगरका विभिन्न सडक र गल्लीका भग्नावशेष पन्छाउने कार्यमा वहाँ युवा–विद्यार्थीहरूको नेतृत्व गर्दै सक्रिय पूर्वक लाग्नुभयो । त्यस्तै वहाँले हालको वडा नं. ९ को जेंला गल्ली र ज्याख्व गल्लीमा पूर्ण क्षति भएका ३३ घरहरू भत्काउने र भग्नावशेष व्यवस्थापन गर्ने कार्यको स्थानीयवासीको स्वयंसेवक समिति गठन गरी महिना दिनभन्दा बढी समयसम्म अगुवाई गर्नुभयो ।

२०७४ को स्थानीय तहको चुनावमा वहाँ वडा नं. ९ को वडाध्यक्ष पदमा ३३५५ मत ल्याई विजयी हुनुभयो । वहाँका निकटतम प्रतिद्वन्द्वीको ६९४ मत थियो ।

वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व भक्तपुर नपाको वातावरण तथा पर्यटन समितिको संयोजक र शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति, विधायन समिति, आर्थिक समिति, बजेट तर्जुमा समितिका साथै भक्तपुर नपाद्वारा सञ्चालित शिक्षण संस्थाहरूको व्यवस्थापन समितिका सदस्य हुनुहुन्छ ।

वहाँले भक्तपुर नपाद्वारा आयोजित नगरस्तरीय बाँसुरी बाजा प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिको संयोजक र गाईजात्रा २०७४ मा प्रस्तुत सांस्कृतिक विधाहरूको मूल्याङ्कन समितिको सदस्यको जिम्मेवारी पूरा गर्नुभएको छ ।

## बासिबियाँलो



बीचको थोप्लामा हेरेको हेऱ्यै गर्दा चारैतिरका छाया हराउँदो रहेछ, नपत्याए बसिबियाँलो गर्नुस् ।

एउटा बाख्राको घाँटीमा ५ मिटर लामो डोरी बाँधिएको छ । त्यसले ९ मिटर टाढा राखेको घाँस खाएछ । कसरी ?

उत्तर- डोरी किलोमा नबाँधिएकोले ।

# भक्तपुर भोलाछेँ टोलको नारायण पाटी



ओम धौभडेल


भक्तपुर नगरका मल्लकालीन २४ टोलबस्तिमध्ये एक भोलाछेँ टोल पनि हो[१]। विशेषगरि भक्तपुर शहर स्थापनासँग जोडिएको एक किवंदन्तिमा यो टोल बस्तिको नाम आउँछ। भक्तपुर शहर स्थापना पूर्व यो ठाउँमा रहेको पोखरीमा मूसाहरू मिली बिरालोलाई हायलकायल पारेको ठाउँ नै पछि भौल्वा पुखुबाट भोलाछे नामाकरण भएको कहावत छ। बिरालोलाई आच्छु आच्छु पारेर ती मूसाहरू यही ठाउँबाट केही दूरी पश्चिमको एउटा अजंगको रुख मुनि दूलो भित्र लहरै पसेछ। पछि सो स्थानमा एउटा अति प्रभावशाली गणेशको मूर्ति भेटेछ। मूसाहरू लहरै पसेको ठाउँको गणेश भएर गणेशको नामाकरण नै छुम्ह गणेश कहलिन पुगे। जुन चोछेंटोलमा अवस्थित छ। तसर्थ भोलाछे पोखरीदेखि चोछेको छुम्ह गणेशसम्मको ठाउँ भक्तपुर शहरको एउटा प्राचिन बस्ति हो भन्ने देखिन आउँछ। यही स्थानमा परापूर्वकालमा ब्रम्हपुर नामको लायकु रहेको एउटा महत्त्वपूर्ण खोजविनको विषय हो [२]। जसको कुनै अवशेष आज बाँकी छैन। तर सोही भोलाछे पोखरी र छुम्ह गणेशको बीचमा दुमाजुदेवीको द्यःछें रहेको छ [३]। स्थानीय मूलगुठिहरूको सो द्यःछें र वरपरको पाटी सत्तल इनार अचेल हेर्दा कुनै ऐतिहासिक पुरातात्त्विक भैं लाग्दैन। तर इतिहासको त्यो पाटो खोतल्ने हो भन्ने दुमाजु देवी भक्तपुर लायकुको तलेजुभन्दा पनि पुरानो अर्थात पहिलेको देवी हो [४]। अझ दुमाजु देवीलाई नेपालमण्डलमा भित्र्याउन नान्यदेवको ठूलो भूमिका रहेको पुष्टि हुन आउँछ। यस अर्थमा यो ठाउँ विक्रमको नवौं शताब्दीतिर नै विकास भैसकेको देखिन्छ [५]। जहाँ पहिले पहिले वर्षको एकपटक बिस्केटको समयमा भक्तपुर तलेजुबाट दुमाजु देवीको जात्रा यही स्थानसम्म गरी भोलाछें पोखरी हुँदै तुलाछेस्थित त्रिपुर विद्यापिठसम्म हुन्थ्यो [६]। अचेल यो जात्रा तलेजुभित्र मात्र सीमित हुनपुगेको छ।

त्यसो त लिच्छवी राजा आनन्ददेवले भक्तपुर शहर पुनस्थापना गर्दा नै चारैतिर क्रमशः ब्रम्हायणी, माहेश्वरी, कुमारी, भद्रकाली, बाराही, इन्द्रायणी, महाकाली, महालक्ष्मी र बीचमा त्रिपुरासुन्दरीसहित नगर बसाउँदा यही भोलाछेंलाई पनि एक महत्त्वपूर्ण सामरिक गढको रूपमा स्थान दिएको देखिन्छ। भोलाछेंको उत्तरतिर स्थापित महाकाली पिठ र त्यहाँ पुग्ने बाटोमा बनाएको ढोका यसका प्रमाण हुन्। महाकाली पिठबाट भोलाछेको बाटो भएर नगर पस्ने मूल बाटो भएको कारण नगरद्वार, प्रशस्त पाटीपौवा, सत्तल, द्यःछे, पोखरी, मन्दिर आदिले यो बस्ति भरपुर देखिन्छ। महत्त्वपूर्ण सामरिक गढ भएको कारण यहाँको किल्ला अत्यन्त मजबुत रहेको प्रमाण ने.स. ७८० तिरको एउटा घटनाले दिन्छ। त्यसबखत कान्तिपुरका राजा प्रताप मल्लले चाँगुबाट भक्तपुर नगरतर्फ आक्रमण गर्दै आई यही भोलाछेबाट नगर प्रवेश गर्न यहाँको ढोका खोल्न खोजे। महिनौ दिनसम्म भोलाछे ढोका बाहिर धर्ना कसेर कान्तिपुरे सेना बस्यो। तर ढोका खोल्न सकेन [७]। यसबाट भोलाछेको ढोका अति मजबुत भएको संकेत मिल्छ। भिरालो ठाउँ माथि बनेको ढोका हुनुको साथै ढोका भित्र खड्गीहरूको बसोबास भएबाट यसमा थप टेवा पुगेको हुनसक्छ [८]।

पूर्वमा महालक्ष्मी, पश्चिममा चोछे, उत्तरमा महाकाली पिठ र दक्षिणमा याछेले घेरिएको भोलाछे टोलको मध्य भागमा रहेको पोखरीको कारण बस्तिको सौन्दर्य नै झकिझकाउ भएको पाइँछ [९]। यही भोलाछें पोखरीको चारैतिर विभिन्न देवदेवीहरूको मन्दिर, पाटीपौवा, सत्तल आदि सम्पदाहरूले भरिएको छ। जसमा शिखर शैलीको गणेश मन्दिर, छाने शैलीको नारायण मन्दिर, महाकाली द्यःछें, दुमाजु द्यःछे लगायत कलात्मक निजी आवासहरूले शोभायमान छ [१०]। यसमध्ये पोखरीको वरपर रहेका पाटीहरूको सन्दर्भमा चारैतिर चारवटा पाटीहरू देख्नसकिन्छ। यसमा पोखरीको उत्तरतिरको एउटा पाटीबारे यो आलेख केन्द्रित हुनेछ [११]। जुन पाटी भोलाछे पोखरी र छुम्ह गणेश बीचको एक महत्त्वपूर्ण स्थानमा निर्मित नारायण पाटी अर्थात मुलाखु पाटीले पनि चिनिन्छ। यसको केही दूरीमा ऐतिहासिक दुमाजुदेवीको द्यःछे रहेको छ [१२]। यसैबीच भोलाछे पोखरीको उत्तरतिर उत्तराभिमुख तीन कवलको पाटी भएर दुगुमलाबाट चोछें निस्कने मूलबाटो पुग्न सकिन्छ। यहिकैं स्थानीय एवम् बाटोमा आवतजावत गर्नेहरू आराम गर्ने यो पाटी लामो समयदेखि जीर्ण बन्दै आएकोमा यहि २०७२ वैसाख १२ गतेको

विनासकारी भूकम्पमा परी भत्कन पुग्यो । जुन पाटी पुनर्निर्माणको क्रममा छ । पुनर्निर्माणकै क्रममा मित्र विकास प्रजापति मार्फत त्यहाँ एउटा शिलापत्र रहेको थाहा पाएँ । शिलापत्रको तस्विर पाइसकेपछि स्थलगत अध्ययनको लागि सम्वन्धित ठाउँ पुगे । त्यसबखत पाटी बनाउने काम शुरु हुँदै थियो । जानकारी पाएको शिलापत्र बनाउदै गरेको पाटीमा राखिसकेको मात्र थियो । भर्खर सफा गरी टाँगिएको शिलापत्र यति राम्रो आर्कषक देखें । तुरुन्त दुईचार तस्विरहरू लिइहालें । सँगै नारायणको पूर्णकदको मूर्ति पनि राखेको देखें । यसरी नारायणको मूर्ति तथा शिलापत्र सुरक्षितका साथ पाटीमा पुन:स्थापित भएकोमा मनमनै खुशीले गदगद भएँ । त्यो भन्दा पनि भूकम्पले भत्केको एउटा सम्पदा बन्न लागेकोमा सारै खुशी भएँ । पाटी कसले कहिले बनाएको हो खुल्दुली मेटाउन शिलापत्र पढ्न लागे ।

८ से.मी. ह ६ से.मी.को उक्त शिलापत्र ७ हरफको प्रचलित लिपीमा लेखिएको छ । जुन यसप्रकारको छ



नारायणको पूर्ण कदको मूर्ति

१ स्वस्ति १ ॥ श्री नारायणाय नम १ ॥
यंछें टोर शिल्पीकार  हाकू न फ
ले दयक नारायण स्थापना याङा
सम्वत ७६८ आश्विनशुक्ल एका
दस्यां तिथी ॥ थ्व फलेस खिघतत (?)
याययमाल घ्रा यातसा पंच माहा
पातक पंच न बिचार याकेमाल ॥


**अनुबाद**

स्वस्ति ॥ श्री नारायणाय नम ॥
यंछे टोलका शिल्पकार हाकुले
पाटी बनाई नारायण स्थापना गरे ।
सम्वत ७६८ आश्विन शुक्ल एकादशी
तिथीमा ॥ यो पाटी मा खिघतत(?)
गर्नुपर्यो, नगरेमा पंच महापाप लागोस्
पंचले बिचार गराउनुपर्यो ।

अर्थात नेपाल सम्वत ७६८ आश्विन शुक्ल एकादशीको दिन भक्तपुर यंछे टोलका हाकु शिल्पकारले नारायणको मूर्तिसहित यो पाटी बनाएको र यसको हेरचाहको लागि पंच समुच्चयको समेत ब्यवस्था भएको बुझिन्छ । यंछे टोल हालको याछे टोलको पुरानो नाउँ हो भन्ने देखिन आउँछ । एउटै भक्तपुरको तीन स्थानवाचक नाम मध्य शिवग्वलस्थान अर्न्तगत पर्ने यंछे वा याछे यो पाटी रहेको भोलाछें नजिकको टोलबस्ति हो । भक्तपुरमा ठाउँअनुसार थरिथरिका बस्ति रहेको सर्न्दभमा शिल्पकारहरूको प्राय बसोबास तेखाचो, तेखाडोल, भार्वाचो, इचाडोल, मंगलाछे, कोलाछे, गोल्मढी, जैंला जस्तै भक्तपुर भोलाछे याछें भेगमा पनि शिल्पकार समुदायको बसोबास रहेको तथ्य अगाडि आउँछ [१३] । यद्यपि यो भेगमा शिल्पकारहरूको बस्ति छँदैछ । त्यसमध्ये पनि नेपाल सम्वत ७६८ आश्विन शुक्ल एकादशीको दिन यंछे टोलका हाकु शिल्पकारले नारायण स्थापना गरी पाटी निर्माण गरेकोबाट हाकु शिल्पकार वैष्णव धर्मप्रति झुकाव रहेको देखिन्छ । यसको साथसाथै भोलाछे पोखरीको उत्तरतर्फको यो पाटी ३७० वर्ष पुरानो रहेको पनि स्पष्ट हुनआउँछ । ३७० वर्ष अगाडिको भक्तपुरको इतिहासलाई एकचोटि फर्केर हेर्ने हो भन्ने एउटा पाटोको बारे जानकारी राख्नु आवश्यक हुन्छ । त्यो पाटो भनेको यहाँको राजनैतिक अभ्यास हो । यक्ष मल्लको मृत्युपछि भक्तपुरको गद्दीमा राय मल्ल, भुवन मल्ल, प्राण मल्ल, विश्वमल्ल जस्ता शान्त स्वभावका शासकहरूले राज्य गरेको अवस्थामा कान्तिपुरभन्दा भक्तपुर त्यति अगाडि आउन सकेन । यसै बीच विश्व मल्ल जीवित छँदै उनकी रानी गंगा महारानीले शासनसत्ता आफ्नो हातमा लिन सफल

भएको इतिहास साक्षी छ। विशेषगरि विश्व मल्ल जीवित छँदै उनकी रानी गंगादेवीले आफ्ना दुई छोराहरू त्रैलोक्य मल्ल र त्रिभुवन मल्ललाई अगाडि सारी भक्तपुरको सत्ता चलाए देखि नै भक्तपुरको राजनीति सबल बन्दै गयो (१४)। उनै गंगा महारानीको छत्रछाँयामा उनका छोरा त्रैलोक्य मल्ल र त्रिभूवन मल्लले जीवनभर आनन्दपूर्वक राज्य गरे (१५)। उनै त्रैलौक्य मल्लका छोरा जर्गज्योर्ति मल्लले समेत आफ्नै बज्यै गंगा महारानीबाट शिक्षादीक्षा पाई भक्तपुरको शासन सफलतापूर्वक चलाए।(१६) जर्गज्योर्ति मल्लले ने.सं. ७४१ मा भक्तपुरको राजा भई लामो समयसम्म यहाँ राज्य चलाउने क्रममा ने.सं. ७५९ सम्म राज्य गरेको देखिन्छ। जतिबेला उनका जेठा छोरा नरेश मल्ल बृद्ध भैसकेको र कान्छा छोरा किर्ती मल्लको मृत्यु भैसक्यो (१७)। यसपछि राजा बनेको नरेश मल्ल कमजोर प्रवृतिको भैदिंदा एवम् त्यसताका कान्तिपुरका प्रभावशाली शासक प्रताप मल्लको जिजिविषाले भक्तपुरमाथि पटक पटक आक्रमण हुनपुगे (१८)। शासनसत्ता सम्हालेको ८ वर्षमै उनको मृत्यु पछि उनका छोरा ५ वर्षका जगतप्रकाश मल्ल भक्तपुरको राजा भयो (१९)। यस्तो विषम परिस्थितिमा भक्तपुरको याछे टोलका हाकु शिल्पकारले आफ्नै बलबुत्ताले राज्य वा अरु कसैको सहयोग विना भोलाछे पोखरीको उत्तरदिशामा तीन कवलको कलात्मक पाटीमा नारायण स्थापना गरी शिलापत्र राख्नु अत्यन्त अर्थपूर्ण यसकारण छ कि यो शिलापत्रमा तत्कालीन राजा वा कोही भारदारको नाम उल्लेख गरेको छैन (२०)। नरेश मल्लको मृत्युपछि राजा बनेको जगतप्रकाश मल्ल सानै उमेरको हुनु र अर्कोतिर कान्तिपुरले पटक पटक आक्रमण गरेको समयमा यो पाटी निर्माण भएको देखिन्छ।

यो पाटीको संरक्षण सर्म्वधनको लागि कुनै आयस्ताको ब्यवस्था गरेको सम्वन्धित शिलापत्रबाट कुनै ब्यहोरा देखिंदैन। तर यो पाटीको वर्षबन्धन अर्थात भुसांरा शिल्पकार परिवारले



भोलाछें पाटीको शिलापत्र

गर्दै आएको थियो। साथै इन्द्रजात्राको बखत यहाँ सम्य बजि प्रसादको रूपमा वितरण गर्ने कार्य भोलाछेकै शिल्पकार परिवारले गर्दै आएको छ। केही समय अगाडि भक्तपुर विकास परियोजनाले यो पाटीको जीर्णोध्दार गरेको भएतापनि भूकम्पले क्षति पुगेपछि पाटीको पुनर्निर्माण कार्य अघि बढेको छ। पुनर्निर्माणकै क्रममा यस पाटीबारे एउटा आलेख नै प्रकाशित गर्न पाउँदा हर्ष लाग्यो। ३७० वर्ष पुरानो सम्पदाबारे सत्यतथ्य प्रकाशमा ल्याउन पाउँदा हर्ष लाग्नु स्वाभाविक नै हो।

## सर्न्दभ सूची

१. भक्तपुरमा नवदुर्गा नाच नचाउने २४ टोललाई मूलटोल मान्ने गरेको सर्न्दभमा भोलाछेंमा नाच देखाउने परम्परा छैन। भोलाछे सँगैको नवदुर्गा देवीको माइती भनिने याछे टोलमा नाच देखाउने बाट भोलाछे मल्लकालीन टोल हो भन्ने बुझिन्छ।

२. ब्रम्हपुर कान्तिपुर, ललितपुर भक्तपुर सबै नगरमा परापूर्वकाल देखि नै पाएको एक समान सम्पदा हो। जसलाई भक्तपुरमा अपभ्रंश रूपमा बलंपुलि भन्ने चलन छ। भक्तपुरमा थने माथिल्लो भेग र क्वने तल्लो भेग दुवैतिर बलंपुलिको ब्यवस्था छ। यसमा क्वनेतिरको बलंपुलि नासमनामा छ भने थनेको बलंपुली यहि भोलाछे टोलको हो।

३. स्थानीय बीच यो ठाउँ मुलाखु पाटीले चिनिए तापनि यो ठाउँ भक्तपुरको नगर प्रदक्षिणा मार्गभित्र पर्दैन।

४. दुमाजु देवीको पूर्ववत स्वरूप डोयनिमम हो। जुन डोयहरूको इष्टदेवी हुन्। डोयराज्यका संस्थापक राजा नान्यदेवले दुमाजुदेवीलाई नेपालमण्डल भित्र्याएको इतिहास छ। यता तलेजु भवानी यहाँ ल्याउने अन्तिम डोय शासक हरिसिंहदेवलाई जान्छ।

५. नान्यदेवले इ.सं. १०९७ देखि शासन गरेको मानिन्छ। यिनको पालामा नेपालमण्डलमा हर्षदेव सिंहदेवहरूले राज्य गरिरहेको देखिन्छ। इ.सं. ११११ तिर नेपालमण्डलमा आक्रमण गरेका देखिन्छ। यही समयमा यहाँ दुमाजु देवीको स्थापना भएको हुनुपर्छ।

६. दुमाजुदेवीको जात्रा वर्षको एकपटक बिस्का जात्राको क्रममा भक्तपुर तलेजुभित्र हुन्छ। मूलगुठीहरूको विशेष भूमिका हुने सो जात्रा भक्तपुर तलेजु बाट उनीहरूको द्यःछे सम्म दुमाजु देवीलाई लगी विशेष पुजाआजा गरी त्रिपुर विद्यापिठ हुँदै पुन तलेजु लगी समापन गर्ने परम्परा थियो।

७. भक्तपुर नगर प्रवेश गर्ने आठ प्रमुख मार्ग मध्य एक यही भोलाछे पुग्ने ढोकासहितको मार्ग पनि एक हो।

८. नेवार वास्तुकलामा ढोकाको स्वरूप प्रायः एकरूपता पाईन्छ। ढोका प्रायः उकालोमा हुनु, ढोकासगै लहरै पर्खाल वा घर हुनु, ढोका वरपर खड्गीहरूको बस्ति हुनु, ढोका भित्र वा बाहिर पोखरी हुनु जस्ता थुप्रै समानतामा भोलाछेको ढोका पनि पर्छ।

९. भक्तपुर सानो क्षेत्रफलमा फैलिएको नगर भएतापनि ४ दर्जन भन्दा बढि पोखरीहरू यहाँ हुनु र नगर पस्ने ढोका वरपर सानो ठूलो पोखरी भएबाट नगरको सौन्दर्यमा टेवा पुगेको देखिन्छ।

१०. भक्तपुर नगर भरिमा भोलाछे टोलमा सवैभन्दा बढी कलात्मक झ्यालहरू

रहेको आधारमा यो टोलका निजी सम्पदाहरू उल्लेखनीय मान्न सकिन्छ ।

११. भोलाछेको यो पाटीलाई आधार बनाएर लेखिएको पहिलो लेख भएको कारण नारायण पाटीको इतिहास देखि यसको संरक्षण सर्म्वधनमा यसले थप बल मिल्छ भन्ने लेखकको विश्वास पाठकहरू समक्ष प्रवाह गर्न चाहन्छु ।

१२. प्रदक्षिणा मार्गबाट केही दूरीमा यो पाटी रहे पनि यहाँबाट दुमाजु देवीको द्यःछे तथा छुम्ह गणेशसम्म जाने मार्गमा स्थापित भएर पाटीको अवस्थितिलाई महत्त्वपूर्ण मान्न सकिन्छ ।

१३. काठको कामलाई आफ्नो पेशा बनाएका शिल्पकार समुदाय नगरको थने क्वने र दथु गरी तीन क्षेत्रमा बसोबास रहेको देखिन्छ । यसमा याछे टोल नगरको मध्य अर्थात दथु क्षेत्र हो ।

१४. राजा यक्ष मल्लको मृत्युपछि भक्तपुरको राजनितीमा विभिन्न गुट उपगुटहरूको कारण जति सशक्त भूमिका भक्तपुरले खेल्नुपर्ने थियो, त्यो सकेन । गंगादेवीले सत्ता सम्हालेपछि भक्तपुरले धार्मिक, सास्कृतिक, आर्थिक,राजनैतिक हरेक क्षेत्रमा सफलता प्राप्त गरेको इतिहास छ ।

१५. गंगा देवी र छोराहरूलाई राजोचित विशेषण लगाएको अभिलेख ने.सं. ६७९ आश्विनमा पाउनु तथा विश्व मल्लको मृत्यु ने.सं.६७० कार्तिकमा हुनुबाट यसको पुष्टि हुन्छ ।

१६. ने.सं. ७२३ सम्म गंगादेवी जीवित रहेको आधारमा तत्कालीन समयमा भक्तपुर दरबारमा नाति जर्गज्योति मल्लको उपस्थिति भैसकेको देखिन्छ ।

१७. जर्गज्योति मल्लका दुई छोराहरूमा जेठा नरेश मल्ल र कान्छा किर्ती मल्ल रहेकोमा कान्छा किर्ती मल्लको मृत्यु ने.सं. ७५५ मा भएको थियो ।


१८. कान्तिपुरका राजा तथा आफ्नो बुवा लक्ष्मिनरसिंह मल्ल कमजोर प्रवृतिका भैदिंदा बुवालाई कैद गरी प्रताप मल्ल राजा बन्नासाथ ने.सं. ७६१ मा भक्तपुरमा आक्रमण गरेको इतिहास छ । जतिबेला भक्तपुरमा नरेश मल्ल शासन गर्थ्यो ।

१९. नरेश मल्लको मृत्यु ने.सं. ७६३ तिर भएको देखिन्छ । जहाँ ने.सं.७६४ मा जगतप्रकाश मल्लको अभिलेख भेटिएको छ ।

२०. राज्यको शक्ति कमजोर हुँदा उपत्यका भित्र राखेका प्रायः अभिलेखहरूमा तत्कालीन राजा महाराजा तथा दरबारी भारदारहरूको नाम उल्लेख नगरी किर्ती राखेको देखिन्छ । जसमा एक भोलाछे नारायण पाटीको अभिलेख पनि एक हो । जहाँ भक्तपुरका तत्कालीन राजा जगतप्रकाश मल्ल तथा उनका मन्त्री भारदार कसैको नाम उल्लेख छैन ।


भक्तपुर नगरलाई स्वच्छ र सफा राख्न

भक्तपुर नगरपालिकाले
हरेक महिनाको १ गते र १५ गते
नगरका विभिन्न स्थानमा सफाइ कार्यक्रम
गरिरहेको छ ।
यस पुनित कार्यमा सहयोग गरिदिनु हुन
सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध
गर्दछ ।

# जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ

## अन्न बुया चोंगु बुँ

छम्ह बुढाम्ह मनुया बुँ छख दु । व तचोंकं उसाँ मत । वं थ बचे मजुइगु जक खनेवं थकाएपिं सोम्ह दुपिंत अंतए अर्ति नेंकेगु मती तया, सतके छोत । 'आ जि सीन, जिं छमित छगुज्या याएगु अह्नाए याना थके । जिं छमित धन् तै थकागु दु । व धन् लुइकेत बुँइ मालासो' उलि धाए धुंकथनं व मनु सिना वन । व सिना वंम्ह बउ नं अह्नाए याना थकुगु ज्या याएत बुँइ मिहिनत् याना माला स्वेमानिधका अमि मती दुःख ताल । अंते छें दुगु दां फुनालि बउ म्हसें बुँइ दां हे थुना थकल जुई धका दांमाला स्वेत चा पाएँ छपाँए दतले पाला पुइका स्वोत । अंते छुं लुइके मफया बुँपालेगु तोता बिल । 'व बुढाम्ह मनुं भ्कीत छुं मरुगु वस्तु माएके त थए छाए धया थकल' धका छम्ह काएम्हसिं धाल । मेम्ह काएम्हसिं 'आ भ्कीसं थुलि मछिं मिहिनत् याए धुन धासिंलि थुकि छो होला छ्वे नु' धका धाल । थो भिंगु खँहे ख धका सकलें माने जुया अमिसं पुसा होल । छो पाके जुइगु बखते लाका पाके जुल । न्हाप बुढाम्ह मनुया पालाए सियावे आपा छो दत । आ व ल्याम्होपिं काएपिसं व सिना वंम्ह बउयागु अर्तिया माने थुइका काल । थो अन्न आपा पैदा जुइगु हे वं धन धाया थकुगु ख; जिमित अलसि मजुसें हिचोति हाएका कमाए याना थ न धइगु वयागु मतलब् खनं धका व काएपिसं बाँलाका सीका काल ।

छं ह्यागु जुसानं मलुतले मालासो, छंगु मिहिनत् सिर्ति वनि मखु ।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)


आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरू सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

नागरिक भावना

# सन्तान

हेमन्त

गर्मी याम थियो । न्यानो घाम पृथ्वीमा फिजाउने काम सकाएर रातो सूर्य पश्चिमी डाँडाबाट अस्ताउनै खोजिरहेको थियो । पुर्खाले सुम्पेको खेतबारीमा दिनभरिको परिश्रम सकाएर किसानहरू तुमचो–दुगुरेको फाँट हुँदै घर फर्कँदै थिए । साँझपखको शितल हावामा घुम्न आएका दुई तीनजना केटीहरूका साथै दुई तीनजना युवाहरू पनि तुमचो–दुगुरेको खुल्ला चउरमा आरामले बसिरहेका थिए । गहिरिएर हेर्दा उनीहरूको पहिरनअनुसार क्याम्पसका विद्यार्थीहरू झैँ देखिन्थे ।

– 'काका हेर्नुस् त ! ती केटाहरूले के गर्न लाग्या ?' धनवीर दाइले आफ्नो कोदाली दाहिने कुमबाट निकाली आश्चर्य मिश्रित स्वरमा सोधे ।

– 'आफैले इन्जेक्सन लिया जस्तो छ ।' सँगैको गोपालचा तिनीहरूमाथि नजर राख्दै करायो ।

– 'ए ! त्यसोभए तिनीहरू लागु औषधी लिने खराब आचरणका केटाहरू होलान् ।' हर्कबहादुर काकाले अनुमान लगाउँदै भने ।

– 'केटीहरू पनि ड्रगिस्ट हुँदा रहेछन् हकि ?' खुल्ला चौरमा आँखा डुलाउँदै गोपाल आश्चर्य मान्दै करायो ।

– 'के गर्ने समाजमा राम्ररी ध्यान दिननसकेपछि यस्ता विकृतिहरू आउँदा रहेछन् । समाजलाई उत्थान गर्न चाहनेहरू भन्दा पतन गर्न चाहने तत्त्वहरू सक्रिय रहेपछि यस्ता विकृतिहरू फैलन कति बेर लाग्छ र ? जसको शिकार केटा होस् या केटी दुवै हुन्छन् । यसमा आश्चर्य मान्नु पर्दैन ।' हर्कबहादुर काकाले गम्भीर भएर आफ्नो विचार पोखे ।

उनी मजदुर र किसानको हकहितका निम्ति सघंर्ष गर्दै आएका राजनैतिक कार्यकर्ता हुन् । दिनभरि खेती किसानी गरी रातभरि राजनैतिक कक्षामा सहभागी हुनु उनको दैनिकी थियो । त्यसकारण पनि उनी समाजमा प्रतिष्ठित थिए ।

– 'कस्का सन्तान होलान् हकि काका ?' धनवीर दाइले जिज्ञासु नजरले हेर्दै सोधे ।

– 'होलान् नि हाम्रै नगरवासीका सन्तान ! चिन्न पाए त अभिभावकहरूलाई खबर गर्न हुन्थ्यो ।' हर्कबहादुर काकाले इच्छा व्यक्त गरे ।

– 'नगरवासीका सन्तानहरू यस्तो खराब लतमा फस्न थालेपछि हाम्रो समाजमा विकृति फैलँदैन त अब ?' गोपालले अलि आक्रोशित मुद्रा त्यही झुन्डतिर हेर्दै भन्यो ।

– 'अवश्य फैलिन्छ । अघि नै मैले भने नि, समाज उत्थान गर्ने भन्दा पतन गराउने तत्त्वहरूको सक्रियता बढ्यो भने यस्ता विकृति देख्नुपर्ने हुन्छ भनेर । हिजो आज हाम्रो समाजमा खराब तत्त्वहरू बढेकाले यस्ता दृश्यहरू देखिन थालेको हो । अब पनि हामीले ध्यान दिन सकेनौं भने भोलि अरूहरू मात्रै होइन हाम्रै सन्तानहरू समेत त्यस्तै नहोला भन्न सकिँदैन ।' हर्कबहादुर काकाले गम्भीर भएर आफ्नो भावना पोखे ।

– 'होइन, समाज पतन गराएर के फाइदा होला र ?' धनवीर दाइले शंका व्यक्त गरे ।

– 'समाजमा भलो चाहने र कुभलो चाहने दुई थरीका तत्त्वहरू हुन्छन् । कुभलो चिताउनेले समाजलाई सदा सर्वदा दास बनाउन चाहन्छ । त्यसकारण तिनीहरूले समाजभित्र विभिन्न किसिमका विकृतिहरू फैलाउने कोसिस गर्छन् । चोरी–डकैती, लागु औषधीको कारोबार, वेश्यावृत्ति, बलात्कार, गुण्डागर्दी तथा लागू पदार्थ सेवन जस्ता खराब आचरणहरू समाजका युवाहरूबीच फैलाउँछन् । यसमा देशी–विदेशी तत्त्वहरूको समेत सक्रियता रहेको हुन्छ ।' हर्कबहादुर काकाले सविस्तार वर्णन गर्दै बताए ।

– 'ए ! यस्तो पो रहेछ ।' धनवीर दाइ पनि अब भने गम्भीर हुन थाले ।

– 'अब यसको रोकथाम कसरी गर्ने त काका ?' गोपालले पनि गम्भीर बन्दै जिज्ञासा पोख्यो ।

– 'अब हामी समाजका युवा युवतीहरूका बीच नागरिक भावना विकास गराउन सक्रिय हुनुपर्‍यो । त्यस्ता विकृति फैलाउनेहरूलाई नियन्त्रण गर्नु बाहेक अरू उपाए नै छैन ।' हर्कबहादुर काकाले सतर्क हुँदै भने ।

– 'हो ! हो ! काकाको विचार मनासिव छ । ती विद्यार्थीहरू कहाँका रहेछन् हेर्न जाऔँ ।'

खेतका कृषि औजारहरू भुइँमा राख्दै गोपालले अनुरोध गर्‍यो । तीनै जना दगुर्दै युवाहरूको छेउमै पुगे । ती विद्यार्थीहरू लागु औषधीका कारण लठ्ठपरि अचेत भएका थिए ।

यता हर्कबहादुर काका त्यहाँको दृश्य देखेर झस्किहाले । उनी आफ्नै सन्तानको हत्केलामा सिरिन्ज देख्दा फनफनी रिंगाउन थाले । चारैतिर सुनसान अवस्थामा गोपाल र धनमान दाइले पनि केही बोल्न सकेनन् । आखिर मौनतामै तुमचो– दुगुरेको फाँट विस्तारै अँध्यारो हुन थाल्यो ।

# बुद्ध नेपालमा जन्मेको सन्देश दिन सगरमाथाको आरोहण

बन्दिता

विश्व शान्तिका अग्रदूत महामानव गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको हो । यो सत्यलाई भारतका तत्कालीन सम्राट अशोकले दुई सहस्राब्दी पहिले स्तम्भमा उत्कीर्ण गरी छोडेको प्रमाणलाई हामी मानिरहेका छौं ।

आजभन्दा २२६६ वर्ष पहिले अर्थात इशापूर्व २४८ मा उनी लुम्बिनीको भ्रमणमा आएका थिए । उनले वर्तमान मायादेवी मन्दिरकै छेउमा एक स्तम्भ ठड्याई ब्राम्ही लिपिमा स्पष्टै लेखाएका थिए– 'देवताहरूका प्रिय प्रियदर्शी (अशोक) राजा राज्यकालको बीसौं वर्षमा आफै आउनुभयो । यहाँ शाक्यमुनि बुद्धको जन्म भएकोले सङ्केत शिलामा पूजा गरी यो शिलास्तम्भ स्थापना गर्नुभयो...।'

थुप्रै अध्ययन अनुसन्धान र उत्खननबाट पनि बुद्धको जन्म लुम्बिनीमा भएको प्रमाणित भइसकेको ऐतिहासिक तथ्य हो । भर्खरै पनि पुरातत्त्व विभाग (नेपाल), दुरहाम विश्वविद्यालय (बेलायत), लुम्बिनी विकास कोष (नेपाल) र राष्ट्रिय-अन्तर्राष्ट्रिय विज्ञको संयुक्त टोलीले तिलौराकोटमा गरिरहेको उत्खननबाट थप नयाँ तथ्यहरू फेला परेका छन् । स्मरणीय छ, तिलौराकोटमा शुद्धोधनको दरबार थियो भने सिद्धार्थ गौतमको जन्म उनका आमा मायादेवी माइती जाने क्रममा लुम्बिनीमा भएको थियो । सिद्धार्थको जन्मको प्रमाणको रूपमा एउटा शिला मायादेवी मन्दिरमा पूर्ण सुरक्षाका साथ राखिएको छ । यसरी एकपछि अर्को अकाट्य तथ्य-प्रमाणले प्रमाणित गरेपनि मित्र भनाउँदो छिमेकी भारतले नक्कली लुम्बिनी बनाएर बुद्ध भारतमा जन्मेको भनी हल्ला गरिरहेको छ । 'बोल्नेको पीठो बिक्ने नबोल्नेको चामल पनि नबिक्ने' आहान बुद्धको जन्मथलोबारे विश्वका थुप्रै देशमा अझै भ्रम छ । सूचना र सञ्चारले विश्व सांघुरियो भने पनि व्यवहारमा विश्व अझै अथाह विशाल देखिएको छ । यसमा विडम्वना के छ भने बौद्ध मार्गीहरूको बाहुल्य भएको एसियाका विभिन्न देशका पाठ्यपुस्तकमा समेत बुद्ध भारतमा जन्मिएको लेखिएका छन् ।

बुद्धको जन्मथलोको विवाद भारतले नियोजित रूपमा झिकिरहेको छ, प्रायोजित रूपमा भ्रम फैलाइरहेको छ । भारतका सम्राट अशोकदेखि वर्तमानका शासकहरूसम्मले बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको भन्दाभन्दै पनि बुद्धको जन्म भारतमा भएको भनी हल्ला र दुष्प्रचार गर्नु भारतको बद्नियतमात्र हो वा दुस्साहस पनि ?

यथार्थमा बुद्धको जन्म नेपाल वा भारत वा अमेरिका वा अफ्रिकामा जहाँ भएको भए पनि शान्तिको लागि दिएको उनको योगदानमा कुनै फरक पर्दैन । उनी विश्व शान्तिका अग्रदूत नै हुन्, महामानव नै हुन् । परन्तु यति विशाल व्यक्तित्वका महामानवको जन्मथलो निश्चित नहुनु वा नठम्याउनु मानवजातिकै लागि लाजको विषय हो । त्यसैले बुद्धको जन्मथलोबारे सुसूचित र निश्चित गर्नु र हुनु प्रत्येक शान्तिप्रिय मानवको दायित्व र कर्तव्यमात्र होइन अधिकार पनि हो ।


बुद्धको जन्मथलोबारे भए-गरेका थुप्रै अध्ययन अनुसन्धानमा केही भारतीय अध्येताहरूले गलत निष्कर्ष पनि निकालेका थिए । सबैको भन्दा फरक उक्त निष्कर्ष नियोजित र प्रायोजित नै थियो । त्यसैले त्यस निष्कर्षलाई मान्यता दिइएन । यसको प्रमाण ऐतिहासिक र पुरातात्विक सम्पदाबारे विश्वको आधिकारिक संस्था युनेस्कोले लुम्बिनीलाई बुद्धको जन्मथलोको मान्यता दियो । सन् १९९७ मा लुम्बिनीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्‍यो ।

बुद्धको जन्मथलो नेपालको लुम्बिनी



मायादेवी मन्दिरसँगै अशोक स्तम्भ र इन्सेटमा ब्राम्हीलिपिमा उत्कीर्ण गरिएको बुद्ध जन्मको प्रमाण

भएको थुप्रै प्रमाण भए पनि भारतको षडयन्त्रविरुद्ध नेपाल सरकार आधिकारिक रूपमा बोल्न नसक्नु भने उदेकलाग्दो भन्दा निरिहता प्रदर्शन भएको छ । प्राप्त प्रमाणहरूको आधारमा नेपाल सरकारले संयुक्त राष्ट्रसंघमार्फत विश्वका सबै सरकारहरूलाई बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको पत्र व्यवहार गर्नुपर्थ्यो । कतिपय देशका पाठ्यपुस्तकमा भएका गल्ती औंल्याएर सुधार गर्न सुझाव र आग्रह गर्न सक्थ्यो । त्यति गर्ने आँट नभए विश्वव्यापी पढिने सञ्चार माध्यममा बुद्धको जन्म नेपालको लुम्बिमा भएको हो भनेर विज्ञापन त छपाउन सक्थ्यो । अर्बौं रुपियाँ आसेपासेलाई वितरण गर्न सक्ने सरकारसँग त्यस्तो विज्ञापन छपाउने हैसियत नभए



बुद्ध जन्मको सङ्केत शिला

कम्तिमा चीन, थाइल्यान्ड, कोरिया, भियतनाम, भारत ... जस्ता केही देशका पत्रपत्रिकामा लेख–रचना त छपाउन सक्थ्यो । केही गर्न नसक्ने त होइन होला । सत्तामा जानेहरू भारतसँग डराएको हो कि बुद्ध जहाँ जन्मे पनि राजस्वमा ब्रम्हलुट गर्न कुनै वाधा नपरेकोले हो– ठम्याउनै सकिएन ।

नेपाल सरकार बुद्धको जन्मथलोबारे निर्लिप्त रहे पनि जनस्तरबाट सक्दो प्रचार–प्रसार भइरहेको छ । विभिन्न देशमा रहेका नेपालीहरूले बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको बारे विभिन्न कार्यक्रम र गतिविधिहरू गरिरहेका छन् । नेपाल शान्तिप्रिय देश कहलिनुको कारण सत्तामा जानेहरूको नपुंसकता होइन शान्तिको सन्देश दिने महामानव बुद्ध हुन् । बुद्ध र बुद्धको शिक्षाबारे प्रचार–प्रसार गर्ने शान्ति प्रिय नेपालीहरूको चरित्र हो । त्यसैले बुद्ध नेपाल र नेपालीको पहिचान बनेको छ । आफ्नो पहिचानको परिचय दिनुका साथै विश्व शान्तिकै लागि केही गर्ने उद्देश्यले थुप्रै नेपाली अभियन्ताहरू यस कार्यमा क्रियाशील छन् ।

केही वर्षदेखि गायक धीरज राई 'बुद्ध बर्न इन नेपाल' अर्थात बुद्ध नेपालमा जन्मेको सत्य प्रचार गरिरहेका छन् र एउटा गीत पनि तयार गरेका छन् । उनले वितेका आठ वर्षमा २१ देशमा उक्त गीत प्रस्तुत गरिसकेका छन् । धीरज टुँडिखेलमा ५० हजार दर्शकमाझ बुद्ध नेपालको जन्मेका हुन् भन्ने कार्यक्रम गरी 'गिनिज बुक' मा लेखाउने अभियानमा जुटेका छन् । त्यस्तै सञ्चारकर्मी रवि लामिछाने पनि बुद्ध नेपालमा जन्मेको तथ्य प्रचार गर्दैछन् । यी प्रतिनिधि पात्रबाहेक अन्य थुप्रै नेपालीहरू पनि यस काममा लागेका छन् । यसैबीच विश्व कीर्तिमानी परिषद्, नेपालको आयोजनामा ७५ हजार भन्दा बढी सहभागीले एकै स्वरमा बुद्ध वचन वाचन गरेर कीर्तिमान कायम गरेको छ । यसै क्रममा दोलखाकी छोकी शेर्पा देखापरेकी छिन् ।

वैदेशिक रोजगारीको सिलसिलामा ४ वर्ष दक्षिण कोरिया बसेकी २७ वर्षीया छोकीले बुद्धको जन्म नेपालमा भएको सन्देश विश्वलाई दिन चैतमा सगरमाथा आरोहण गर्दैछिन् । वैदेशिक रोजगारमा जाने महिलामाथि हुने हिंसाको अन्त्य र बुद्ध नेपालमा जन्मेका हुन् भन्ने प्रचार गर्न आरोहण गर्न लागेकी छोकीले सर्वोच्च शिखरमा चारसयभन्दा बढी महिलाले पाइला टेकिसक्दा नेपाली महिला २५ जनामात्र पुगेको बताएकी छिन् । तिनले चुचुरोमा पुगेर नेपालको झन्डा, बुद्ध नेपालमा जन्मेका हुन् भन्ने नारा लेखिएको झन्डा फहराउँदै धीरज राईको 'बुद्ध बर्न इन नेपाल' गीत एक मिनेट बजाउने सपना बनाएकी छिन् । तिनले अरोहणको




पत्रकार सम्मेलनमा छोकी शेर्पा

लागि सबैको साथ र सहयोगको अपेक्षा गरेको एक पत्रकार सम्मेलनमा बताइन् ।

नेपाली चेली छोकीको सपना साकार होस् हार्दिक शुभकामना !

# /fhf olfdNnsf]ljho cleofg ;DaGwL oyfy{tf / pgsf wfld{s lqmofsnfk



सह प्रा.डा. बलराम कायस्थ

**विषय प्रवेश :**

राजा यक्षमल्ल नेपालको इतिहासमा एक महान् विजेता तथा प्रभावशाली ब्यक्तित्व भएका शासकका रूपमा परिचित छन्, त्यसो भएता पनि उनले विरासतमा प्राप्त गरेको संगठित नेपाल उपत्यका राज्य उनी पश्चात् राजनीतिक रूपमा विखण्डित हुनपुग्यो । यस विखण्डनले उनको शक्तिशाली व्यक्तित्वमा कहिं कतै अवश्य पनि खोट रहेको देखिन आउँछ । वास्तवमा आफ्नो परिवारभित्रको परिवारिक कलहलाई साम्य पार्न नसक्नु उनको ठूलो कमजोरी थियो, जसलेगर्दा प्रकारान्तरमा गएर नेपाल मण्डल अर्थात् एकीकृत नेपाल उपत्यका राज्य भक्तपुर, कान्तिपुर र ललितपुर गरी तीन राज्यमा विभाजित हुनपुग्यो । यो विभाजन निश्चय पनि दुर्भाग्यपूर्ण थियो । किनकि यसले मल्लवंशको पतनको बाटो तयार गरिदियो । अन्तमा मल्लवंशको समूल विनाश पनि भयो । मल्ल राजाका सन्तानहरू आफ्नो थर फेरेर वर्षौंसम्म लुक्दै भाग्दै हिंड्नु पर्‍यो । यताबाट मल्लवंशको पतनका लागि केहीहदसम्म यक्षमल्ल पनि जिम्मेवार रहेका थिए भन्ने देखिन्छ ।

यक्षमल्लको जन्म वि.सं. १४६५ मा भएको थियो ।[१] उनी जयस्थितिमल्लका नाति तथा ज्योतिर्मल्लका छोरा थिए । बाबु ज्योतिर्मल्लको मृत्युपछि वि.सं. १४८५ मा उनी राजगद्दीमा आसिन भए, तर शासनमा भने बाबुकै पालादेखि सक्रिय थिए । जयस्थितिमल्लकी रानी राजल्लदेवीका गर्भबाट ३ छोराहरू जन्मिएका थिए । धर्ममल्ल, ज्योतिर्मल्ल र कीर्तिमल्ल ।[२] जयस्थितिमल्लको मृत्यु पश्चात् केही समय पुरानै चलनअनुसार तीनै भाइ छोराहरूको संयुक्त शासन चल्यो । पछि माइला ज्योतिर्मल्लको मात्र शासनमा एकाधिकार कायम भयो । ज्योतिर्मल्लकी रानी संसारीदेवीबाट दुई छोराहरू जन्मे–जेठा छोरा यक्षमल्ल र कान्छा छोरा जीवमल्ल । वि.सं. १४८५ मा ज्योतिर्मल्लको मृत्युपछि जेठा यक्षमल्ल २० वर्षको उमेरमा नेपालका राजा भए ।

यक्षमल्लका बारेमा जानकारी दिने हालसम्म थुप्रै स्रोतसामग्रीहरू पाइएका छन् । तिनमा अभिलेख, हस्तलिखितग्रन्थका पुष्पिका वाक्यहरू, थ्यासफूका टिपोटहरू, उनका पालामा निर्माण वा स्थापना भएका विभिन्न देवदेवीका मूर्तिहरू, मन्दिरहरू, ढुंगेधाराहरू आदि पर्दछन् ।[३]

**विजय अभियान :**

राजा यक्षमल्ल ठूला विद्वान हुनुका साथै वीर योद्धा पनि थिए । आफ्ना बाबुबाट विरासतमा प्राप्त भएको राज्यको विस्तार गर्नु उनको ठूलो महत्त्वाकाँक्षा थियो । तात्कालीन राजनीतिक परिस्थितिले गर्दा उनको महत्त्वाकाँक्षालाई यथार्थमा परिणत पनि गरिदियो । विशेषतः त्यतिखेर जुम्लाको सिंजालाई केन्द्र बनाई उदाएको कर्णाली प्रदेशको खसमल्ल राज्य अभयमल्ल पश्चात् अनेक ससाना राज्यहरूमा टुक्रिए, जसलाई पछि गएर बाइसी र चौविसी राज्य भनियो, जसलेगर्दा गण्डकी क्षेत्रमा उनको विजय अभियानलाई चुनौति दिन सक्ने कुनै शक्ति भएन । पाल्पा क्षेत्रतिर पनि सेनहरूको उदय भइनसकेकोले उनको राज्यविस्तारलाई प्रतिरोध वा प्रतिकार गर्न सक्ने कुनै शक्ति त्यतातिर पनि थिएन । नेपाल राज्य भित्रको अनुकुल राजनीतिक परिस्थितिका अलावा सीमावर्ती ईलाकाको कमजोर राजनैतिक परिस्थितिले पनि उनलाई साथ दिएको थियो । किनकि ल्हासा र दक्षिणतर्फ पनि कुनै मजबुत शासन थिएन ।

यिनै उपयुक्त कारणले गर्दा एक समय उनले विभिन्न प्रदेशहरू विजय गरी नेपालको ख्याति निकै बढाएका थिए । विभिन्न स्रोतहरूबाट उनको विजय अभियानबारे जान्न सकिन्छ । जस्तैः यक्षमल्लका सन्तान तथा भक्तपुरका राजा जगज्योतिर्मल्लको **'नरपति जयचर्या स्वरोदय टीका'** नामक ग्रन्थमा यक्षमल्लको विजय अभियानबारे वर्णन गरिएको छ । सो वर्णनअनुसार यक्षमल्लले दक्षिणमा मिथिला जिती आफ्नो पुरुषार्थले मगध गयासम्म गएको, पश्चिममा गोरखासम्म, पूर्वमा बंगालसम्म र उत्तरमा सातदिनको बाटो पर सम्मका पहाडी राजाहरूलाई जितेर नेपाललाई शत्रुशून्य पारेको बुझिन्छ ।[४] कर्क पेट्रिकले राजा यक्षमल्लको राज्य विस्तार पूर्वमा मोरङ्ग, पश्चिममा गोरखा, उत्तरमा तिब्बतको केही भाग (शिकारजोङ्ग) र दक्षिणमा तिरहुत र गयासम्म फैलिएको उल्लेख गरेका छन् ।[५] तर कतिपय विद्वानहरूले भने राजा यक्षमल्लले यति विशाल प्रदेशहरू विजय गरे भन्ने सम्बन्धमा शंका व्यक्त गरेका छन् । जस्तैः डि.आर. रेग्मीका

अनुसार गण्डकी र कोशी क्षेत्रमा उनको विजय अभियानमा अवरोध खडा गर्न सक्ने कुनै शक्ति नदेखिएता पनि बंगाल, मगध, मिथिला विजय गरे भन्ने कुरा विश्वासलाग्दो देखिदैंन ।[६] त्यस्तै सूर्यविक्रम ज्ञवालीका अनुसार जगज्योतिर्मल्लले वर्णन गरेको यक्षमल्लको विजय अभियान सम्बन्धी वर्णन निश्चय नै एउटा धाक हो, अतिशयोक्तिपूर्ण प्रशस्ती वा गुणगान मात्रै हो । सिम्रौनगढ, मोरङ्ग, गोरखा तथा उत्तरतिरका पहाडी क्षेत्रमा आफ्नो प्रभाव फैलाएको हुनसक्छ, तर दक्षिण गंगासम्म पुगेको कुरा नेपालको इतिहासमा आख्यान जस्तो लाग्दछ ।[७] साथै पर्सिवल ल्याण्डनले पनि यक्षमल्लको विजय अभियानको यो वर्णनमा शंका उठाएका छन् । तर उपलब्ध प्रमाणहरूको आधारमा तात्कालीन राजनैतिक अवस्थालाई विचार गर्दा केही काल उपर्युक्त क्षेत्रमा यक्षमल्लको प्रभाव फैलिएको देखिनु निश्चय पनि स्वाभाविक लाग्दछ । किनकि पूर्वमध्यकालको नेपालको राजनीति आन्तरिक कलह र संघर्षमै रुमलिइरहेकोले केन्द्रको शक्ति ज्यादै कमजोर थियो । तर जयस्थितिमल्लको पालादेखि यस स्थितिमा सुधार हुँदै केन्द्रीय शक्ति मजबुत बन्न आयो । अर्को कुरा, यसबेलासम्म पश्चिम कर्णाली प्रदेशको खसराज्यको शक्ति क्षीण भइसकेकोले त्यतातिर खसराज्य खण्डित भएर बाइसी राज्यको रूप लिंदै थियो ।[८] पहिले खसराज्यको प्रभुत्व गोरखासम्म फैलिएको थियो । तर अब खसराज्य पतन भएपछि गण्डकी क्षेत्रमा बाइसी राज्यको प्रभुत्व रहेन । मुख्य महत्त्वपूर्ण कुरा के थियो भने राजा यक्षमल्ल आफैं महान् पराक्रमी, साहसी तथा युवराज छँदादेखि नै शासन संचालनमा अभ्यस्त र कुशल प्रशासक थिए । तसर्थ विरासतमा प्राप्त राज्यसिमानाबाट मात्र सन्तुष्ट नभएकाले राज्यविस्तार उनको महत्त्वाकाँक्षा हुन गयो । यसैकारण उनले राज्यविस्तार अभियान संचालन गरे । अनुकुल परिस्थितिका कारणले गर्दा उनले गोरखा, पाल्पासम्म आफ्नो प्रभाव फैलाए । फेरि, उनको राज्यकालमा आर्थिक अवस्था पनि राम्रो रहयो । सहकाल हुँदा जनता प्रसन्न थिए । यही अवसरमा उनले मिथिलाभेकमा पनि आफ्नो प्रभाव फैलाउने विचार गरे । यसको लागि यक्षमल्लले आवश्यक तयारी गर्न थाले ।[९] यक्षमल्ल त्यसबेला राजधानी त्रिपुर (भक्तपुर) मा बसेर शासन संचालन गर्दथे । आसपासका प्रदेशहरू जस्तोः कान्तिपुर, पाटन, फर्पिङ्ग, बनेपा, दोलखा आदि क्षेत्रहरूमा पुस्तैनी अधिकार पाएका सामन्त शासकहरूको हैकम चल्दथ्यो । यी सामन्तहरू केन्द्रकै अधीनमा रहेर शासन गर्ने भएपनि केन्द्रमा कमजोरी आउने बितिकै विद्रोह गरी स्वतन्त्र हुने प्रयास गर्दथे । अतः केन्द्रले कुनै पनि ठोस कार्य गर्नु पर्दा त्यसअघि ती सामन्तहरूसँग आवश्यक सरसल्लाह र सम्झौता गर्नुपर्दथ्यो, अन्यथा तिनीहरू शत्रुपक्षसँग मिल्न जाने संभावना धेरै हदसम्म हुन्थ्यो । यसैकारण यक्षमल्लले पनि विजय अभियान संचालन गर्नुभन्दा अघि सर्वप्रथम उपत्यका बाहिर जाने नाका परेका प्रदेशका सामन्त शासकहरूलाई आफ्नो योजनामा सम्मिलित गराउनु आवश्यक देखे । यसकारण वि.सं. १५१० जेष्ठ कृष्ण दशमीका दिन साँखु, पाटन, फर्पिङ्गका सामन्त शासकहरूलाई पशुपतिको धर्मशिला छुवाई शपथ खुवाए ।[१०] किनभने उपत्यका आवतजावत गर्ने प्रमुख बाटाहरू यिनै प्रदेशभित्र पर्दथे । जस्तैः थानकोट, चापागाँउ, लेले भइ जाने बाटाहरू पाटनक्षेत्रभित्र पर्दथ्यो । दक्षिणतिर जाने बाटामध्ये फर्पिङ्ग भइजाने बाटो पनि चल्तीको बाटो थियो । बनेपा, खोपासी, सिन्धुली भइजाने बाटो त सोझै भक्तपुरभित्रै पर्दथ्यो । उत्तरतिर निस्कने बाटोमा साँखुको बाटो पनि निक्कै चल्तीको थियो । यसैकारण राजा यक्षमल्लले उपर्युक्त प्रदेशका सामन्त शासकहरूसँग सन्धि गरेका थिए । जुन सन्धिमा विजय अभियानको बेला शत्रुका कुरा कसैले नसुन्ने, उनीहरूको रहस्यलाई नलुकाउने, जुनसुकै बाटो लड्न आएपनि डटेर मुकाबिला गर्ने, संयुक्त रूपमा लड्न जानु परेपनि जाने, लाभ, हानी बराबरी ब्यहोर्ने गरी संकल्प वाचा गरिएको थियो ।[११] प्रारम्भमा यस सन्धिपत्रमा दोलखाको प्रतिनिधित्व थिएन । तर दोलखामा पाइएको **'हिरण्यसप्तक'** नामक एउटा हस्तलिखितग्रन्थ अनुसार पछि गएर हिउँदमा (वि.सं. १५१० फागुनमा) दोलखाका कीर्तिसिंह आदिले यक्षमल्लको अभियानको सिलसिलामा युद्धमा भाग लिएको देखिएकोले दोलखालाई पनि उनले आफ्नो साथ मिलाएको बुझिन्छ ।[१२]

यसप्रकार वरपरका प्रदेशहरूलाई आफनो वशवर्ती बनाइसकेपछि अब उनले आफ्नो राजधानी शहर भक्तपुरलाई पनि सामरिक दृष्टिकोणबाट मजबुत पार्नुपर्ने देखी त्यसलाई सारा जनताको सहायताले एउटा बलियो गढको रूपमा परिणत गरे । सो गढ बनाउँदा ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र गरी चारै वर्णका मानिसहरूले ठूलो श्रमदान गरेका थिए । यसको पुष्टि वि.सं. १५१० श्रावण २२ को यक्षमल्लको भक्तपुर राजदरबारको बाहिर भित्तामा रहेको अभिलेखबाट हुन्छ ।[१३]

यसरी सबैतिरबाट सुरक्षाकालागि आवश्यक बन्दोबस्त मिलाइसकेपछि राजा यक्षमल्लले चम्पारन, लोहावर आदि कोकी राज्यहरूको विरुद्ध अभियान शुरु गरेको देखिन्छ । वास्तवमा त्यतिखेर तराईमा पश्चिमतर्फ ओइनवार ब्राम्हण वंशको चम्पारन राज्य थियो । त्यसको पूर्वपट्टि लोहावरमा अर्को सानो राज्य थियो । बागमतीनेर नेपाल भारत सिमानामा यो राज्य अवस्थित थियो । कोकीहरूको कोकीराज्य पूर्व भागलपुर र पूर्णियातर्फ थियो । यसरी तिरहुत र बंगालका

यी ससाना राजा रजौताहरूलाई जित्ने उद्देश्यले उनले विजय अभियान संचालन गरेका थिए। यस अभियानमा उनले सफलता पनि प्राप्त गरेका हुनाले नै उनले मिथिला र बंगाल जितेको बयान गरिएको थियो। मगध जितेको चाहिं विजयको सिलसिलामा गयामा गएर पिण्ड दिएको कुरालाई लिएर लेखिएको हुनसक्छ। अरु उनको विजय सत्यतापूर्ण नै देखिन आउँछ।[१४]

यताबाट यक्षमल्ल महान् विजेता, पराक्रमी योद्धा, लडाकु शासक आदिका रूपमा देखिन्छन्। उनले लिएका पदवीहरूबाट समेत यस कुराको पुष्टि हुन्छ। जस्तोः परम्परागत भट्टारक महाराजाधिराज जस्ता पदवीहरूका अतिरिक्त नेपालेश्वर, नेपालमण्डलेश्वर, नेपालपुण्यभूमिस्वर जस्ता पदवीहरू पनि उनले लिएका थिए। एक ठाउँमा त उनलाई तारकासुरको घमण्ड तोड्ने गौरीशंकरका अवतार भएका श्री श्री लक्ष्मीनारायण समेत भनिएको छ। यी पदवीहरूबाट सुशोभित भएकाले तात्कालीन नेपालमा उनी मात्र एक छत्र राज्य चलाउँदथे भन्ने देखिन्छ। तर उनलाई जति नै विशेषणले सुशोभित गरिएको भएपनि विजय चीर स्थायी भने हुनसकेन। विजय अभियानको केही समय पछिबाट नै उनका सामन्तहरू फेरि विद्रोही भएर देखापरे। तर उनले स्थायी रूपले ती सामन्तहरूलाई उठ्न भने दिएनन्। नुवाकोटको एक पुरानो वंशावलीअनुसार यक्षमल्लले वि.सं. १५२४ मा नुवाकोटका वैश्य राजालाई मासेर आफैं राज्य चलाए भन्ने देखिन्छ। तर उनका विजित राज्यहरूमा यस विद्रोहले नराम्रो असर गऱ्यो। ती सबै राज्यहरू क्रमशः उनको प्रभावबाट मुक्त हुँदै गए। त्यस्तै उनका छोराहरूको महत्त्वाकाँक्षी स्वभावले गर्दा त उनको त्यत्रो विशाल साम्राज्य खुम्चिएर काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरूमा मात्र सीमित रहन गयो।

यक्षमल्लका स्वरूपदेवी, उदयादेवी आदि धेरै रानीहरू थिए। तिनबाट उनका ७ भाइ छोरा भएका थिए। र एउटी छोरी थिइन्। पशुपतिको नारायणभट्टको शिलालेखमा[१५] र **विनायक महात्म्य** नामक ग्रन्थमा उनका छोराहरूको नाम र सङ्ख्या दिइएको छ। त्यहाँ ६ छोराहरूको मात्र नाम पाइन्छ। राजमल्ल नामक उनका एक छोराको पहिलै मृत्यु भइसकेको थियो। दिवंगत पुत्र राजमल्लको सम्झनामा राजा यक्षमल्लले वि. सं. १५२४ कार्तिक १५ गते शुक्रबारको दिन भक्तपुरको तुलाछें टोलमा विष्णुको सुवर्ण मन्दिर बनाई प्राण प्रतिष्ठा गरे। त्यसकै नजिकमा धर्मशाला, अग्निशाला र पानीको धारा पनि बनाइदिए। पर्व–पर्वमा ब्राम्हणभोजन र सदावर्त पूजाका लागि धेरै जग्गा गुठी राखिदिए।[१६] यताबाट आफ्ना परिवारजनप्रति उनको अगाढ मायाप्रेम रहेको दर्शिन्छ।

**धार्मिक क्रियाकलाप** :

ऐतिहासिक स्रोतसामग्रीहरूका आधारमा राजा यक्षमल्ल लडाकु योध्दा र महान् विजेतामात्र नभएर उनी धर्मकर्ममा विस्वास गर्ने, मन्दिर, मूर्ति र पाटीपौवा, धर्मशाला बनाउने, ब्राम्हण, भिक्षुहरूलाई भोजन गराउने, पुराण कथाको श्रवण गर्ने, तीर्थव्रत गर्ने धर्मात्मा राजा थिए भन्ने बुझिन्छ। उनले बनाएका धेरै मन्दिरहरू मध्ये टौमढी टोलको भैरवनाथ मन्दिर, दत्तात्रयमन्दिर, राजदरबार परिसरको यक्षेस्वर मन्दिर ज्यादै प्रसिद्ध छन्। दैनिक रूपमा पशुपतिनाथको दर्शन गर्न नसक्ता त्यसको फलप्राप्तिका लागि उनले यक्षेस्वर मन्दिर बनाएको कथा वंशावलीमा वर्णित छ। उनका धार्मिक क्रियाकलापका बारेमा विचार गर्दा उनले गरेको तीर्थयात्राको कुरा पनि स्मरणीय हुन आउँछ। गंगा स्नान र गयामा गएर पिण्डदान गरेको कुरा उनको विजय यात्राको प्रसंगमा परेका छन्। तर पनि गोसाईकुण्ड यात्रा चाहिं उनको विशुद्ध तीर्थयात्रा थियो। आमा मरेकै साल भदौमा ९ दिन हिंडेर गोसाइँकुण्डका नीलकण्ठको दर्शन गरी अनेक दान, धर्म गरेका थिए।

राजा यक्षमल्ल प्रतिदिन पशुपतिनाथको दर्शन गरेर मात्र भोजन गर्ने गर्दथे। एक दिन वर्षाको समयमा बाग्मतीमा ठूलो बाढी आएकोले राजा यक्षमल्लले बाग्मती तर्न सकेनन्। त्यसैले त्यसदिन राजा पशुपतिनाथको दर्शन नगरी भक्तपुर राजदरबार नै फर्के। तर पशुपतिनाथको दर्शन गर्न नपाउँदा त्यसदिन राजा निराहार बसे। त्यसै रातको सपनामा राजालाई पशुपतिनाथको दर्शन मिल्यो र अबदेखि यसरी दुःख गरेर तिमीले यहाँसम्म कष्ट गर्नुपर्दैन, भक्तपुरमा नै मेरो मूर्ति स्थापना गरेर दर्शन गर्ने गर, म त्यसैमा लीन हुन्छु भन्ने श्री पशुपतिनाथबाट सपनामा आज्ञा मिल्यो। त्यसपछि पशुपतिनाथको आज्ञा बमोजिम राजा यक्षमल्लले पशुपतिनाथकै ढाँचामा मन्दिर बनाउन लगाई पशुपतिनाथ महादेव स्थापना गरिदिएकोले यक्षेस्वर महादेव नाम हुन गयो। यस मन्दिरको नित्य पूजा अर्चनाका लागि गुठीसमेत राखी ईताछें बस्ने सदन झालाई ताडपत्रको सनद गरी पुजारी बनाएको ताडपत्र मन्दिरभित्र नै राख्न लगाएका थिए।[१७]

वि.सं. १५०४ भाद्र १५ गते सोमवारको दिन यक्षमल्ल गोसाइँकुण्ड गए। "भाद्र २४ गते बुधबारको दिन गोसाइँकुण्डमा स्नान गरी दानदक्षिणा गर्नुभयो। तीन रात चार दिन गोसाइँस्थानमा बसी गाईदान दिनुभयो। यति गरी फर्केर भाद्र ३० गते मंगलबारको दिन चाँगुनारायणलाई स्नान गराई देउपाटनमा जानुभयो, पशुपतिलाई स्नान गराई त्यही दिन राजदरबार फर्किनुभयो।"[१८] राजा यक्षमल्ल धार्मिक सहिष्णु

राजा भएकाले शैव, वैष्णव, बौद्ध आदि सबै धर्मप्रति उनको समान आस्था थियो। यसैकारण उनका पालामा पाटनमा मीननाथ, काठमाडौंमा पदमपाणी लोकेश्वरको मन्दिर तथा बौद्धविहार समेत बने। उनलाई देवदेवीहरूको मन्दिर बनाई देवताहरू स्थापना गर्ने ठूलो सोख थियो। उनले आफ्ना नातेदार यक्षराजको मृत्यु हुँदा शोकाकुल भई निजको आत्मशान्तिको लागि ने. सं. ५९१ माघमा गाहिटीको ढुंगेधारामा नारायणको मूर्ति स्थापना गरी प्राणप्रतिष्ठा गरेर नारायणको आसनमा शिलालेख लेख्न लगाएका थिए, जो आजसम्म पनि ईनारसँगै मौजुद छ। ढुंगेधारा चाहिं विस्केटजात्राको बेला भैरव भद्रकालीको रथ ल्याउन लान अप्ठ्यारो भएकोले पछिका मल्लराजाहरूले पुरिदिएको भन्ने कुरा वंशावलीबाट थाहा पाइन्छ। साथै उनले शंकराचार्यबाट दीक्षित भएर पशुपतिनाथको पूजा चलाउन दक्षिण भारतबाट चारजना भट्ट ब्राम्हणहरू बोलाइकन पूजारी बनाएका थिए।[१९] अद्यावधि तिनैका वंशज पशुपतिनाथका मूलपुजारी रहीआएका छन्।

**उपसंहार** :

यसप्रकार माथि उल्लेखित तथ्यहरूका आधारमा राजा यक्षमल्ल कुशल प्रशासक, साहसी र पराक्रमी योद्धा तथा महान् विजेता भएको कुरा पुष्टि हुन्छ। यद्यपि पहाडी धरातल, नदीनाला, आवागमनको असुविधा, आन्तरिक राजनीतिक कलह आदि कारणले गर्दा विजित प्रदेशमाथि केन्द्रको नियन्त्रण पछिसम्म कायम रहिरहेन, तर त्यसोभएता पनि आफ्नो जीवनको एउटा कालखण्डमा उनले विजय अभियान संचालन गरी विभिन्न प्रदेशहरू विजय गरेका थिए भन्ने कुरा सत्य सावित हुन्छ। यसका अतिरिक्त उनी धर्मकर्ममा आस्था राख्ने, कलाप्रेमी राजा पनि थिए भन्ने कुरा ऐतिहासिक सामग्रीहरूमा उल्लेख पाइन्छ । यसैकारण उनले ठाउँ–ठाउँमा स्थापना गरेका अनेक देवीदेवता तथा मन्दिरहरू मध्ये धेरैजसो अद्यावधि देख्न पाइएका छन्। उनी संगठित नेपाल उपत्यका राज्य अर्थात् नेपालमण्डलका अन्तिम शासक थिए। लगभग ५२ वर्ष सम्मको राज्य भोग पश्चात् ने. सं. ६०२ (वि. सं. १५३८) माघमा उनको मृत्यु भयो। उनको मृत्युपश्चात् नेपाल उपत्यका राजनीतिक रूपमा विखण्डित हुनपुग्यो।

**पाद टिपोट**

१) धनवज्र वज्राचार्य (सं.),इतिहास संशोधनको प्रमाण प्रमेय पहिलो भाग, ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०१९,पृ. ४२।

२) ने. सं. ५१५ (वि.सं. १४५२) भाद्र कृष्ण षष्ठी आदित्यबारका दिन मध्यान्ह राजा स्थितिमल्ल स्वर्गे हुनुभयो। प्रजाहरूमा हाहाकार र शोक फैलियो। ऐजन, पृ. १५३।

३) शंकरमान राजवंशी, यक्षमल्लको समयका निश्चित् तिथिमितिहरू, पूर्णिमा–अंक ७, ८, ९ र १०।

४) यक्षमल्लका वंशज जगज्योतिर्मल्लले वि.सं. १६७४ मा बनाएको नरपति जयचर्चा स्वरोदय टीकामा यक्षमल्लको यस्तो वर्णन परेको छ – संसारमा प्रसिद्ध रघुकुलमा दानी, चोखो मन भएका, प्रसिद्ध राजा जययक्षमल्ल हुनुभयो, जसले मिथिला राज्य जित्नुभयो, जो मगध गया जानुभयो, जसले पहाडी राजालाई जितेर नेपाललाई अकण्टक बनाउनु भयो।..... पूर्वमा बंगाल, दक्षिणमा गंगा, पश्चिममा गोरखा र पाल्पा, उत्तरमा सातदिनको बाटो परसम्मको जमीनसम्म बाहुबलले साँधलाई अम्बल गरी जो ठूला योद्धाका रूपमा रमाइरहनु भएको थियो। –शंकरमान राजवंशी 'यक्षमल्लको समयका निश्चित् संवत र तिथिमिथिहरू' पूर्णिमा–अंक १०, पृ. २१–२२।

५) विलियम कर्कपेट्रिक, एन एकाउन्ट अफ दि किङ्दम अफ निपौल, न्यू दिल्लीः मन्जुश्री पब्लिसिंग हाउस, ई.सं. १९६९(पुनःमुद्रित), पृ.सं. २६६।

६) डिल्लीरमण रेग्मी, मिडियभल नेपाल, प्रथम भाग, कलकताः के.एल. मुखोपाध्याय, ई.सं. १९६६, पृ. ४४४–४६।

७) सूर्यविक्रम ज्ञवाली, नेपाल उपत्यकाको मल्लकालीन इतिहास, काठमाडौंः रोयल नेपाल एकेडेमी, वि.सं. २०१९, पृ. ९०।

८) धनवज्र वज्राचार्य, "कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा", भीमप्रसाद श्रेष्ठ(सं.), कर्णाली प्रदेश एक बिटो अध्ययन, काठमाडौंः वि.सं. २०२८, पृ.सं. ४२–४४।

९) धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, दोलखाको ऐतिहासिक रूपरेखा, काठमाडौंः ने. ए. अ. केन्द्र त्रिवि, वि.सं. २०३१, पृ.२१।

१०) डिल्लीरमण रेग्मी, मिडिएभल नेपाल तेसो भाग, कलकताः के. एल. मुखोपाध्याय, ई.सं. १९६६, पृ.७२–७३।

११) वज्राचार्य र श्रेष्ठ, पा.टि.नं.९, पृ.२१–२२।

१२) ऐजन, पृ.२२।

१३) –(क) भक्तपुर राजदरबारको बाहिरी भित्तामा यक्षमल्लको वि.सं. १५१० श्रावण २२ गते शुक्रबारको एउटा शिलालेख रहेको छ। त्यसबाट यस विषयमा निक्कै प्रकाश पार्छ। जस्तोकि यक्षमल्लले भक्तपुरका बासिन्दाको सहयोगले जम्मै भक्तपुर शहरलाई एउटा ठूलो गढको रूपमा परिणत गरे। जसअनुसार सो गढको सबभन्दा बाहिरी घेरामा खाइ बनाइएको थियो। त्यसभन्दा भित्रपट्टि पर्खालले चारैतिरबाट शहरलाई घेरिएको थियो। शहर भित्र पस्न ठाउँ–ठाउँमा ढोकाहरू बनाइएका थिए, त्यहाँ किल्ला बनाइएका थिए। शहर पस्ने बाटाहरू कहीं उकालो चढी जानुपर्ने, कहीं ओरालो लागी जानुपर्ने गरी बनाइएका थिए। यस गढको रक्षाको लागि भक्तपुरका सारा बासिन्दाहरूले अनिवार्य रूपमा केही कर्तब्य पूरा गर्नुपर्थ्यो। सो पूरा नगरे राजदण्ड लाग्थ्यो। प्रत्येक शहरवासीले आ–आफ्नो टोलको नजिक ईलाकाको गढको भागको रक्षाका लागि सावधान भएर रहनुपर्थ्यो। आफ्नो इलाकाको खाइ पुरियो भने सफा गर्नुपर्थ्यो। पर्खाल भत्कियो भने बनाउनु पर्थ्यो। प्रत्येक लंक्वाठ (ढोकाका किल्ला) मा क्वाठनायक (किल्ला नाइके) नियुक्त गरिएका हुन्थे। किल्लाको रक्षाको भार क्वाठनायकमाथि रहन्थ्यो। किल्लाको छाना वा अरु भाग टुटफुट भयो भने क्वाठनायकले जनताको सहायताले मर्मत गरी किल्ला मजबुत पारेर राख्नुपर्थ्यो। खाइ पुरियो भने सफा गर्ने, पर्खालको मर्मत गर्ने आदि कामहरू सिठी नखः (जेष्ठ शुक्ल षष्ठी) को दिनसम्ममा पूरा गर्नुपर्थ्यो। वर्षादपछि मर्मतको काममा बाधा पर्न सक्ने हुनाले त्यसभन्दा पहिले नै यो काम पूरा गर्नका लागि यो ब्यवस्था गरिएको बुझिन्छ। सिठीको भोलिपल्ट यसको परीक्षा गरिन्थ्यो। केही गरी मर्मतको काम पूरा नभएको ठहरिए तत्तत् ईलाकाका किल्ला नाइकेहरूलाई १२ द्रम्म दण्ड गर्ने ब्यवस्था थियो। वर्षाद सिध्दिएपछि महालक्ष्मी धर्म विसर्जनको दिन (आश्विन कृष्ण

तपाईंको भान्छा

# स्ट्रबेरीका फाइदा

स्ट्रबेरीका फाइदाहरू धेरै छन् । स्ट्रबेरी यौन शक्ति बढाउने सबैभन्दा राम्रो फल मानिन्छ । स्ट्रबेरीमा एन्टिअक्सिडेन्ट र एन्टी इन्फामेटरी तत्व हुन्छ जसले क्यान्सरसँग लड्न मद्दत गर्छ । यो आँखाका लागि फाइदाजनक हुन्छ । स्ट्रबेरी भिटामिन सी को महत्त्वपूर्ण स्रोत हो । १०० ग्राम स्ट्रबेरीमा ३२ क्यालोरी प्राप्त हुन्छ । यसले चाउरीपना कम गर्छ र अनुहारमा चमक पनि ल्याउँछ । सेक्स र सुन्दरताका लागि स्ट्रबेरी निकै उत्कृष्ठ मानिन्छ । यसले मुटु रोगबाट पनि बचाउँछ । यसले रगतमा नराम्रो कालेस्टेरोल कम गर्छ । स्ट्रबेरीले जोर्नी दुखेको कम गर्छ । यसले रक्तचाप नियन्त्रण गर्न पनि मद्दत गर्छ । स्ट्रबेरीमा फाइबरको मात्रा पनि बढी हुन्छ ।

'स्वास्थ्य खवरपत्रिका' बाट

चिनियाँ नीतिकथा

# चलाख स्याल

सिकार खेल्न निस्केको एउटा बाघले स्याललाई समात्यो । स्यालले भन्यो, 'तिमीले मलाई खान हुँदैन । किनकि देवताले मलाई पशुहरूको राजा नियुक्त गरेको छ । मलाई खायौ भने देवता रिसाउने छन् । मेरो कुरा पत्याउन्नौ भने मेरा पछिपछि आऊ । म पशुहरूको राजा हुँ कि होइन तिमीले थाहा पाइहाल्नेछौ ।'

स्यालको कुरा ठिक हो कि होइन भनी बुझ्न बाघ स्यालको पछिपछि बनमा गयो । बनका पशुहरू बाघलाई देखेर कोही भागे कोही लुके । तर बाघले स्याल राजा भएको हुनाले ऊसँग डराएर पशुहरू भागेको ठान्यो ।

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

अष्टमीको दिन) गढ पर्खालको परिक्षा गरिन्थ्यो । कसैले यो गढको कुनै भाग विगार्न खोज्यो भने त्यसलाई ९ द्रम्म राजदण्ड लाग्थ्यो । यस गढको ढुंगा, इँट, काठ आदि झिकेर लियो भने त्यसलाई प्रत्येक टुक्रा काठ, इँटको १, १ द्रम्मको दरले दण्ड गरिन्थ्यो ।– धनवज्र वज्राचार्य 'मध्यकालमा देशरक्षाको ब्यवस्था र त्यसप्रति प्रजाको कर्तब्य' पूर्णिमा वर्ष १, अङ्क २, पृ. २२–२३ ।

–(ख) श्री श्री जययक्षमल्लदेव प्रभु ठाकुरको विजय राज्यमा श्री भक्तपुरमा खाई गड प्राकार (गढको पर्खाल), लांक्वठ (ढोकाका किल्ला)हरू बनाइए । भक्तपुरका बासिन्दाले धेरै कष्ट सहीकन, पैसा खर्च गरिकन, धेरै काल लाइकन सो गड (किल्ला) बनाएका हुन् । ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र चारै जात आदिले मन लाइकन काठको भारी, ईटको भारी, माटोको भारी आफै आफैले बोकी शरीरले कष्ट गरिकन यो गढ बनाइएको हो । ...... भक्तपुर शहरमा बस्ने श्री श्री राजा भारदार प्रजा साराले,....यसको हेरविचार गर्नुपर्छ.....ने.सं. ५७३ (वि.सं. १५१०) श्रावण शुक्ल पूर्णिमा शुक्रबार श्रावण नक्षत्र आयुष्मान योगको दिन श्री श्री जययक्षमल्लदेव प्रभु ठाकुरले पर्खाल आदि किल्ला आरम्भ गर्नुभयो । –रेग्मी, पा.टि.नं. ६, पृ.७३–७६ ।

१४) ज्ञानमणि नेपाल, पूर्वमध्यकालीन नेपालको इतिहास, काठमाडौंः नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. ...,पृ.सं. २४७ –४८ ।

१५) –क) सूर्यवंशमा पैदा भएका ठूला प्रतापले पृथ्वीमा प्रख्यात भएका नेपाल मण्डलका राजाधिराज जययक्षमल्लका शत्रुहरू नाश होउन् । उहाँका छोरा राजकुमारहरू जेठा श्री राय, रत्न, गुणी रण, राम, धर्मात्मा प्रख्यात भएका अरि, कान्छा पूर्णमल्लदेव हुनुहुन्छ । महादेवको निगाहबाट उहाँहरूका शत्रुहरू नाश होउन्– वि.सं. १५२७ माघ ५ गते बुधबारको यक्षमल्लको पालाको पशुपति अभिलेख । –शंकरमान राजवंशी, 'यक्ष मल्लको समयका निश्चित संवत र तिथिमितिहरू' पूर्णिमा –९, पृ.सं. १५ ।

– ख) रेग्मी, पा.टि.नं. १०, पृ. ८०–८२ ।


१६) –क) श्री राजाधिराज परमेस्वर परमभट्टारक श्री नेपालेस्वरको समूहमा श्रेष्ठ भएका श्री लक्ष्मीनारायणको अवतार भएका श्री श्री जय यक्षमल्ल देवले दिवंगत छोरा जयराजमल्लदेवकुमारको निमित्त श्री श्री नारायणको मन्दिरको जग हाल्नुदेखि ध्वजा चढाउनुसम्मका सबै काम गर्नु भयो । दिवंगत छोरा जयराजमल्ल देवकुमारको शरीर जत्रै सुनको नारायण मूर्ति बनाई स्थापना गरियो । फेरि षडदर्शन पढेकालाई बस्न सत्तल, अग्निशाला, कूवा, असल भान्साघर, टुटेधारा बनाइदिए ।....ने.सं. ५८८ (वि. सं. १५२४) कार्तिक कृष्ण द्वितीया शुक्रबार ।–शंकरमान राजवंशी 'यक्षमल्लको समयका निश्चित् संवत र तिथिमितिहरू' पूर्णिमा –९, पृ.सं. १४ ।

– ख) रेग्मी, पा.टि.नं. १०, पृ. ८२–८५ ।

१७) लीलाभक्त मुनकर्मी, नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन, भक्तपुरः भवानीकेशरी, वि.सं. २०४१, पृ.सं. १४० ।

१८) (केशर पुस्तकालयमा रहेको सुमति सिद्धान्त टीका पुस्तकबाट टिपिएको वाक्य) – राजवंशी, पा.टि.नं. ४, पृ. १९ ।

१९) मुनंकर्मी, पा.टि.नं. १७, पृ. १४०–४१ ।




**Henry Ambrose Oldfield's**

# SKETCHES FROM NIPAL 22

We crossed and recrossed the Rapti three or four times, in some of the fords the water coming up nearly to the elephants' bellies ; and at about eight miles from Hetowara came upon a little temporary village, called Dardara, consisting of about twenty huts formed of grass and bamboo, in which reside a few of the natives of the Terai, and others who are in attendance on the crowds of cattle which come in thousands from all parts of India to pasture in the Terai.

We passed Dardara and encamped, about one mile beyond it, on an open spot on the left bank of the river. The tents and traps were late in coming up. The sepoys in camp, immediately they arrived, set to work at building, first for the big- wigs, myself included, and afterwards for themselves, small temporary huts, which they quickly constructed of strong sticks and stakes stuck into the ground, and then boughs, with leaves on them, interwoven upon and between them. They made them generally three-sided, with roof, and open only on one side. Of course these would not protect against heavy rains, but they answer capitally against the cold and the dew. A range of them, in about half an hour, were constructed on my piece of ground, in which I put my servants, &c.

21st December.—Before daybreak the camp was awake and preparing to start. On joining the rendezvous in front of Jang's tent, I found an immense fire, round which Jang and his brethren were standing, the King on an elephant being also present.

About a mile from our encamping-ground we crossed the river, and, quitting the valley of the Rapti, directed our course through some low ground, covered with tremendous grass-jungle for three or four miles, when we came down on another stream, the Manhauri, which, rising among the hills to the north, follows a long and winding course, and at last falls into the Rapti near Chitaun. The stream is a considerable one ; in some places its channel is upwards of one hundred yards wide; in others, where the channel is narrowed by rocks or adjacent hills, the stream is strong and the volume of water considerable. Like all these mountain streams, its bed is rocky and the water brilliantly clear ; immense boulders lie about in all directions, indicating the power of the torrent when swollen by the rains. The hills on either side are richly covered with thick jungle, and there was no trace visible of any attempt at cultivation ; all was wild, grand, and very picturesque.

We followed up the course of this stream for five or six miles, fording it frequently ; occasionally, where the river made an abrupt bend, cutting across the little promontories, so as to save distance, but never leaving the bed of the river for any time. We saw no game of any sort save a few wild ducks. The ground was so rough and stony that our progress was but slow. About noon we arrived at the ground where it was proposed we should halt for three or four days in order to catch the elephants of which intelligence had been brought to Jang that they were in the immediate neighbourhood. The river here, after bending abruptly round the base of a small but almost precipitously conical rocky hill about one hundred feet high, emerged by a narrow channel through a sort of gorge, on one side of which the rock was quite precipitous, to the water's edge ; on the other was the aforesaid little steep hill, its sides sloping very steeply down to the river.

**(To be continued)**

# तस्बिरमा केही गतिविधि


प्रमुख सुनिल प्रजापतिबाट वडा नं. १ को भवन शिलान्यास








प्रमुख प्रजापति चिनियाँ भाषाको तालिम उद्घाटन गर्नुहुँदै



प्रमुख प्रजापतिलगायत वडा नं. ८ को निर्माणाधिन पाटीको स्थलगत निरीक्षण गर्नुहुँदै

# नेपालको संविधान २०७२ (२९)

## भाग – २२

## महालेखा परीक्षक

२४०. **महालेखा परीक्षक :** (१) नेपालमा एक महालेखा परीक्षक हुनेछ ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्नेछ ।

(३) महालेखा परीक्षकको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ ।

(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा महालेखा परीक्षकको पद रिक्त हुनेछ :–

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजको विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

(५) उपधारा (२) बमोजिम नियुक्त महालेखा परीक्षकको पुनः नियुक्ति हुन सक्ने छैन ।

(६) देहायको योग्यता भएको व्यक्ति महालेखा परीक्षकको पदमा नियुक्तिका लागि योग्य हुनेछ :–

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा लेखामा स्नातक उपाधि प्राप्त गरी वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा काम गरेको वा लेखा परीक्षण सम्बन्धी काममा कम्तीमा बीस वर्ष अनुभव प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) पैंतालिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र भएको ।

(७) महालेखा परीक्षकको पारिश्रमिक र सेवाका शर्त संघीय कानून बमोजिम हुनेछ । महालेखा परीक्षक आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

(८) महालेखा परीक्षक भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्‍य हुने छैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

२४१. **महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार :** (१) राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुनेछ ।

(२) पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखा परीक्षकसँग परामर्श गरिनेछ । त्यस्तो संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्बन्धमा महालेखा परीक्षकले आवश्यक निर्देशन दिन सक्नेछ ।


(३) महालेखा परीक्षकलाई उपधारा (१) बमोजिमको कामका लागि लेखा सम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ । महालेखा परीक्षक वा त्यसका कुनै कर्मचारीले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

(४) उपधारा (१) बमोजिम लेखापरीक्षण गरिने लेखा संघीय कानून बमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राखिनेछ ।

(५) उपधारा (१) मा उल्लेख भएका कार्यालयहरूको लेखाका अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको महालेखा परीक्षकबाट लेखापरीक्षण गर्नु पर्ने गरी संघीय कानून बमोजिम व्यवस्था गर्न सकिनेछ ।

(क्रमशः)

# आ.व. २०७४/७५ माघ महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □गैर सार्क | ३४१ | १७६ | २७३ | २२६ | १९९ | २३५ | ३०२ | ३३२ | १०७ | १७८ | २४० | २११ | २४७ | २१७ | २०४ | २५६ | १९३ | २६२ | २३९ | २०० | २४५ | १७९ | २२५ | १५० | २४२ | २६७ | ३५७ | २५१ | २४४ |
| ■सार्क तथा चिनियाँ | २८० | ९९ | ११९ | १६६ | ३३३ | १७४ | १३७ | ३५९ | २१७ | ६८ | ३०८ | २९० | ३९८ | २४३ | २९३ | १९२ | २०४ | २३६ | ३८४ | २९२ | २३० | ३३५ | २६० | २२७ | ४४० | ४०५ | ३६५ | २६८ | २८४ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७४ माघ | ६,७९८ | ७,६०६ | १४,४०४ |
| २०७३ माघ | ६,२४९ | ६,२६७ | १२,५१६ |
| प्रगति | ५४९ (८.७८%) | १,३३९ (२१.३६%) | १,८८८ (१५.०८%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादककाे पृष्ठ

# भक्तपुर नपाको द्रुततर क्रियाशिलता

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूले बहाली गरेको ९ महिना पुग्दैछ । झन्डै दुई दसक गुम्सिएको नगरको आवश्यकता र नगरवासीको अपेक्षा पूरा गर्न जनप्रतिनिधिहरूको तदारुकता र व्यस्तताले नगरपालिका नगरवासीको संस्था सावित गरेको छ ।

नगरपालिकाले ऐन–नियमअनुसार गर्नुपर्ने दैनिक र आवधिक कार्यहरू गर्दै निर्वाचनको बेला जारी गरेको घोषणापत्रका वाचाहरू पूरा गर्न जनप्रतिनिधिहरू प्रतिवद्ध र सक्रिय देखिएका छन् । यसले मतदाताहरू आफ्नो मतको सदुपयोग भएकोमा सन्तुष्ट देखिएका छन् ।

नगरपालिका भर्खरै अन्तर नगर मेयर कप पुरुष भलिबल प्रतियोगिता सम्पन्न गरेको छ । छोटो समयमै आयोजित यस प्रतियोगितामा २१ नपाहरूले सहभागिता जनाए पनि १९ नपाका टोलीले प्रतिस्पर्धा गरेका थिए ।

२०४६ सालको जनआन्दोलनमा वीरगति प्राप्त गर्ने अमर शहीदहरूको सम्मानमा फागुन ३ देखि ८ गते सम्म प्रतियोगिता सञ्चालन भयो । भक्तपुर नपाद्वारा राष्ट्रिय खेल भलिबल प्रतियोगिता आयोजना गरेकोमा खेलक्षेत्रबाट मुक्त कण्ठले प्रशंसा भएको छ । खेल प्रतियोगिता जीत्न र मनोरञ्जनको लागि मात्र होइन अनुशासन, जागरुकता र मित्रताको लागि पनि हो । देशको आवश्यकता र समयको मागले खेलकुदको उद्देश्य व्यापक हुन पुगेको छ । राष्ट्रियता, स्वतन्त्रता र स्वाधीनताको रक्षाको लागि खेलकुदको माध्यमबाट खेलाडीहरूलाई उत्प्रेरित, उत्साहित र सचेत बनाउनु पनि खेल प्रतियोगिताको उद्देश्य बनाउनु आवश्यक देखिएको छ । यिनै उद्देश्यका साथ भक्तपुर नपाले खेलकुद प्रतियोगिता सफलतासाथ सम्पन्न गरेको छ ।

जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रलाई आफ्नो मार्ग निर्देशन बताउँदै आएको धरातलीय यथार्थमा यस अघि नगरव्यापी विद्यालयस्तरीय विभिन्न आठ खेलको प्रतियोगिता सम्पन्न गरेको थियो । त्यस्तै गाईजात्रा २०७४ मा सांस्कृतिक विधाहरूको प्रतियोगिता र नगरव्यापी बाँसुरी बाजा प्रतियोगिता सम्पन्न गरेको यहाँ स्मरणीय छ । दैनिक सफाइ कार्यबाहेक हरेक महिनाको १ गते र १५ गते पाक्षिक सरसफाइ आभियान सञ्चालन गर्दै आएको छ ।

यसरी नगरपालिका नगरवासीको संस्थाको नारालाई नगरवासीलाई व्यवहारमा अनुभूत गराउन घोषणापत्रका वाचाहरू पूरा गर्न नगरपालिकाको द्रुततर क्रियाशीलताले निरन्तरता पाउने आशा र अपेक्षा सर्वत्र गरिएको छ ।